

सृष्टि र संस्कार

कृष्ण हरि मैनाली

१·३८
२८४ सृ

सृष्टि र संस्कार

लेखक

कृष्ण हरि मैनाली

२६१.३८
मै २८४ स्

दिल्ली रमण रेग्मी कल्याणी रेग्मी स्मारक पुस्तकालय
Dilli Raman Regmi Kalyani Regmi Memorial Library
S.NO 703
Kathmandu, Nepal
काठमाण्डौं, नेपाल

प्रकाशक : श्रीमती नीर्मला मैनाली

लेखक : कृष्ण हरि मैनाली

नयाँ बानेश्वर, काठमाडौं

फोन : ४४ ९७ ५६७

सर्वाधिकार : लेखकमा सुरक्षित

मूल्य : रू. २००/-

प्रकाशन मिति : वि.सं. २०६१ साल

मुद्रण : कला प्रिन्टिङ्ग प्रेस, पुतलीसडक, फोन: ४२४४८९६, ४२४२९८४

सप्रेम उपहार

श्री डा. ललितरमण कल्याणी ट्रस्ट
प्रतिष्ठान, कालिमाटी
काठमाडौं, नेपाल।

कृष्णहरि मैनाली
बागेश्वर, काठमाडौं
नेपाल।
२०६५।४।५

नेपाल अधिराज्य

Raj Parishad (State Council)

Dr. Swami Prapannacharya
Member, Raj Parishad Standing Committee
Phone : 225578 (O), 471528 (R)
Fax : 226982
Mrigasthali, Kathmandu, Nepal.

डा. स्वामी प्रपन्नाचार्य
सदस्य, राजपरिषद् स्थायी समिति
_फोन : २२५५७८ (का.), ४७१५२८ (नि.)_
_फ्याक्स : २२६९८२_
_मृगस्थली, काठमाडौं, नेपाल_

Date : २७।०४।२०६९
मिति :

मेरो शुभकामना

प्रियवर कृष्ण हरि मैनाली लिखित "**सृष्टि र संस्कार**" भन्ने लघु ग्रन्थको विहङ्गम दृष्टिले अवलोकन गरें । सर्सर्ति हेर्दा कृष्ण हरिको कलम पाश्चात्यहरुको जीवसृष्टि माथि दगुरेको पाएं । तर पछि पौरस्त्य मत प्रतिपादन गरेको हुनाले आलोच्य विषय माथि उत्तरपक्ष प्रष्टरुपमा देखिन्छ । आजको सबै विज्ञान अधुरा छन् भन्ने कुरा प्रयोगहरुबाट प्रष्टै बुझिएको छ । विज्ञानले नै सबैकुरा जानेको हुँदैन ।

विज्ञानले नजानेका विषय संसारमा धेरै छन् । होइन भने संसारै विज्ञानमय छ भन्न कर लाग्ने छ । त्यसो हो भने प्राचीन विज्ञानका सामने आधुनिक विज्ञान अधुरा छन् भन्दा अत्युक्ति मान्नु पर्ने ठाउँ देखिदैन । कृष्ण हरिजीले सबै विषयहरुको घटक गरेर सनातन बैदिक हिन्दूधर्ममा प्रचलित संस्कारहरुका पनि उल्लेख गरेका छन् ।

युग कालगणना आदि बिषयहरु आलोच्य र मनन योग्य छन् । यी सबै विषय समावेश गरेर लेख्ने काम निक्कै हन्मे विषय हो । यी विषयहरुलाई जस्केलोबाट चियाएर अड्कल काटिहाल्न मिल्दैन । घोरिन र घोत्लिनु पर्ने हुन्छ । अन्तमा लेखकको परिश्रमलाई हार्दिक शुभकामना छ । जसको परिश्रम र जांगरले ग्रन्थ तैयार भयो । फेरि पनि हर्दिक शुभकामना छ । तमसो मा ज्योतिर्गमय ।

प्रपन्नाचार्य

शुभकामना

ईश्वर र देवता, जीवात्मा र परमात्मा, धर्ती र आकाश, सृष्टि र संस्कार जस्ता विषय बुद्धिजीवी एवं चिन्तकहरुका लागि निरन्तर अध्ययन अनुशीलनका सामग्री बन्दै आएका छन् । यसै क्रममा श्री कृष्ण हरि मैनालीजीले **"सृष्टि र संस्कार"** शीर्षकमा आफ्ना अवधारणा प्रस्तुत गर्नुभएको छ ।

हाम्रा अगाडि विशाल वाङ्मय छ, अनन्त परम्पराहरु छन्, असंख्य चिन्तक-विचारकहरु विद्यमान छन् तर चिन्तनको प्रवाह अजस्र बगिरहेको छ । शैलीमा, सोचाइमा, तहमा, कोणमा भिन्नताहरु छन् परन्तु सबैको गन्तव्य र प्राप्रव्य एकै छ – पारमार्थिक सत्ताको बोध । भनिएको छ :

"नृणामेको गम्यस्त्वमसि पयासमर्णव इंव ।"

"सृष्टि र संस्कार" का रचयितासंग विद्वान्हरुको राय पुरापुर नमिल्न सक्छ तर सोचाइको सराहना सबैबाट हुनेछ । कृष्ण हरिजीको प्रयास सार्थक बनोस् । जीवन र जगत्‌को रहस्य खोतल्ने विषयमा उहाँको क्रियाशीलता बढ्दै जाओस् । रचना परिष्कार थपिंदै जाओस् । सत्कर्मका निमित्त उहाँलाई भगवान्‌बाट शक्ति र प्रेरणा प्राप्त हुँदै जाओस् । **"सृष्टि र संस्कार"** का रचयिता कृष्ण हरि मैनाली प्रति म यही शुभकामना व्यक्त गर्न चाहन्छु ।

डा माधव भट्टराई

अनामनगर, काठमाडौं ।

दिनाङ्क . २०६१/४/२५

डा. माधव भट्टराई

नायब बडागुरुज्यू

शुभकामना

सृष्टिस्थितिविनाशानां शक्तिभूते सनातनि
गुणाश्रये गुणमये नारायणि नमोऽस्तुते ।

जहाँ जे जस्तो छ जसरी छ उसैको (नियन्ता) ईश्वरको इच्छा र लीलामा निर्भर छ । जुन भाव र आशयमा यो पूस्तक प्रस्तुत गर्न मैनालीजीलाई जसबाट प्रेरणा प्राप्त भयो म उनै सिद्धिदाता गजानन विद्या र बुद्धिका स्वामीसंग प्रार्थना गर्दछु की यो मानव समुदायको हित र कल्याणमा सनातन दर्शनको उपादेयताले केही टेवा दिन सकोस् । यही हृदयदेखि आशिर्वाद र अग्रिम शुभ-कामना यस अर्थमा दिन चाहन्छु की कलम रूपी साहित्यीक प्रवाह अविरल वहिरहोस् ।

पुनः सृजित साहित्य सनातनको दियो प्रकाशित कहिल्यै नअस्ताउँने प्रकाश बनेर जगमगाइरहोस् ।

जयमाता विन्ध्यवासिनी ।

जगदाचार्य नेपालीबाबा
(पं. तेजनाथ शर्मा)
संस्थापक
श्री विन्ध्यवासिनी आध्यात्मिक संघ
रातोपुल ज्ञानेश्वर, काठमांडौं

मिति २०६१।४।२२

मङ्गलमय शुभकामना

नवसृजनामार्ग नयाँ बानेश्वर निवासी ग्रन्थकार श्री कृष्ण हरि मैनालीज्यू लब्धप्रतिष्ठ बिचारक तथा समाजसेवी हुनुहुन्छ । मानवीय जीवन सम्बन्धी उहाँका चिन्तनहरु उच्चकोटिका छन् । हाम्रा आराध्यदेवता गणेश, लक्ष्मी र सरस्वतीको नमस्कारात्मक मङ्गलाचरणपूर्वक अध्ययन र अनुभवको आधारमा तयार गरिएको यस चिन्तन संग्रहमा मानवजीवनको दार्शनिक विश्लेषण र कर्तब्यनिर्देश प्रस्तुत गरिएको छ । मानवजीवनको विकासक्रम र उपयोगिता के हो र यसको पूर्ण सफलताको लागि शास्त्रहरुमा के कस्तो निर्देशन छ भन्ने बिषयमा विस्तृत अध्ययन गरेर तर्कपूर्ण प्रमाणहरु प्रस्तुत गरी आफ्ना उर्वर विचार सरणीलाई सरलभाषामा पठनीय बनाएर प्रस्तुत गर्नु नै यस चिन्तन संग्रहको मुख्य विशेषता हो ।

ग्रन्थकार मैनालीज्यूको विश्लेषणशक्ति उच्च छ । उहाँको चिन्तन अनुसार मन, इन्द्रिय वा पञ्चतत्वरुप गणका अधिपति नै गणपति हुन् । उनको वाहन मूसो रजोगुणको प्रतीक हो र सत्वगुणको प्राप्तिको लागि यसको दमन आवश्यक हुन्छ । गणपतिका हातमा रहेको कमण्डलु त्यागको प्रतीक हो र माला ईश्वरपरायणताको । त्यसरी नै लड्डू ईश्वर प्राप्ति वा मोक्षको प्रतीक हो र अङ्कुश पापीहरुलाई दिइने सजायको । यसरी मङ्गलाचरणमा व्याख्या गरिएका गणपति साधनामय मानवजीवनका अभिन्न अङ्ग मानिएका छन् ।

मानिस सृष्टिको सर्बोच्च बौद्धिक प्राणी हो र यसका अगाडी सूर्य, चन्द्र, तारागण आदि अनन्त अध्ययनस्रोतहरु छन् । यसप्रकारका मानवसमुदायले सम्पूर्ण विश्वरचनाका दृश्यहरुलाई ज्ञान र विज्ञानका दुबै आँखा खोलेंर अध्ययन गरिरहेको छ । ग्रन्थकार मैनालीज्यूले पनि यस बिचार संग्रहमा मानवजीवन सम्बन्धी ज्ञान र विज्ञानका दुबै दुष्टिकोणकौ समीक्षा गरी स्वीकारयोग्य ज्ञानमार्गको आवश्यकता देखाउनु भएको छ । पाश्चात्यदर्शनमा आधारित विकासवादी सिद्धान्त र पूर्वीय दर्शनमा आधारित अध्यात्मवादी सिद्धान्त अनुसार सृष्टि र मानव

अस्तित्वको परीक्षण गर्दै ग्रन्थकार मैनालीज्यूले बेद, उपनिषद र पुराण आदि धर्मग्रन्थहरुको आधारमा संस्कारशुद्ध मानिस मात्र ज्ञानको ज्योतिमा परिणत हुन सक्छ भन्ने सिद्धान्तको स्थापना गर्नु भएको छ। साथै मैनालीज्यूले प्रतिदिन संसारमा जरा गाड्दै फैलिएको नास्तिक दर्शनको तर्कपूर्ण खण्डन गर्दै मानवजीवनको लागि अत्यावश्यक आस्तिक दर्शनको स्थापना र आवश्यक चरित्र निर्माणमा जोड दिनु भएको छ।

यसरी मानवजीवनको मूल्य, उपयोगिता र कर्तब्यनिर्देशको पाठ सिकाउँदै ग्रन्थ अध्यात्मवादी र भौतिकबादी दुबै दर्शनहरुको समन्वयात्मक अध्ययनको लागि उपयुक्त हुन गएको छ।

भौतिकरुपमा प्राणीमात्रको शरीर हाड, छाला, मासु र रगतको यौटा पुञ्जमात्र हो। धार्मिक वा आस्तिक दृष्टि बिना मानवशरीरको पनि कुनै महत्व छैन। यसभित्र रहेका चर्मचक्षुले सृष्टि भित्रका प्रत्यक्षवस्तुलाई मात्र देख्छ। सृष्टिभित्रका अप्रत्यक्ष वा अमूर्त वस्तुहरुलाई देख्ने मानिसको गुप्त आँखो भने शास्त्र नै हो। यस ग्रन्थका शास्त्रले देखाएको कार्य र अकार्यको बाटोको उल्लेख भएको छ। असत्य बाटो छोडेर सत्य बाटो तर्फ लाग्न निर्देशन दिने यो ग्रन्थ सानो भएर पनि महत्वपूर्ण छ। संस्कारमय जीवनको व्याख्या गरेर मानिसका कर्तब्यमय जीवनको निर्देशन गर्ने यस ग्रन्थका विचारहरु हत्या र हिंसाग्रस्त वर्तमान समयका लागि अनुकरणीय छन्।

अन्त्यमा विजया दशमी २०६१ को साङ्गीतिक वातावरणको आगमनसंगै उपस्थित भएको यो चिन्तनसंग्रहले बैचारिक जटिलता हटाएर नगर तथा गाउँवासीका मानसकुञ्जहरुलाई आध्यात्मिकवादले झंकृत पारोस। यस्तै दार्शनिक गम्भीरतासंगै भावी विचारप्रस्तुति अझ सुमधुर बन्दै जाओस् भन्ने आशाका साथ लेखक मैनालीज्यूमा हार्दिक मङ्गलमय शुभकामना छ।

डा. टीकाराम अधिकारी
प्राध्यापक

वि.सं. : २०६१/०५/०५
नवसृजनामार्ग, नयाँबानेश्वर

शुभकामना

ग्रन्थकार श्री कृष्ण हरि मैनालीजीले मेहनत र परिश्रमबाट तयार गर्नुभएको यस **"सृष्टि र संस्कार"** नामक ग्रन्थबाट उत्पत्ति, विकास र संस्कार सम्बन्धमा जान्न बुझ्न र मनन गर्नेहरुकालागि धेरै उपयोगी हितकारी रहन जाला भन्ने विश्वास गरेको छु। यस्ता अन्य उपयोगी ग्रन्थहरु सृजना भइरहोस् भन्ने कामना गर्दछु।

हे मङ्गल पाउ जननी।
वीणा स्फटिक धारिणी॥
यो पुस्तक मयूरझैं तिम्रो।
वनोस् पृय सधैंभरी॥

पं. देवी प्रसाद कोइराला
२०६१/५/०५

भन्नु पर्ने केही कुरा...

मेरो सृष्टि किन हुन गयो ? म किन उपस्थिति हुन गएको छु ? मेरो गन्तव्य कसरी कुन कुन तवरले हुनेछ ? यी विषय बुझ्न खोज्नु र जान्न खोज्नु नै यी माथि उल्लेख गरिएका विषयहरुका बारेमा जानकारी पाउन सक्ने सुगम र यथार्थपरक मार्ग हुन जाने छ । सृष्टिका सम्बन्धमा भिन्न भिन्न मतहरु र तर्कहरु देखिई सुनिदै आइरहेतापनि हामी सबैले मानिइँदै आइरहेका व्रम्हाण्ड लोकहरुलाई सबैले स्वीकार गरेको अवस्थामा आज पाइरहेका छौं । यिनै लोकभित्र हाम्रो आधारस्तम्भ पृथ्वीको उपस्थिति भएको हो भन्ने विषय सम्बन्धमा अब प्रश्न गरिरहनु पर्ने स्थिति आजको अवस्थामा देखिँदैन । उपस्थिति हुन गएका सबै वस्तुहरुको प्रयोग मतलव उपयोग हुनु जरुरी छ । किनभने उपयोग हुन नसकेमा उपयोग विहीन हुन गई ती वस्तुहरु खिइने छन् । नास हुन जानेछन् । त्यसैले पनि सृष्टिकोलागि प्रयोग र सृष्टि भएका जीवहरुको उपयोग अनुसार विकास हुँदै अस्तित्वमा आइरहेको देखिन्छ । त्यस्तै नवनिर्माणकोलागि सृष्टिको मार्ग बढेको हो भन्ने विश्वास गरिएको छ । प्रत्येकको उपस्थितिको महत्व आ-आफ्नै छ, प्रत्येक-प्रत्येकमा फरक फरक छन्, मात्र जिम्मेवारी पुरा गर्ने शैलिहरु फरक फरक पाइरहेका छौं । हामीले बुझ्नुपर्ने तथा जान्नुपर्ने सत्यचाहिँ के देखिन्छ भने हामीले जे जे देखिरहेका छौं, सुनिरहेका छौं त्यो मात्रै पूर्ण चाहिँ होइन ।

हाम्रो उपस्थिति सम्बन्धमा पहिला त आफ्नो हृदय पवित्र बनाइ राख्नु पर्दछ । त्यो भनेको के हो त ? त्यो भनेको नम्रता, प्रेम, विश्वास, प्रार्थना, सहनशीलता र आत्मसमर्पण । यीबाट हृदय शुद्ध हुनजान्छ र आफू उपस्थित हुन परेको विषयमा ज्ञान प्राप्त हुन जान्छ । त्यही ज्ञानको प्रयोगबाट आफुलाई सत्मार्गमा लगाई सात्त्विकता, न्याय र भक्तितर्फ बढाई रचनात्मक कार्यमा पूर्णता हासिल गरी सृष्टिको नियमका पालना धारणमा अग्रणि बनी सत्यमार्गी बनी सत्यलोक अर्थात् वैकुण्ठ धाम प्रवेशको ढोका खुल्न

जानेछ भने ज्ञानी भइकन पनि विनाशकारी मतलव संरचना तथा थितिलाई तोडफोड अराजक बनाई अन्याय, अत्याचार, लोभी, पापी, व्यभिचारीको कुमार्ग अपनाई कुकर्मी बनेमा कठिन भन्दा कठिन यातनाहरु पाई नरक तथा यातनारुपी कुण्डमा फँसि कहिले पनि निक्लन नसक्ने अवस्था पाई आफ्नो गन्तव्यको अन्त हुनेछ ।

भगवान भन्नुहुन्छ :-

समोऽहंसर्व भूतेषु नमे द्वेष्योऽस्ति न प्रियः ।

ये भजन्ति तु मां भक्त्यामयि ते तेषु चाऽप्यहम् ॥

अर्थात् म सम्पूर्ण प्राणीमा समभावले व्याप्त रहेको छु । मेरो कोही अप्रिय र प्रिय छैनन् जो प्रेमले भक्तिपूर्वक मेरो भजन गर्दछन् ती ममा हुनेछन् र म तिनीहरुमा पनि रहनेछु । त्यसैले ज्ञान प्राप्तगरी सत्मार्गी कार्यमा अग्रसरता देखाई शुद्ध र प्रेमपूर्वक संचालन गरेका काम-क्रियाहरुबाट नै प्राणीहरुले शुद्ध मुक्ति पाई ऐस भोग गर्ने छन् ।

अन्तमा, धेरै पहिलेदेखि मानवको जीवनचक्र सृष्टिकोलागि हुने गर्भदेखि मृत्युसम्मका समयमा गरिने गर्नुपर्ने विभिन्न सामाजिक धार्मिक व्यवहारहरु तथा कर्मबाट हुन सक्ने फल सम्बन्धी थाह्म पाएका जानेका लेखोट प्रकाशन गरी प्रस्तुत गर्ने अभिलाषा थियो । त्यसलाई मैले जसरि रोपन गरिएको १ गेडा विउ उम्रन गएपछि धेरै दानाहरु बनी फैलन्छन् त्यसैगरी शुभ वा अशुभ क्रियाहरुबाट शुभ अशुभ बीज तयार गर्दछन् । जसरी अन्नको विउलाई पानीबाट अलग राख्दा टुसा पलाउने क्षमता नष्ट हुन गै मूल्याङ्कन गरिनुपर्ने अवस्था नै हुँदैन । त्यसैले जानेको बुझेको जत्ति पानी र माटोमा विउविजनलाई रोपेर फैलने र मौलाउने छ भन्ने विश्वासले रोप्नेकार्य गरिन्छ त्यसरी नै यो श्रृष्टि र संस्कार सम्बन्धिको रचना रचि प्रस्तुत गर्न उत्तम ठानी तपाईं सज्जन वर्गहरुमा पेश गर्न गइरहेको छु । मलाई विश्वास भइ रहेको छ कि तपाईंहरुले यस्ता मिठा फलहरु लटरम्म हुनका लागि फूल्न-फल्न सहयोग गर्नुहुनेछ र फलेका फललाई विस्कुन सुकाएर तपाईहरु रस-स्वाद प्रेम पूर्वक स्वादन गरी-गरी आनन्दित बन्न सक्नु हुनेछ ।

मेरा यस लेखमा आफ्ना भनाई राखि दिनु हुने विद्वान श्री आदरणीय ज्यू हरुमा म कृतज्ञता प्रकट गर्न चाहन्छु । तथा मेरो यस पुरानो अभिलाषालाई सहयोग गरिदिनु हुने विद्वान पण्डित श्री देवी प्रसाद कोइरालाज्यू प्रति अनुग्रहित भएको छु । यस प्रकाशनको लागि डिजाइन तथा कम्प्यूटर र टाइप गरी सहयोग गरिदिने प्रियपुत्र श्री ध्रुव मैनाली एवं छोरी सुश्री मोना मैनालीलाई धन्यवाद नदिई रहन सक्तिन । साथै प्रकाशन गरिहाल्न हौसला प्रदान गरी उत्साह दिने श्रीमती निर्मला मैनाली मुख्य सहयोगी बन्न पुगेकीछिन् । जानी नजानी यो लेख लेख्दा यसमा हुन गएका छुट फुट भएमा मलाई विद्वान् सज्जनहरुले पढीदिनु भई सुझाव पठाइदिइ सहयोग गरिदिनु होला भन्ने मेरो नम्र निवेदन छ ।

कृष्ण हरि मैनाली

२०६१/४/२५

बानेश्वर, काठमाडौं

प्रकाशीकाको भनाई



विश्व ब्रम्हाण्डको उत्पत्ति विकास लगायत जीव-जीवादीहरुको सृष्टि सम्बन्ध र जीवहरुमध्येका उत्कृष्ट मानवजातीको संस्कार पद्धती सम्बन्धमा लेखिने गएको यो ग्रन्थ ओजीलो र भारी देखेंकी छु ।

आज आफुले अपनाइआएका संस्कार रितिथिती र सभ्यताका सम्बन्धमा कौतुहलता भएकालाई मात्र नभएर बाटो भुलेकाहरुलाई पनि आफ्नो संस्कृति सम्बन्धि अध्ययन मनन र अर्पण गर्न पनि यस ग्रन्थबाट सहयोग सावित हुने छ भन्ने विश्वास लिएकी छु । यस्ता मिठा, कर्तव्यपरायणताप्रति प्रतिबद्धता भएका पुस्तक प्रकाशन गर्ने सुअवसर पाँउदा आफु गौरवान्वीत भएको महशुस गरेकी छु ।

नीर्मला मैनाली
नयाँ बानेश्वर, काठमाण्डौ

२०६१।५।१५

विषय सूची :-

१. गणेश स्तुती

ॐ

श्री गणेशायनमः

प्राणम्य शिरसा देवं गौरीपुत्रं विनायकम ।
भत्या वः संस्मरेन्नित्यमायुः कामाधंसिद्धये ॥
प्रथमं वक्रतुण्डञ्च एकदन्तं द्वितीयकम् ।
तृतीयं कृष्णपिङ्गं गजवक्त्रं चतुर्थकम् ॥
लम्वोदरं पञ्चमं च षष्ठं विकटमेव च ।
सप्तमं विघ्नराजञ्च धुम्रवर्ण तथाष्टमम् ॥
नवमं भालचन्द्रं च दशमं तु विनायकम् ।
एकादशं गणपति द्वादशं तु गजाननम् ॥
द्वादशैतानि नामानि त्रिसन्ध्यं यः पठेन्नरः ।
न च विघ्नभयं तस्य सर्वसिद्धकरं परम् ॥
विद्यार्थी लभते विद्यां धनार्थी लभते धनम् ।
पुत्रार्थी लभते पुत्रं मोक्षार्थी लभते गतिम ॥
जपेद् गणपतिस्तोत्रं षड्भिर्मासैः फलं लभेत् ।
संवत्सरेण सिद्धिं च लभते नात्र संशयः ॥
अष्टानां व्रह्मणानाञ्च लिखित्वा यः समर्पयेत् ।
तष्य विधा भवेत सर्वा गणेशस्य प्रसादतः ॥

गणेश अर्थात गणपति । गणका नेता ईश्वर अथवा स्वामी । गणभन्नाले मन इन्द्रियरुपि अध्यात्मगण तथा यी मन इन्द्रियलाई संन्चालन गर्ने अधिदेवण र आकाश आदि पञ्चतत्वरुप गण । श्रीगणेशजीका वाहन मुसा हुन् मतलव मुसा रजोगुणरुप हो र । सत्वगुणबाट ज्ञान उत्पन्न हुन्छ तसर्थ रजोगुण रुप मुसालाई दवायरमात्र सत्वगुण ज्ञान प्राप्त गर्न सकिन्छ । गणेशको हातमा कमण्डलु, माला, लड्डु र अंकुश देखिन्छ । कमण्डलु मतलव त्याग माला मतलव ईश्वरपरायणता ईश्वर प्राप्ति साधनका सूचक लड्डू मतलव मङ्गलमय बरदाताको प्रतिक मानिएको छ भने अंकुश विघ्ननाशकका साथै कुकर्मीका लागि यातना दिन सक्ने चिन्ह हो ।

त्यसैले श्री गणेशबाट कुकर्मी मनबाट अलग्याई उठन लागेका रजोगुणलाई सत्वगुणबाट दवाई त्याग, ईश्वर परायणता तर्फको भावना जगाउने मङ्गलमय सिद्धि प्राप्त हुने मानिएको छ । त्यसैले हे कर्म विनायक श्रीगणेश मैले प्रारम्भ गर्न लागेको कार्यमा तपाई आफै उपस्थिति होइदिनु हुनेछ र मेरो सो-सो कार्यहरुको सरलतापूर्णरुपमा सम्पन्नता गराईदिनु हुनेछ भन्ने पूर्णरुपमा म आशा भरोसा राख्दै तपाईमा आफुलाई समर्पण गदछु ।

२. सरस्वती स्तुति

श्री ज्ञानकी भण्डार स्त्रोतकी मुहान देवी सरस्वती नमोनमः

सरस्वती मया दृष्टा वीणा-पुस्तक धारिणी ।
हंसवाहन संयुक्ता विद्यादानं करोतु मे ॥
प्रथमं भारती नाम द्वितीयं च सरस्वती ।
तृतीयं शारदादेवी चतुर्थ हंसवाहिनी ॥
पञ्चमन्तु जगन्माता षष्ठम् वागीश्वरी तथा ।
सप्तमं चैव कौमारी चाष्टमं वरदायिनी ॥
नवमं वुद्धिदात्री च दशमं व्रह्मचारिणी ।
एकादशं चन्द्रघण्टा द्वादशं भुवनेश्वरी ॥
द्वादशैतानि नामानि त्रिसन्ध्यं यः पढेन्नर ।
जिह्वाग्रे वसते तस्य व्रह्मरुपा सरस्वती ॥

एक हातमा ज्ञानका प्रतिक पुस्तक धारणा गरेकी अर्का हातमा वीणा लिएर एकाग्र हुनुपर्ने शिक्षा प्रदान गरिरहेकी दूध र विष मतलब सफा र फोहोर सजिलै छुट्याउने सामर्थ भएकी सुन्दर सफा हाँसका वाहन भएकी कमलको फूल लिई ज्ञानको घण्टी बजाएर सबैका जिब्रोमा रहने स्वभाव भएकी हे ज्ञानकी भण्डारकी रुपमा प्रख्यात भएकि देवी सरस्वती तिमीलाई म साष्टाङ्ग गर्दछु । मैले शुरु गर्न लागेको र कार्य संचालन गरिरहेको काम, निर्माण हुन गइरहेको योजनामा उपकारी रहन जाओस् हितकारि रहन जाओस् सत्य अनन्य प्रेम र सेवा नै केन्द्रविन्दु ठान्ने विश्वास अटल रहोस् ।

अज्ञानतारुपमा प्रकट हुन खोजेका मेरा भावना र विचारमा ज्ञानै-ज्ञानले पूर्णता प्राप्त गरि सबैमा सुभाष छरिरहने सुअवसर प्रदान प्राप्त हुन सकोस्-हुन सकोस् ।

३. महालक्ष्मी स्तुति

हे देवी महादेवी लक्ष्मी नमोनमः
पद्मासनां महालक्ष्मी दिव्याभरण मीभूषिताम् ।
अब्जदर्पण हस्ताँ च धनधान्य वरप्रदान ॥
ज्योतिर्मयी दयामूर्ति दुःखादारि द्रयनाशिनीम् ।
लोकोपकारिणींलीलां ध्यायेत कल्याण कारिणीय् ॥
सुशोभनां सुवर्णाङ्गी विष्णुपत्नी गजान्विताम् ।
लक्ष्मी ध्यायति मन्त्रेण स भवेत् पृथ्विपतिं ॥

हे देवी पद्मको आसनमै विभिन्न मणि माणिक्य पहिरन भएकी, कमल र ऐना आत्मदर्शन वस्तु हातमा लिएकी धन धान्यपूर्ण भएकी दयाकी मूर्ती ज्योतीस्वरुपिणी हात्तीमा यूक्त भै सर्वकल्याणी हे देवी महादेवी लक्ष्मी मैले शुरुवात गरेको कार्यपूर्ण गराउनु हओस् । ज्ञान, हितकारी-उपकारी योजना संचालन गर्न, सत्य न्याय प्रेम र सेवाको भावनाको तरङ्गलाई स्थापना गराउन तपाईको हातबाट प्राप्त हुने "श्री" ले मात्रै पूर्ण हुन सक्ने भएको हुनाले मेरा यी माथिका कर्तव्य संचालन र सम्पन्न गर्न तपाईले मलाई हाँसि-हाँसि सहयोगी बनी पुऱ्याइरहनु हुनेछ भन्ने मैले आशा गरेको छु र पुरा हुनेछ भन्ने विश्वासमा रहेको छु ।

४. भगवान वाणी

(१) *ये तु सर्वाणि कर्माणि मयि सन्यस्य मत्परः ।*
अनन्येनैव योगेन मां ध्यायन्त उपासते ॥
तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात् ।
भवामि न चिरात्पार्थ मय्यावेशित चेतसाम् ॥

अर्थात

मैलाई सबै कर्म समर्पणगरी तत्परममा भै अती ।
गर्छन् जो अनन्य योगगरि भजन् राखेर मैमा मती ॥
त्यस्ता ती ममानै सदा मन दिन्या जो जो सबै भक्तजन् ।
जन्मै मृत्यु समुद्रदेखि मइले तार्नेछु छिटो तर्दछन् ॥

(२) *मन्मना भव मदभक्तो मद्याजी मां नमस्कुरु ।*
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ।

अर्थात

मैमा द्यौ मन, अर्पण गर मलाई सबथोक यहाँ ।
मलाई तिमी ढोग भक्ति गरिल्यौ मेरै तिमी मन्महाँ ॥
मेरा खुब् प्रिय छौ म भन्दछु यहाँ सत्यै प्रतिज्ञा गरी ।
हौला प्राप्त तिमी ममै यहि गऱ्या संसार सागर तरी ॥

(३) *सर्व धर्मान्परित्यज्य मामेकं शरणं व्रज*
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुच ॥

अर्थात्

जो सत् हो उहि पूर्ण व्रह्म हुन भन्या विचारी लिई ।
मेरा एक शरण् महाँ पर तिमी सव धर्म छाडी दिई ॥
आशा छोडि यसोरि वाह्य सुखको मैमा रह्या धीर यहाँ ।
तिम्रा पाप म सव् छुटाइ दिउँला चिन्ता नल्यौ मन्महा ॥

(४) यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्म संस्थापनार्थाय संभवामि युगे युगे ॥

अर्थात्

होला धर्म जसै-जसै कमि यहाँ पापहरु बढ्दै गई ।
आत्मा सिर्जन गर्छु आफ्नु मइले त्यै त्यै वखत्मा मयी ॥
साधूलाई बचाउनै अधमको नाशगर्नु खातिर पनी ।
पैदा युग् युगमा म हुन्छु बुझलौ धर्मै बढाउँ भनी ।

५. भगवान प्रति समर्पण

सत्य त्रेता द्वापर र कलि चारै युगका द्रष्टा, मार्ग दर्शक, धर्मन्यायको रक्षक, पाप र उदण्डताका विनाशकारी जीवको संरक्षक पालक ज्ञानका नायक परमेश्वर श्रीकृष्ण मैले संचालन गरेको कार्यमा संचालन गर्न लागेको योजनामा सचेचता प्राप्त रहोस्, हिँड्नुपर्ने बाटामा अवरोध हुनै नपाओस् भूत, वर्तमान भविष्य तिनै चरणमा जिस्क्याउने चिस्याउने स्थिति पैदा हुन नपाओस् । तीनै चरणका समयका कार्यहरुबाट बन्नगएका गोरेटाहरु मूलबाटो बन्न सकोस्, ज्ञान-दृष्टीमा बढेका मेरा मन र हातलाई तिम्रा हत्केला र भावनाले पूर्णता पाओस् तिमीमा सदैव सुकर्म भक्ति भाव उपहार दिइरहनु सकुँ म तिमीलाई झुकेर समर्पण गर्दछु । नमस्कार गर्दछु । नमस्कार-नमस्कार-नमस्कार छ ।

६. सृष्टि र विकास सम्बन्धिका बिचार

मानवजीवन सम्बन्धी केही कुरा जान्न खोज्नु बुझ्न खोज्नु तथा यिनीहरुले अपनाई आएका आ-आफ्ना संस्कार आदिको विषयमा जान्नकालागि सर्वप्रथम के बुझ्नु पर्ने जरुरी देखिन्छ भने प्रथमतः मानव जातिको उत्पति कसरी हुनगयो कहिलेदेखि हुन गयो र सो उत्पति पश्चात के कसरी आजको अवस्थासम्म आफ्नो उपस्थिति देखाइरहन अवस्थामा रहेका छन् ? यसरी मानवजातिको उत्पति र विकासको क्रमलाई जान्न र बुझ्न खोज्दा मानवको सृष्टि भन्दा पहिलेको अवस्था के थियो ? कस्तो थियो ? के कति कारणहरुले गर्दा, के कालागि, कसका चाहनाले सृष्टि हुन गएको हो ? सो बुझ्न आवश्यकता पर्ने छ । हाल हामीले सरलरुपले देखिआएका मानिदैआइरहेका मानववासस्थानको रुपमा देखिएको पृथ्वीको निर्माण कसरी कहाँबाट हुन गएको हो ? कुन समयमा निर्माण हुन गएको हो ? साथै पृथ्वी जस्तै अन्य ग्रह-उपग्रहहरु तारा एवं सौर्यमण्डलको निर्माण सम्बन्धी थाहा पाउन सकेमा जो सुकै सबैलाई अध्ययन सम्बन्धमा सरलीकरण हुन जाने देखिएको हुनाले सो सम्बन्धमा नै आफू केन्द्रित भई अगाडी बढ्ने प्रयास गर्न

गइरहेको छु । सूर्य झलझल बलिरहेको झै देखिएको छ, सूर्य विहान ज्योति छर्दै झुल्केका देखेका छौ मध्य दिनमा प्रकाशको तेज धेरै बढेको पाइन्छ र साँझमा दिनको अन्तमा प्रकाश मलीन हुँदै पूर्वमा देखिएको सूर्य हामी भन्दा पश्चिम तर्फ डुब्न लागेको देख्दा देख्दै डुबेको हराएको पाएका छौ । यसैगरी दिनमा आकाशतर्फ कुनै तारा, जुन आदि देखिन सकिँदैन । सूर्यको अस्त भइसकेपछि हामी अनगिन्ती ताराहरु आकाशतर्फ उज्यालो रुपमा देख्न पाइरहेका छौं । यी र यस्ता सबै कारणहरुले गर्दा हामी मानिसहरुलाई जान्न र बुझ्नकोलागि कौतूहलता पैदा गराए र आ-आफ्ना विचार र दृष्टिले आफूलाई नै तथा अरुहरु बीचमा सो सम्बन्धमा जानकारी गराउन थालियो । आदि अनादि कालदेखि नै सो विषयका सम्बन्धमा गहन अध्ययन, चिन्तन-मनन हुन थाल्यो । फलस्वरुप तिथिमिति ग्रह नक्षत्र, ग्रहण आदि सम्बन्धमा हाम्रा ऋषिमुनि, तपश्वी, तान्त्रिक र ज्योतिषीहरुबाट सत्य तथ्य जानकारी पाइदै आइरहेका थियौं । यसपछि यीबाट पाएका जानकारी तथ्य प्रमाणको सँगालोलाई समेटि प्रमाणित हुनसक्ने प्राप्त आधारहरुलाई विकसित गराउँदै आधुनिक विज्ञानसम्बन्धी अन्वेषक, जिज्ञासुहरुले इसापूर्व ६०० देखि सो सम्बन्धि अध्ययनमा गहिरो संलग्नता देखाउन थाले र परापूर्वकालदेखि मान्दै आएका विषयहरुका भावनाहरुबाटै अन्वेषण अध्ययन अगाडि बढाउँदै गईरहेका छन् ।

अनादिकालदेखि मानिदै आइरहेका पृथ्वी सूर्य सम्पूर्ण सौर्यमण्डल जीवसम्बन्धी धारणहरुलाई केही फरक रुपमा प्रस्तुत गराउन थालियो त्यसैले यी सबै खोजका आधारमा यी माथि उल्लेख गरिएका सौर्यमण्डलसम्बन्धी उत्पति र विकाशका सम्बन्धमा खास गरी दुई भिन्न मतहरुले स्थान पाएको देखिन्छ । ती दुवै मतहरुले आ-आफूले थाहा पाएका विचार तथा अनुभवहरुलाई विभिन्न लेख रचना एवं प्रयोगबाट देखिन आएका परिणामलाई मुख्य मुख्य आधारको रुपमा प्रस्तुत गरिएको पाइएको छ । यस सम्बन्धमा धेरै छलफल विचार-विमर्श र हालसम्म उपलब्ध हुन सकेका प्रामाणिक रेखालाई नै स्तम्भरुपमा मान्ने अवस्था सही हुनेछ भन्ने हो भने केही समय वर्ष भित्रमा भएका

अनुसन्धान र प्रयोग र अनुभवका आधारशिलाको आधार फराकिलो र गहन हुँदै जाँदा हिजोको सत्यता भनिएको ठानिएको नतिजाको मात्रामा संसोधन सुधार एवं पूर्ण फरक रुपमा पनि पुनः भेटिन पुगिएको छ । तापनि यी माथि उल्लेख गरिएका निम्न वमोजिमका दुई मत हरुनै सबैको व्याख्या र खोजको क्रममा परेका छन् । तिनीहरु यस प्रकार छन् :–

(१) **भौतिकवादी विचार** (२) **अध्यात्मवादी विचार**

१. भौतिकवादी विचार अनुसार आजसम्म देखिँदै आएका र हामीलाई जानकारी हुन पाएका आजसम्मका सम्पूर्ण चिज, पदार्थ, जीवहरु तथा निर्जीव वस्तुहरुको निर्माण, वनावट तथा विकास क्रमको सिद्धान्त अनुसार भएको हो भनिँदै आइरहेको पाइन्छ । अर्थात् पदार्थको निर्माण भइसकेपछि मात्र विभिन्न रुप-स्वरुपमा स्थानीय हावापानी वातावरणमा घुलमिल हुन बच्न बढ्न तथा फैलिनकोलागि सो अनुसार आफूलाई परिवर्तन गराउँदै जाँदा आजका विभिन्न अवस्थामा जड् एवं चेतनारुपी प्राणीहरुको विभिन्न स्वरुपमा देखिन आएको बताइएको पाइन्छ । त्यस्मापनि खासगरी यी माथि उल्लिखित भौतिकवादी विचार धारालाई विभिन्न समयमा विभिन्न वैज्ञानिकहरु, खोजकर्ताहरु, अनुसन्धान कर्ताहरुले थाहा पाउन सकेका, अनुभव गरेका आधारमा तथा तत्कालिन प्राप्त गर्न सकेका प्रमाणका आधारमा निम्न रुपले उत्पति र विकास सम्बन्धी वर्णन तथा व्याख्या गरेको पाइएको छ ती निम्न वमोजिम छन् :-

(क) (A)आफ्नो इच्छानुसारको उत्पादन (THEORY OF SPONTANEOUS GENERATION) : यहाँ लेख्न गइरहेको यस सिद्धान्तले हामीहरुलाई के जानकारी गराउँदछ भने जीवको निर्माण निर्जीव वस्तुहरुबाट हुँदै गएको हो र यो स-साना जीवहरुको निर्माण हुँदै आज देखिएका भएका भिन्न भिन्न रुपका जीवहरु देखिन गएका हुन् । जस्तो कि धुलो पानी हिलोबाट भ्यागुतोको सृष्टि हुन गयो र विस्तारै-विस्तारै

यी हरुनै विकसित अवस्थामा देखिन पुगे । यो सिद्धान्तको प्रतिपादन प्रथमतः इसापूर्व ५०० मा ANAXIMANDER ले गरेका हुन् । तर पछि इसापूर्व ४०० ARISTOTLE ले पनि यसलाई समर्थन गर्दै व्याख्या गरेको पाइएको छ । तर यस सिद्धान्तले प्राणीको उत्पति सम्बन्धी आफ्नो विचार प्रस्तुत गरेपनि अपूर्ण र अस्पष्ट मानिएको छ र अझ भन्ने हो भने यी भन्दा माथि पृथ्वी ग्रह निर्माण सम्बन्धमा त अलिकति पनि उच्चारण गरेको सम्म भेटिएको छैन, पाइएको छैन ।

(ख) BIOGENESIS :- यो सिद्धान्तले के सम्म भन्ने प्रयत्न गरेको छ भने हाल देखिन आएका र थाहा हुन आएका जीवहरुको निर्माण र विकास स-साना पूर्व जीवात्माहरुबाट विकास हुँदै देखिइँदै आएको हो भन्ने सम्बन्धी मात्र जानकारी गराउँदछ । यसले पनि पृथ्वी ग्रहको उत्पति र विकास सम्बन्धी पूर्ण ज्ञान दिन सक्ने गरी प्रस्तुत गरिएको भेटिएको पाइँदैन ।

(ग) COSMOZOAN THEORY :- यस सिद्धान्तले हामीलाई के जानकारी गराइरहेको छ भने पृथ्वीमा हुन गएका र देखिन गएका सबै जीवहरुको सृष्टि अथवा सुरुवात यहि सौर्यमण्डलमा रहेका अन्य ग्रहमा भएका जीवहरु मध्येका सूक्ष्म जीवहरुको आगमन भई क्रमशः विकाशशील अवस्थामा पुगी आजको अवस्थामा देखिन थालेका हुन् भनिन्छ तर यो सिद्धान्ले पनि आफ्नो भनाइलाई पुष्टि गर्ने कुनै आधारहरुको जानकारी गराएको पाइएको छैन र सौर्यमण्डल, ग्रह, पृथ्वीको उत्पति र विकास सम्बन्धमा त उल्लेख सम्म पनि गरेको पाइएको छैन ।

About origin of Earth – Earth was formed about 4,60,00,00,000 yrs ago. Earth and other planets & sun too belived to have been formed by the condensation of clouds of cosmic dust & gas. At the time of its formation the earth was very hot & every think in it was in gaseous forms. As the Earth began to cool its matter began to condence so that it changes solid, liquid and gaseous.

After that one celled organism present on the earth about 3,60,00,00,000 yrs ago. Gradually life originate and deleveloped between 3,60,00,00,000. to 3,00,00,00,000 yrs ago.

(घ) (B) सौर्यमंडल र जीवको उत्पति सम्बन्धमा आधुनिक सिद्धान्त (Modern theory of origin of solar system & life) :– खरवौं वर्ष पहिले हाम्रो हाल भएको सौर्यमण्डल खाली पूर्ण खाली (Vacuum) थियो । अरवौं वर्ष पछि त्यहाँ धुलो भेटिन थाल्यो धुलो भेटिएको करोडौं वर्ष त्यहाँभित्र धुवाँको गन्ध भेटिन थाल्यो । विस्तारै विस्तारै त्यहाँ त्यस क्षेत्रभित्र धुवाँ र धुलो मात्र पाइयो । हजारौं वर्ष पश्चात सो धुलो धुवाँले घुलमिल गर्न थाले हावा देखिन थाल्यो । हावा, धुलो र धुवाँ रुमलिँदै त्यस क्षेत्रभित्र मडारिन थाले । विस्तारै विस्तारै अलि वेग, अझ वेग हुँदा हुँदै आँधि र तुफान जसरी त्यहाँ घुमिरहेको थियो सो मुश्लो एकीकृत हुँदै जाँदा एउटा आकार वनिन पुग्यो सो आकार गोलोरुपमा देखियो । त्यो गोलो आकारको भित्री भागमा धुवाँ धूलो वेसरी कसिएर टन्न डल्लो बन्न गएका पाइन्थे भने जति वाहिर वाहिर सतह भेटिन्थ्यो त्यहाँ ती कण र धूलोहरु कसिएर रहन सकिरहेका थिएनन् । लाखौं लाख वर्ष सम्म त्यहाँ त्यस किसिमका धूवाँ धूलोबाट सिर्जन भई गोलो रुपमा तेज गतिले घुम्न थालिरहेका धेरै आकारहरुमा देखिन पुगे । यसै रित मानै तरहरुले आ-आफ्ना ठाउँ र क्षेत्रहरुमा घुमिरहेका ती पिण्डहरुको घुम्ने गतिमा तीव्रता हुन थाल्यो र ती धुलोका कण र धुवाँको मुस्लोका मिसावटमा बनेको पिण्डको आकार जति कस्सिँदै गइरहेको थियो । त्यसैगरी उसको घुम्ने गतिमा उत्तिकै बेग बढिरहन्थ्यो । यसरी त्यहाँ देखिएका विभिन्न पिण्डहरुले आफूले पाएको आकार प्रकारमा आफ्नो बाटो मतलव Radius निर्माण गराउन थाले र पछि ती तीनै तरिका र स्थानहरुलाई नै केन्द्र बनाई घुमिरहेको पाइन थाल्यो । यसरी निर्माण भई बन्न गएका यस्ता आकासीय पिण्डहरुको रुपका वस्तु हाल ताराको रुपमा आयो । यस्ता प्रकारले बन्न गएका विभिन्न ताराहरु

आफ्ना-आफ्ना कक्षमा जोड गतिमा घुमिरहन थाले । त्यसरी घुम्दा त्यहाँ घर्षण हुन गएर ग्याँस पैदा भयो । सो ग्याँसको ज्वालाबाट अति तातो ग्याँसको पिण्डमा परिणत भएर वेग र गतिका साथ आ-आफ्ना कक्षमा परिक्रमा गरिरहन थाले । यसरी परिक्रमा गरिरहँदा एक अर्का तारको आर्कषणका कारणले सो कुनै एक ताराको टुक्रा उछिट्टिन पुग्यो र कुनै टाढा स्थानमा ती ताराहरुका गुरुत्वाकर्षणका असरका कारणले एक निश्चित ठाउँमा पुगि सो भन्दा अगाडी उछिट्टिन नसक्ने भै अडियो । आफ्नो मातृ स्वभाव अथवा ताराको गुण झैं त्यहाँ आफ्ना कक्ष बनाई सो वरिपरी आफ्नो कक्ष परिक्रमा भैरहन लाग्यो । त्यो तातो ग्याँसरुपी झलझल भै वलिरहेको पिण्ड नै आज हामी सूर्यको नाम दिई मानिआइरहेका छौं ।

यसरी सूर्य तातो ग्याँसको पिण्डभै आगोको ज्वालामै आफ्नो कक्षमा लाखौं लाख वर्ष भैसकेको थियो ऊ एक ताराको कक्षको केही नजिक पुगेको हुनाले उसको गुरुत्वाकर्षणले तान्न लाग्यो र सूर्यका ती ती भागहरु तानिई हाल देखिइने आएका भिन्न-भिन्न ग्रहहरुको निर्माण रहन गएको भनिन्छ । सूर्यबाट तानिई टुक्रिन गएका सूर्यका विभिन्न टुक्राहरु उछिट्टिन पुगि सूर्यको आकर्षका कारणले ती त्यो निश्चित घेरा, स्थानबाट टाढा रहन सकेनन् र सूर्यलाई केन्द्र बनाई आ-आफ्नो कक्ष निर्माण गरेर सूर्यलाई फन्का मारेर आजको सौर्यमण्डलको रुपमा स्थापना हुन पुग्यो । यसरी टुक्रिन पुगेको तापमान पृथ्वी करोडौं वर्षपछि क्रमशः सेलाउने अवस्था सुरु हुन थाल्यो र यहाँबाट पुनः उछिट्टिन पुगेको सानो भाग पृथ्वीकै उपग्रह मै पृथ्वीको परिक्रमा गरिरहने अवस्थामा आइपुग्यो । यसरी करोडौं वर्ष जाज्वल्य तापमान अवस्थामा रहेको पृथ्वी जव विस्तारै सेलाउन थाल्यो तातो र चिसोको कारणले पृथ्वी खुम्चिने अवस्थामा आइपुग्यो मतलव अग्लो र होचोको रुपमा देखियो र सोही कारणले पानीको उत्पन्न हुन गयो र वृष्टि रहने वातावरण सृजना भयो । तत्पश्चात् मात्र

जल र थलमा रहने सूक्ष्म किटाणुको उत्पन्न हुन गए । यसरी हेर्दा निम्न वस्तुहरुको पृथ्वीमा निम्न समयहरुमा निर्माण हुन गएको हो भन्ने कुरा मानिने गरिएको छ :-

(C)(१) व्रह्माण्ड आजभन्दा	१० अर्व वर्ष अगाडी
(२) सौर्यमण्डल आजभन्दा	४६,००,००,००० वर्ष अगाडी
(३) पृथ्वी आजभन्दा	४५,००,००,००० वर्ष अगाडी
(४) अक्सिजन आजभन्दा	३८,००,००,००० वर्ष अगाडी
(५) जलचर आजभन्दा	१६,००,००,००० वर्ष अगाडी
(६) स्तनधारी आजभन्दा	२,२०,००,००० वर्ष अगाडी

यसरी घुमिरहेको अवस्थाका अणुका हजारौं हजारौं करोडौं कणहरु वाट निर्माण हुन गएका ताप र ज्वालाको पिण्ड घुमिरहेको अवस्थामा अणुमा पाइने तात्विक वस्तुहरु, Electron(-ve), Proton(+ve) एवं Neutron (मध्यस्थ) । यी तीन किसिमका विद्युतीय शक्ति निर्माण हुन पुगे । यी तीन शक्तिलाई विद्युतिय शक्ति भनिएको छ । यीनलाई कुनै चार्ज गरी वल दिइरहनु पर्दैन । यी पिण्डीय वस्तुमा हुने अथवा त्यहाँबाट उपलब्ध भइरहने स्वतः शक्ति हुन् । यसै सिद्धान्तलाई पुष्टि गर्ने किसिमले विभिन्न वैज्ञाननिक अनुसन्धान कर्ताले निम्न किसिमले अभिव्यक्त गरिएको पाइएको छ ।

(१) (D)इसाभन्दा ३००-४०० वर्ष पूर्व हिन्दुस्थानका चाणक्यले भनेका छन्, "आगो, हावा, पानी र माटो (पृथ्वी) यी चार मूल र अनादि तत्त्व हुन् ।" संसारका सम्पूर्ण वस्तु एवं जीव यिनैबाट निर्माण हुन गएका हुन् । यी माथिका तत्त्व निर्माण अगावै कुनै चेतनता वा ईश्वर थिएनन् ।

(२) इसापूर्व ५०० यूनानी दार्शनिक हेराक्लिट्सले भनेका छन्, "संसारका सारा वस्तु सदा आफैं गतिशील एवं परिवर्तनशील छन् ।" व्रह्माण्ड कुनै केहिबाट नभई अग्निबाट मात्रै निर्माण हुन गएको हो ।

(३) यसैगरी इसापूर्व ४०० यूनानी दार्शनिक डेमोक्रिट्स भन्दछन्, "संसार मतलव विश्व अति सूक्ष्म परमाणुहरुद्वारा निर्माण हुन

गएका हुन् । परमाणु आकार प्रकारमा भिन्न भिन्न रुपमा देखिएका छन् । तिनीहरु एक आपसमा मिल्दा विभिन्न वस्तुहरुका निर्माण गराएका हुन् यस्ता परमाणुहरु आदि अनादी कालदेखि देखिएका छन् र यी अनन्त छन् तिनीहरु कहिल्यै न फुट्छन् न तिनीहरुको कहिल्यै नास हुन गइ नै रहेको छ ।"

४. यसैगरी इटालिका प्रसिद्ध वैज्ञानिक ग्यालिलियो तथा पोलेण्डका निकोलस्ले १४७३ तिर के भने भने सूर्यलाई केन्द्र मानि पृथ्वी घुमिरहेको छ । सूर्य सौर्यमण्डलको केन्द्रविन्दुमा रहेको छ । ऊ आफ्नो परिवार लिएर आफ्नो निश्चित घेरामा घुमिरहेको छ ।

५. जर्मनीका दार्शनिक ई. कान्टले सन् १७६४ मा के पुष्टि गराउन थाले भने पृथ्वी र सौर्यमण्डलको सबै ग्रहहरुको निर्माण अर्थात् उत्पति आकाशमा रहेको ठूलो ताराबाट हुन गएको हो ।

यी सबै कुरा तथा भनाइले के भन्न चाहेका हुन् भने पृथ्वी लगायत विभिन्न ग्रहहरु एवं सौर्यमण्डल आदिको निर्माण यसभन्दा अगाडी उल्लेख गरिएको धुवाँ, धूलो, वादल आदिहरुबाट जोडिँदै जोडिँदै घर्षण र आकर्षणहरुबाट करोडौं करोडौं वर्षको विचमा बन्न गएको हो । यसरी बन्न गएका विभिन्न तारा र सूर्यहरुका आकर्षणका कारणले टुक्रिन गई भिन्न भिन्न ग्रह लगायत उपग्रहहरु निर्माण हुन गए । हामीले देखिरहेका बुझ्न पाइरहेका सौर्यमण्डलका विभिन्न सदस्यहरुको वास्तविकता बुझ्न त परै जावस् हामी आफै वसी आएको र उपभोग गरिरहेका पृथ्वीको बनौट, संरचना, उपयोगिता तथा यस भित्रका विभिन्न Elements हरुको संलग्नता सम्मलाई पनि आजका वैज्ञानिकहरुले ठोकुवा गरी यसै हो भन्न सकिरहेका छैनन् । खोजि र अन्वेषण रहिरहेको छ । पृथ्वीको एक क्षेत्रमा अवस्थित Bormuda Triangle मा पुगेका जहाज, हजाइजहाज, मानव वा अन्य कुनै वस्तु पनि त्यहाँ पुगेर फर्कन सकिरहेका छैनन् । अथवा त्यहाँ

पुगिसकेपछि ती सबै त्यही हराइने गरेका छन् । त्यतिमात्र नभई त्यस क्षेत्रमा कुनै पनि Radio Frequency हरुले समेत कार्य संचालन गर्न सकिरहेका छैनन् । आजका दिनसम्म सो सम्बन्धमा खोजी र जानकारी राख्ने काममात्र भइरहेको छ । यसरी निर्माण हुन गएका तारा, सौर्यमण्डल आ-आफ्ना गतिले परिक्रमा गरिरहेका अवस्थामा हुन गएका आकर्षण आदिका कारणले पृथ्वीमा हुन गएको चिसो तातोको प्रक्रियाले गर्दा सूक्ष्म जीवहरु निर्माण हुन गए । ती जीव सानै सूक्ष्म र साना थिए । सृष्टि हुन गएका ती जीवहरुले पृथ्वीमा हुन गएका भौगोलिक परिवर्तन (चिसो-तातो, हिलो-धुलो, फोहोर-सफा, होचो-अग्लो) आदि विभिन्न परिस्थितिमा आफू वस्न र रहन सक्षम बनाउँदै जाँदा एक कोषीय जीव (Unicelluar) दुई कोषीय (Bicelluar) हुँदै वहुकोषीय (Multicelluar) जीव संघर्ष गर्दै विकसित हुँदै अगि बढे । यस्तै संघर्षमय जीवनचक्रबाट विकसित हुँदै गएका जीवहरुले खान पिउन र फोहोर फाल्ने अवस्थाका रुपमा शारीरिक बनौटहरु परिष्कृत गराउँदै गए । यहि क्रममा जीवमा नभइ नहुने आवश्यक शरीरका भागहरुको विभाजन हुँदै १ बाट २, २ बाट ४ का संख्यामा बन्न गइरहेको हो भनिन्छ । यस्ता जीवहरुका विस्तारै खाने पदार्थ लिने, समात्ने आदि रेसाका आकारमा धागोजस्तो हात, गोडा, मुख आदिका रुपमा विकास हुन थाल्यो । विस्तारै विस्तारै पृथ्वीमा देखिएका भौगोलिक एवं वातावरणीय परिवर्तनमा आफू टिकिरहनुमानै बाँच्न र रहनको लागि अझ सुदृढ र सक्षम हुँदै ठूलो र परिस्कृत जीवको रुपमा देखिन थाले । यसै क्रमले अगाडी बढिरहेका जीवका जीवनचक्रमा भौतिक एवं चेतनतामा परिवर्तन हुँदै हात, मुख, गोडा सम्पन्न सक्षभ अवस्थामा देखा परी उपस्थित हुन पुगे । यसरी नै समय-समयमा हुन गइरहेका सामुद्रिक तथा पर्वतीय क्षेत्रमा भएका भौगोलिक परिवर्तनका उतार चढावले पानी भित्र रहने बस्ने तथा पृथ्वीमा रहने र बस्ने अवस्थामा यी जीवहरुलाई पाइन

थालियो र ठाउँ र समय अनुसार आफूलाई त्यही भित्रै क्रमशः सुधार अथवा विकसित रुपमा स्थापित गराउँदै आइरेह यी जीवहरु । यसरी लाखौंलाख वर्षका उतारचढावबाट परिवर्तन हुने Unicelluar creature बाट आजको अवस्थाको मानव वंशज हुँदै अवका सुदृढ विकसित दिमागी मानवका रुपमा समेत स्थापित हुन पुगेका हुन् । ती ती रुपमा आ-आफूसँग भएका आफ्ना शरीरका विभिन्न अंगहरु परिष्कृत रुपमा विकसित भई सुदृढ र वलवान रुपमा विकास हुन गएको देखिन्छ भने आफूलाई उपभोक्ताको लागि धेरै प्रयोग गरिरहनुपर्ने अंगहरु विस्तार लोप हुँदै गएको मानिएको छ । यस्ता प्रकारले विकास हुन गई आजको अवस्थामा मानवजाति मात्र नभएर सम्पूर्ण जीवहरु रहिआएको हो भन्ने कुरालाई पुष्टि गरेको पाइएको छ । यसै सम्बन्धमा आधुनिक जीवविज्ञान शास्त्रमा अग्रज मानिने Charles Darwin ले आफ्नो Law of evolution मा भनेका छन् :-

(E)(१) प्रकृतिमा प्राणीहरुको सन्तानको उत्पति दोश्रो पिढीमा जाँदा दोब्बर हुनुपर्ने हो तर पनि सो देखिँदैन र जनसंख्यालाई स्थिर राख्ने वा नियन्त्रण हुने कुरा के हो भने ती प्राणीहरुले जीवित रहनको लागि संघर्ष गर्नुपर्दछ र त्यस संघर्ष (Struggle for existence) मा विजयी हुने मात्र बाँच्दछन् (Survival of the fittest) ।

In the Struggle for existence the individuals showing variations in the right direction survive, and those variations are transmitted to the offspring. Others with unfavourable variations perish. The survivors gradually and steadily change from one genaration to another and ultimately give rise to new forms. These new generations are better adapted to the surrounding conditions.

(२) प्राणी जाति जातिमा फरकपन हुँदै जाने हुँदा जान्छ र पछि यी दुई प्राणी एक समान छैनन् देखिदैनन् ।

(३) सन्तानले आफ्ना पूर्वजका गुणहरु लिएर आएका हुनेछन् (Inheritance of the acquired characteıs)

(४) कुनै परिवृत्ति परिस्थिति अनुकूल हुन्छन् र प्राणीको अस्तित्व जोगाउन मद्दत गर्ने हुन्छन् यस्ता परिवृत्तिले प्राणीलाई बढी समर्थ र बढी उत्पादन गर्न सक्षम बनाइदिन्छन् । पर्यान्त अनुकूल परिवृत्ति हुन नसकेका प्राणीहरु मरेर जान्छन् र यसरी प्रकृतिमा छनौट भइरहेको हुन्छ ।

(५) सक्षम गुण भएका प्राणीहरुका बढी महत्वपूर्ण गुणहरु अर्को पिँढीमा सर्दै जान्छन् तर नयाँ पिढीका प्राणीमा पनि आफ्नै प्रकारका नयाँ परिवृत्ति भइरहेका पनि हुनेछन् ।

त्यसैले पृथ्वीको उत्पति, विकास र सम्पूर्ण जीव र प्राणी हुँदै मानवको विकासको क्रमलाई आजसम्म यसरी विज्ञानले मान्दै आएको तर्कलाई नै पूर्ण सत्य हो भनी मान्ने हो भने जीवको उत्पति हुंदाको अवस्थामा देखिएका Unicelluar देखि माथि सम्मका जीवहरु हाल पनि पृथ्वीमा अस्तित्वमा देखिएका छन् । उनीहरुको चरित्र हेर्दा के देखिन्छ भने त्यसै अवस्थाबाट विकास हुँदै आजका सम्पन्न जीवका रुपमा देखिएका मानव लगायतका जीवहरुसँग मेल खाने अवस्था केही कतैपनि भेटिएको छैन । साथै विज्ञानले पृथ्वीको नजिकमा देखिएका ग्रहहरुका सम्बन्धमा पनि आजसम्म पनि वास्तविकता बुझ्न सकिरहेको देखिँदैन । ती ग्रहहरुमा पानी, हावा तथा जीवहरु छन् छैनन् स्पष्ट वैज्ञानिकहरु भैसकेका छैनन् । केही अगाडी मंगलग्रहमा मानव वस्ती अथात् जीव छन् भन्ने आशंका र त्यहाँ भेटिएका नहर र पानीको हाल आएर खोजी भैरहेको छ । त्यहाँ प्राणी रहन सक्छ सक्दैन भन्ने सम्बन्धमा अनुसन्धान भैइरहेको अवस्था छ । सूर्यका प्रकाशको गति १८६००००० माइल प्रति सेकेण्डको दरले दौडँदा पृथ्वीमा आइपुग्न ८ मिनेट २० सेकेण्ड लाग्दछ भने यस्तो अर्गनको पिण्डबाट छुट्टिइ बन्न गएका अन्य ग्रहहरुमा सो किसिमको क्षमता रहन गएन । किन र कसरी ती ग्रहहरु

तथा उपग्रहहरु हाल देखिएका रुपमा यथास्थानमा टक्क-टक्क अडिन पुगे त ? तथा ती वस्तुहरुमा प्रकाश दिन सक्ने क्षमता किन रहन गएन ? पृथ्वी भित्र रहेको भौगोलिक रुपमा विभाजन गरिएको सातौं महादेश अन्टार्कटिकाको विषयमा समेतको पूर्ण रुपमा हामीले जानकारी पाइरहेका छैनौं । आज हामी भित्र रहेका शक्ति र सम्पन्नता केही राष्ट्र समेत अन्य केही राष्ट्रहरु पनि केही पहिले मात्रै पत्ता लाग्न गई त्यसपछि मात्र वस्ति र विकास भै सम्पन्न बन्न गएको बुझिन्छ ।

(क) अब यसभन्दा अगाडि उल्लेख गर्न गएको Vacuum अवस्थामा भेटिएको धुवाँ धुलो कुहीरो भनियो त्यसो भए ती वस्तुहरु ती खाली ठाउँमा कहाँबाट आइपुगे ? ती वस्तुहरु के का कारणले गर्दा एक आपसमा टाँसिन पुगे ? त्यहाँ कहाँबाट हावा देखापर्न गयो आँधी-हुरीको अवस्थामा पाइयो ? ती हावाले उडाइरहँदा एक आपसमा घुलमिल भई कसरी गोलो अवस्थामा देखापर्‍यो ? तथा ताराबाट सूर्य र सूर्यबाट ग्रहको निर्माण हुन गएको हो भने सूर्यको आकारमा पहिलेको र पछि फुटि ग्रह निर्माण भए पश्चात्को आकारको भिन्नता किन देखिन पुगेन ? ग्रहहरु उछिट्टिएर हाल देखिएको यथास्थानमा रहनै कसरी गयो ? यदि सो हो मान्ने हो भने पनि सबै ग्रहहरुको आकार प्रकार र स्वभावमा किन फरक भेटिन पुगेको छ र ती ग्रहहरुमध्ये कुनैका कुनै पनि उपग्रह देखिँदैनन् भने कुनैका धेरै उपग्रहहरु किन रहन गए ? ती उपग्रहका आश्यकता र अनिवार्यता किन पर्‍यो ? के का कारणले यहाँ देखिन गएका मात्र ग्रहहरु निर्माण हुनगए ? यसभन्दा बढी किन हुनसकेनन् त ? यी र यस्ता विभिन्न प्रश्नहरु प्रशस्तै छन् जसको उत्तर दिनसक्ने अवस्थामा आजका दिनसम्म कोही कसैलाई भेटिइरहेका छैनौं ।

(F) ईश्वर नमान्ने नास्तिक David Hume आफ्नो पुस्तक Treeties on Human Nature मा भन्दछन्, "The intense view of these manifold contradictions & imperfections in human reason has so wrought upon me & heated my brain that

brain that I am ready to reject all belief & reasoning and can look upon no opinion as more probable or likely than another. Where am I or what ? From what causes do I derive my existence and to what condition shall I return ? Whose favour shall I cover ? And whose Anger must I dread ? What beings surrounding and on whom have I any influnce or who has any influence on me ? I am confounded with all these questions, and begin to fancy myself in the must deplorable condition imaginable environed with the deepest darkness, and utterly deprived or the use of every member and faculty.

अर्थात


मानवका युक्तिहरुमा देखिएको अपूर्णता तथा विविध जटिलताहरु देखेर मेरा मस्तिष्कहरु यति अस्तव्यस्त भएका छन् कि सबै विश्वास तथा युक्तिहरुलाई स्वीकार्न कठिन भएको छ । म के हुँ ? म कहाँ रहेको छु ? मेरो जीवन के द्वारा प्रभावित छ र कहाँ जान्छ ? म कोसँग लालाइत छु र कोदेखि तिरस्कृत ? म वरिपरी के छ ? मेरा वरिपरी विभिन्न प्रश्नहरु उब्जिरहेका छन् र यसले मलाई नैराश्यताले घेर्ने गरेको छ । मलाई अन्धकारले घेरिएको भान हुन्छ र मेरा अङ्ग अकर्मण्य हुन गएका छन् ।

यसरी नैराष्यताले शुन्य बोध गराउँछ र ईश्वरले शक्ति र पहिचानलाई बोध गराउँछ । तिमी प्रकाशरुपी ज्योति शक्ति नपाएको भए र प्रेमरुपी मायाले जागरण नगरेको भए शून्य हुने थियौ । त्यसैले कवि Tennyson ले आफ्नो Two Voices भन्ने कवितामा लेखेका छन् :-

Who forget that other influence
The heat of inward evidene
By which he doubts against the sense.

पृथ्वीमा रहेका धेरै वस्तु क्षेत्रहरु समेत आजको विज्ञानले प्राप्त गरेका पूर्णता हुन सकेको देखिँदैन । यो अध्ययन कै क्रममा देखिएको छ ।

(ख)


VENUS
शुक्र
EARTH
पृथ्वी
MERCURY
वुध
MARS
मंगल
Sun
शूर्य
JUPITER
वृहस्पति
SATURN
शनि
URANUS
अरूण
NEPTUNE
वरूण
PLUTO
यम

७. सृष्टिका लागि ब्रंह्माको उत्पत्ति

त्यसो भए के हुन सक्दछ त ? अब त्यसतर्फ विचार गर्न जाने हो भने हामीले अध्यात्मवाद मतलव ईश्वरीय शक्ति परमेश्वरले गर्नुभएको सृष्टि तर्फ विचार पुऱ्याउनै पर्दछ । यसलाई हामीले विभिन्न ग्रन्थ, पद्धति ज्योतिषशास्त्रको आधारबाट हेरिनु र व्याख्या गरिनुपर्दछ ।

(१) ऋग्वेदमा के उल्लेख गरिएको पाइएको छ भने सृष्टिको सुरुवात महान शक्तिले प्रकट "गराउनुभएको हो । यो सृष्टि सुरुवात अगाडि सुषुप्त रुपमा रहेको थियो पछि ज्ञान र संकल्प लिएर प्रकट भयो त्यहि संकल्पबाट सृष्टिको इच्छाशक्ति निस्कन गयो जसबाट प्रकृति मतलव सत्व, रज तम गुण बन्न गए र पुरुषतत्त्व निर्माण हुन पुग्यो यिनकै संयोगबाट सृष्टि हुन गयो ।

(२) बाइबल धर्मग्रन्थमा के भनिएको छ भने ६००० वर्ष इशा पूर्व यी सबै सृष्टि ईश्वरबाटै हुन गएको हो । उनीबाटै आकाश, पृथ्वी, दिनरात, अग्नी, जीव आजको जस्ताको जस्तै अवस्थामा निर्माण गराएका हुन् ।

(३) इस्लाम धर्मग्रन्थ कुरानमा पनि के पाइएको छ भने आजको अवस्थाको सृष्टि ईश्वरकै देनबाट बन्न गएको हो ।

(४) यसैगरी पारसी धर्मग्रन्थ जेन्दावस्तामा के भनिएको छ भने यो संसारमा देखिएका सारा सृष्टिको निर्माण जेन्दावस्ताबाट हुन गएको हो ।

(५) दक्षिणी अष्ट्रेलियाका धार्मिक कथाहरुमा भने माकुर महोरानुई नाम गरेका दुई पुरुष स्त्री उत्पन्न भइ उनीहरुबाटै संसारको उत्पन्न गराई सृष्टिकर्म निर्माण गरेको बताइएको पाइएको छ ।

(६) (G)तरपनि हामीले हाम्रा हिन्दु धार्मिक ग्रन्थ, वेद, पुराण आदिको आधारमा के बुझ्दै आइरहेका छौं भने परमेश्वर श्री भगवान नारायण आफ्नो वासस्थान श्री वैकुण्ठधाममा

आफ्नी अर्धाङ्गिनी परमेश्वरी कमलेश्वरी श्री लक्ष्मीका साथ विभिन्न व्रह्माण्ड सम्बन्धि र यी व्रह्माण्डहरुमा भइरहेका विभिन्न कृयाकलाप बारेमा भइरहेका, हुन गइरहेका, हुनसक्ने, गर्नुपर्ने आवश्यक कार्ययोजना सम्बन्धी छलफल, सल्लाह गरीरहनु भएको थियो । त्यस समयमा हाम्रो यस व्रह्माण्डको बनौट भइसकेको मात्र थियो, भगवान श्री नारायणले कति व्रह्माण्ड निर्माण गरिरहनुपर्दछ र विनास भइरहेको पनि हुनेछ । त्यसमध्ये निर्माण गर्नुपर्ने आवश्यक ठानी निर्माण भइसकेको अवस्थामात्र थियो । त्यस क्रममै सोचाई राख्नु भएको अवस्थामा सृष्टि पालन तथा संहारको सबै नियमहरु तथा कियाकलापहरु संचालन गरिरहनु भएका परमेश्वरले भर्खरै निर्माण हुन पुगेको यस व्रह्माण्डतर्फ सोच्न लाग्नु भयो र अन्य व्रह्माण्डमा भएका झै प्राणी तर विशेष स्वभाव तथा गुण भएका जीवको निर्माण गर्ने कल्पना गरी निर्णयमा पुग्नुभयो । यस व्रह्माण्डमा रहेका विभिन्न तारा सूर्य ग्रहहरु तर्फ ध्यान पुऱ्याउँदै विभिन्न ग्रहताराहरुमा सृष्टि आफ्नै आफ्नै किसिमले गराउनु भयो र सवैभन्दा उपयुक्त र विशेष सन्दर्भ बोकेको जीव निर्माणको लागि उहाँले यस पृथ्वीलाई रोज्न आइपुग्नु भयो । जलैजलमा डुब्नपुगेको यस पृथ्वीमा जल, थलरुपी प्राणीको सृष्टिगर्नकोलागि प्रथमतः जलको आयतन पानीको मात्रा कम गराई स्थलको निर्माण गराउनु आवश्यकता हुन गएकोले आगोको राप झैं झल झल भइरहेको ज्योतिर्मय तातो पिण्ड सूर्यमा आफ्नो सुदर्शन चक्र घुमाउँदै ठक्कर दिलाउन पुग्नुभयो सो का ठक्करका कारणले सूर्यको सो तातो पिण्डको सानो टुक्रा पृथ्वीमा खस्न आइपुग्यो । सो तातो पिण्ड पृथ्वीमा खस्न आइपुगेपछि सो तातो वस्तुको गुणअनुसार त्यहाँ भएका पानीको केही भाग सुक्न पुग्यो । सूर्यबाट खस्न पुगेको तातो पिण्ड टुक्रा टुक्रा भईखस्दा खसेको ठाउँमा तातो वस्तुको गुण अनुसार त्यहाँ भएको सुक्न पुगेको पानी वाष्पको रुपमा उड्न थाल्यो र तातो र चिसोको प्रतिकियास्वरुप पृथ्वीको कुनै क्षेत्र उठ्न

थाल्यो अर्थात् उँचो उँचो रुपमा देखिन थालियो । जुन आजका दिनमा हिमाल र पहाडको रुपमा देख्न पाइरहेका छौ भने कुनै क्षेत्र होँचो रुपमा देख्नमा आइरहेको छौं । पृथ्वीमा रहेको प्रसस्त पानी भएकोले सम्पूर्ण पानीको भाग सुकाउन नपाउँदै सूर्यको टुक्राभई खस्न आइपुगेको सो पिण्डबाट प्रत्यक्ष असर परेको ठाउँमा पानी सुक्न गई दल दल हिलोको रुपमा रहन गयो भने अप्रत्यक्ष असरमात्र परेको ठाउँमा केही वाफ मात्र बन्न गएको हुनाले पानीको मात्रा केही कमी मात्र देखिन पुग्यो जुन सागर समुद्र, नदीहरुलाई हामीहरुले देखिँदै आइरहेका छौं ।

पृथ्वीको स्वरुपलाई यस्तो आकार प्रकार सजावटको रुपमा देखिन आएपछि भगवान श्री नारायणले सृष्टिगर्नको लागि आफू उपस्थिति भई यस व्रह्माण्डमा सृष्टिको स्वरुप निर्माण गर्ने कल्पनालाई कार्यरुप दिन पृथ्वीमा प्रकट हुनु भयो । वैकुण्ठ धामबाट आइपुग्नु भएका नारायण समुद्री सतहमा शयन गर्न थाल्नुभयो । उहाँले समुद्री सतहमा शयन गरेको देखेर उहाँको शयन सहयोगी शेषनाग वैकुण्ठधामबाट आई समुद्रको विचबाट प्रकट हुँदै शयनस्थान बनाई दिई नारायणलाई सजिलो बनाइदिन पुगे । भगवान श्री नारायण परमव्रह्म हंसरुपमा सो शेषनागले आफ्नो शरीरबाट बनाइदिएको शयनस्थानमा शयन गर्न थाल्नुभयो ।

श्रीनारायण तत्पश्चात् त्यहाँ गहिरो निन्द्रामा निदाइ रहनुभएको थियो । यसै विचमा श्रीलक्ष्मीले आफ्ना पति भगवान् श्री विष्णुकहाँ कसरि समय विताइरहनुभएको छ ध्यान दृष्टिले हेर्दा उहाँको स्वरुप र अवस्था थाहापाइसकेपछि आफ्ना पतिको कल्पनालाई कार्यरुप दिन प्रेम र माया आवश्यकता पर्ने ठानी आफु रहनुभएको वैकुण्ठबाट नारायण शयन गरिरहनुभएको स्थानको छेवैमा आई श्रीलक्ष्मी मौनरुपमा बसिरहनु भयो र आफ्ना पतिको मुहारमा एकटकले हेरिरहन थाल्नुभयो ।

सृष्टिको पूर्वारम्भ शुरुहुन थालिहाल्यो, भगवान् श्री नारायणको नाभिबाट कमलको विरुवा उम्र्यो, निक्ल्यो र बढ्न थाल्यो क्रमशः सोबाट २ पातदेखियो सो पातको विचको डण्डिमा (Stigma) एकगोलो गट्टाकोरुपको डल्लो देखिन थाल्यो । आकाशमा मेघ गर्जिन थाल्यो, बादल देखियो गडयाङ-गुडुङको आवाज ठूलो ठूलो स्वरहरुमा सुनिन थाल्यो, यसै विचमा आकाशबाट पहेंलोरुपको ठूलो डल्लो खस्नपुग्यो र सो डल्लोबांट बढिरहेको उक्त गट्टामाथि ठक्कर लाग्न पुग्यो, सोको ठक्करले उक्तगट्टो फुट्न पुग्यो, फुटेको सो गट्टोबाट कमलको फूलैफूलले ढकमक्क बन्यो र देखिएको डण्डिको टुप्पोमा कमलको पातैपात देखिन थाले, फक्रिएको सोकमलको फूलबाट एक सुन्दर शरिर निस्किन गयो (निर्जीव शरीर) सो शरीरमा भगवान श्रीविष्णुले स्व - हं अथवा हंश पठाइदिनुभयो ।

जब सो शरीरमा हंशको प्रवेश हुनगयो उक्त शरीर चिच्यायो र भन्यो म को हु ? समुद्रमा शेषनागका शैयामा शएन गरिरहनुभएका भगवान् श्रीविष्णु र साथमा रहनुभएकी श्रीलक्ष्मीले एकैसाथ भन्नुभयो तिमी ब्रह्मा हौ ब्रह्मा सृष्टिकालागि सृजना गरिएका ब्रह्मा ।

विष्णु र लक्ष्मीले ब्रह्मा हौ भन्ने वित्तिकै ती ब्रह्मा नाम दिइएको व्यक्तिको एक मुख मात्र थियो र उनि पूर्व तर्फ फर्किएका थिए । उनलाई तिमी ब्रह्मा हौ भन्ने आवाज कुन दिशातर्फबाट आएको रहेछ भनि दक्षिणतर्फ हेर्न पुगे उनको दुईमुख देखियो यसैगरि त्यसतर्फ सो आवाज गर्ने कुनै केहि नदेखिएपछि क्रमशः उनले पश्चिम, उत्तरतर्फ हेर्न पुगे क्रमशः उनको मुख थपिदै गई चारमुख देखिन पुग्यो । ४ (चार) हात देखिए । ४ (चार) मुखले एकैचोटि एकशब्दको "ॐ" भन्ने शब्दको उच्चारण गर्न पुगे, सो उच्चारण गर्दा ती ब्रह्माका ४ हातमा श्री विष्णुले ४ वेद राखीदिनु भयो ती हुन् :-

१) ऋग्वेद २) यजुर्वेद ३) सामवेद ४) अथर्ववेद

ती ४ वेद हातमा ब्रह्माले प्राप्तगरिसक्नुभएपछि आफ्ना विभिन्न शरीरका विभिन्न स्थानहरुबाट विभिन्न शव्दहरुको उच्चारणहुने स्थानहरुको छनौटगर्न थाल्नुभयो जुन यस प्रकारका छन् ।

१) कण्ठस्थानबाट उच्चारण हुने - क, ख, ग, घ आदी
२) तालुस्थानबाट उच्चारण हुने - च, छ, ज, झ, ञ आदी
३) ओठस्थानबाट उच्चारण हुने - प, फ, ब, भ, म आदी
४) जिव्हामूलीस्थानबाट उच्चारण हुने - य, र, ल, व, श, र आदी
५) दन्त्यस्थानबाट उच्चारण हुने - त, थ, द, ध, ण

यी अक्षरहरुको निर्माण र यिनीहरुको उच्चाहरण हुने स्थान छनौट गरेको देखेर भगवान श्रीविष्णु सृष्टि गर्नकालागि आफुबाट परिकल्पना गरी बनाइएका श्री ब्रह्माबाट साह्रै खुशिहुनु भयो र उहाँले व्रह्माजीलाई भन्न थाल्नुभयो हे व्रह्मा ! मेरो यस व्रह्माण्डको सृष्टिको परिकल्पनालाई तिमीले कार्यरुपमा सम्पन्न गर्न सक्ने रहेछौ । त्यसैले तिमीले अब सुचारु रुपले सृष्टि गर्न सुरुवात गर तिमी सृष्टि गराउन सक्नेछौ । त्यसपछि भगवान श्री विष्णुको आदेशलाई शिरोधार्य गर्दै श्री व्रह्माले सृष्टि गर्न थाल्नुभयो । यसरी व्रह्माजीले सृष्टिको शुरुवातको प्रथम कालमा ४ मानव ऋषिको सृष्टि गर्नुभयो । पृथ्वीमा यिनै प्रथम मानव सृष्टि रहन गए ती को थिए भने :-

८. पृथ्वीका प्रथम मानव :

सनक, सनन्दन, सनातन, सनतकुमार

९. विभिन्न लोकहरु :

यसरी पृथ्वीमा सृष्टि हुन गएका ऋषि तथा अन्य सम्बन्धी विषय बुझ्नुभन्दा अगाडी यस व्रह्माण्डका १४ लोकहरु कुन कुन हुन् र यी लोकहरु कहाँ कहाँ रहेका छन् सो को सम्बन्धमा जानकारी गराउने कोशिष गरिरहेको छु। यी लोकहरु सम्बन्धमा पृथ्वीमाथि सात र पृथ्वीमुनी सात लोकहरु रहेको मानिएको छ। यस प्रकारका छन् :-

पृथ्वी माथि रहेका लोकहरु :

(१) भूलोक (२) भुवर्लोक (३) महर्लोक (४) जनलोक (५) तपलोक (६) स्वर्गलोक (७) सत्यलोक

पृथ्वी मुनि रहेका लोकहरु :

(१) अतल (२) वितल (३) सुतल (४) रसातल (५) तलातल (६) महातल (७) पाताल

यसरी व्रह्माजीबाट प्रथम सृष्टि हुन गएका मानवरुपी शरीरलाई विराटस्वरुपको रुपमा मानिदा सो शरीररुपी स्वरुपका विभिन्न अङ्गहरु समेतलाई सो लोक सम्बन्धी क्रिया कार्य गर्ने सम्बन्धित रुपमा मानिदै आएको पाइन्छ र ती ती अङ्गहरुले नाम अनुसारको कार्यको रुपमा प्रयोग हुने भएकोले सो अनुसार निम्न अङ्गहरुलाई निम्नरुपले पनि विभाजन गरिएको छ।

नाभी र माथीका लोकहरु :-

(१)	नाभी	भूलोक
(२)	हृदय	भूवर्लोक
(३)	घाँटी	महर्लोक
(४)	मुख	जनलोक
(५)	भृकुटी (आँखीभौको विचभाग)	तपलेक
(६)	निधार	स्वर्गलोक
(७)	तालू	सत्यलोक

नाभी र मूनिका लोकहरु :-

(१)	नाभीको तल्लोभाग	अतल
(२)	लिङ्ग	वितल
(३)	तिघ्रा	सुतल
(४)	घुँडा	रसातल
(५)	पिँडौला	तलातल
(६)	गोलिगाँठो	महातल
(७)	पैताला	पाताल

विराटस्वरुपको रुपका मानवमहा भएका माथि उल्लेख गरिएका अङ्गहरुको लोकरुपी शरीरको रक्षा एवं सुरक्षा गर्न सुरक्षा दिन सक्ने दुइ नामधारी अङ्ग सृष्टि हुन गएका छन् ती हुन् :–

नाँद चक्र थितौ सूर्य बिन्दु चक्र च चन्द्रमा

(१) नादचक्र अर्थात् दाहिने आँखा जहाँ सूर्यको वास रहेको हुनेछ ।

(२) विदूचक्र अर्थात् वायाँ आँखा जहाँ चन्द्रमाको वास रहेको हुनेछ ।

यी सूर्य र चन्द्र वास रहने दुइ आँखा (दृष्टि) बाट यी विभिन्न अङ्गहरुका साथै मानवरुपी सम्पूर्ण शरीरको रक्षा एवं सुरक्षा भइरहेको हुनेछ तथा लोकहरुको पनि दृष्टिरुपी तेज-प्रताप-सूर्य र छहारी-शितलरुपी चन्द्रमाको समीप्यले संरक्षित भै सम्पूर्ण लोकहरुको रक्षा एवं सुरक्षा भइरहेको देखिन्छ मानिन्छ ।

यसरी माथि वर्णन गरिएका विभिन्न अङ्गहरु समावेश भएका शरीररुपी अङ्गभित्र हंश छ अर्थात् प्राणवायु जो कसैको इच्छामा रहने छैन आफ्नो मात्र इच्छा अनुसार शरीररुपी अङ्गभित्र भित्र जाने आउने गर्दछ त्यस्तो स्थानमा परव्रह्म हंशरुपमा एक वस्तुको रुपमा त्यहाँ आगमन हुने गर्दछु । त्यो अरु नभएर परमेश्वर भगवान नारायण साक्षात् श्रीविष्णु नै हुनुहुन्छ ।

१०. ब्रह्माजीबाट भएका अन्य सृष्टिहरु :

यसरी सृष्टि गर्न लाग्नु भएका व्रह्माजीले ती ४ मानव ऋषिहरु सृष्टि गरिसकेपछि उहाँले क्रमशः ८८ हजार ऋषिहरुको सृष्टि गराउन पुग्नु भयो । प्रथम ४ ऋषि तत्पश्चात यी ८८ हजार ऋषिहरुको सृष्टि गर्नु भयो ।

११. बराह अवतारको उत्पत्ति :

यसरी व्रह्माजीको नाकको पोराभित्र ३ रौं उम्रिने समय प्राप्त हुन गएछ र सो समयमा पोराभित्र उम्रिने समय प्राप्त हुन गएछ र सो समयमा पोराभित्र उम्रिन गएका ती रौंले व्रह्माजीका नाकमा

घोच्न थालेछन् र केही वेरमानै व्रह्माजीलाई हाच्छिऊँ (छ्यौं) आउन पुगेछ र सो छ्यौ आउँदा व्रह्माजीको नाकभित्रबाट भगवान श्री विष्णुको वराह अवतारको रुपमा वराह उत्पत्ति हुन गयो । सो वराह अवतार किन सृष्टि हुन पुग्यो भने भगवान विष्णुका प्रतापले श्री व्रह्माजीबाट भिन्न भिन्न विशेषताहरु भएका भिन्नाभिन्नै सृष्टि हुन गयो ती ऋषिहरु शक्ति र वुद्धिले धेरै वीरता र भारी रहन गएका हुनाले पृथ्वीको मात्र समुद्रभित्र दविदै गइरहेको देखेर महशुस गरेर पृथ्वीलाई सो दवेको क्षेत्रबाट उठाई यथास्थानमा व्यवस्थित गराउन श्री विष्णुजीका चाहना अनुसारनै व्रह्माजीका नाकमा रै उम्रिन गई उत्पत्ति हुनगएको हो ।

सो वराहरुपी अवतारका प्रभुले श्री विष्णुको आज्ञामुताविक समुद्रमा दविरहेको अवस्थाको पृथ्वीलाई कैयौं दिनरातसम्म उठाई यथास्थानमा व्यवस्थित परुले स्थापना गरिदिनुभयो । आफ्नो कार्य समापन गरिसकेपछि ती अवतार भएका वारहले श्री विष्णुका अगाडि उपस्थित हुनु भई आफू पृथ्वीमा पनि बस्नको लागि बसोवास हुन सक्ने स्थानको निर्माण गरिदिनु हुन अनुरोध गर्न पुगे। आफ्नो सहयोगी आफ्नै अवतारको सो अनुरोधलाई स्वीकार गर्नुभई शेषनागको शैय्यामा समुद्रभित्र शयनगरिरहनु भएका श्री विष्णु उचित वासस्थानकोलागि पृथ्वीमा परिक्रमा गर्न शुरु गर्नुभयो । र आफूसँग भएको आफ्नो सुदर्शन चक्रले छेदनगरी पानीको मात्रा सुकाउन थाल्नुभयो । सो सुदर्शन चक्रका प्रतापले पृथ्वीमा २ किसिमको भू-वनोट निर्माण हुन पुग्यो ती के हुन् भने :-

(१) चट्टान

(२) मैदानी अर्थात् दलदल हिलो । सो दल-दल हिलो विस्तारै विस्तारै सुक्नगई विभिन्न रुप र स्वरुपका हालको पृथ्वीमा देखिदै आएको रुपमा निर्माण हुन आइपुग्यो । यसरी आफूले सृष्टिको लागि परिकल्पना गराई सृष्टि गराउने सबै आधार निर्माण गरिदिनु भै सकेपनि पृथ्वीको कठिनाइलाई मुक्त गर्न आफ्नै अवतारको रुपमा अवतार गराई सो कठिनाइवाट मुक्त दिलाई वासस्थान सम्म निर्माण गरिदिनु भयो ।

१२. व्रह्माको प्रश्न श्री बिष्णुसंग

श्री विष्णुजीलाई प्रणाम गर्दै व्रह्माजी आफ्नो मनमा लागेका केही प्रश्नहरुको उत्तरपाउन निवेदन गर्न लाग्नु भयो । श्री व्रह्माजीको सबै कुरा बुझ्नि सक्नुभएका विष्णुजी मुस्कुराउँदै व्रह्माजीलाई इच्छा प्रकट गर्न हौसला प्रदान गर्दै भन्न थाल्नु भयो । व्रह्माजी तिमी निःसङ्कोच आफ्ना हृदयमा उठेका सबै विचारहरुको अभिव्यक्त मसँग गर्न सक्ने छौ । तिम्रा सबै भावनाको म कदर गर्ने छु र तिमीलाई तिम्रा सबै भावना र विचारहरुको उच्च मूल्याङ्कन गर्दै तिमीलाई खुसीपार्ने, विश्वास दिलाउने प्रयत्नमा म हुनेछु भन । आफ्नो सृष्टि कार्यक्रममा श्री विष्णुजीको यस किसिमको प्रेम, सद्भावपूर्ण अभिव्यक्ति पाएर व्रह्माजी हर्षले विभोर हुन पुग्नु भयो र विष्णुजीका अगाडी उभिएर अभिवादन गर्दै निवेदन गर्न थाल्नु भयो भगवन्

मेरो उपस्थितिनै हजुरको चाहनाबाट हुन गएको हो र हजुरबाटै प्राप्त वेदरुपी ज्ञान र शक्तिरुपी मायाबाट हजुरको सहयोगि बनी सृष्टिको लागि सक्षम रहन सकेको हुँ त्यतिहुँदा हुँदै पनि थाहा पाउँदै-पाउँदा पनि जानेर हो अज्ञानताले हो मेरो मनमा एक जिज्ञासा भावना जागृत हुन आयो त्यो के हो भने मैले सृष्टि कहिलेसम्म गराइरहनु पर्ने छ र मेरा ती सन्ततीहरुको जीवन कसरी संचालन भइरहनेछ र मेरो उपस्थिति आफू-आफू कैले सम्म रहन सक्नेछु ?

यी प्रश्नहरुको जवाफ श्री नारायण व्रह्माजीलाई दिन चाहनुहुन्नथ्यो तर पनि आफूले वचन दिइ सकेको हुनाले श्री नारायण व्रह्माजीलाई भन्न थाल्नु भयो व्रह्मा म तिमीलाई सक्षम र ज्ञानको रुपमा पाएको छु भनेर खुशि भएको थिएँ तर तिमीमा ती गुणहरुप्रति पूर्णता भइसकेको रहेनछ **किनभने उत्पत्ति विकास र कर्ममा मात्रै ज्ञानीले चिन्तन गर्दछन् अन्तको खोजीले चिन्ताको** उत्पत्ति हुनेछ । तत्पश्चात ऊ आफूलाई आफूबाटै कमजोरी र निरह भएको ठानिने छ तर पनि तिमीले उठाएका तिम्रा भावनाको चाहनाको जानकारी म तिमीलाई दिन गइरहेको छु सुन । तिमीले

आफैद्वारा सृष्टि गराइरहने छौ, सृष्टि गराइरहेको अवस्थामा (पुरुष) वीज र माया (महिला) को उत्पत्ति हुन जानेछ। तिनीहरुको उत्पत्ति पश्चात् तिमीले प्रत्यक्ष रुपमा आफैले सृष्टि गराउन पर्ने छैन। तिम्रो सहयोग र तिमीले उच नीच ठानिएपछि तिनीहरुका वीज र मायाका कारणले सृष्टि हुन सक्नेछन्। तिम्रा ती सन्ततीहरुमा भोक प्यास तृष्णा जागरण हुनेछ। सोका कारणले तिनीहरु राम्रा नराम्रा कर्महरु पनि गर्न सक्ने छन्।

राम्रा - नराम्रा भोजन भोजादिहरु पनि गर्न सक्नेछन्। भक्ति प्रेम माया-सद्भावप्रति आवद्ध पनि हुनेछन्। यसको प्रतिकार पनि गर्न सक्नेछन् र निर्माण र विकास गर्नेछन्। विनासकारी पनि हुन सक्नेछन्। यस्ता यी सबैलाई एकैठाउँमा राखेर हेर्न सकिने छैन। राम्रा उपकारी सज्जनहरुलाई दिइएको समय व्यथित गरिसकेपछि पनि आनन्दरुपी रुपमा रहन वस्न पाउने ठाउँ हेरेर निर्माण भइसकेको छ। यी ठाउँहरुमा बाँकी अर्को रुप र जीवन विताइरहन पाउनेछन् भने त्यसगरी उल्टा प्रकृतिबाट चल्नेहरुलाई पनि यातना दुःख कष्टरुपी भर्खरै निर्माण भइसकेको यातनारुपी स्थानमा कष्टकर रुपले बाँकी अर्को जीवन विताइरहनुपर्ने छ र पुनः सज्जनताबाट दुर्जनतातिर ढल्कन गएका तथा दुर्जनता बाट सज्जनता तिर लाग्न सक्ने अवस्थामा आउन थालेकालाई पुनः माथि उल्लेख गरिएका नराम्रा स्थान तथा राम्रा स्थानहरुमा राखी सृष्टि भएका जीवहरु डुलिरहने छन्। साथै मानव रुपमा सृष्टि हुन गएका यी जीवहरुका आयु पनि युग अनुसार निर्धारण गरिदिएको छु। यी मानवहरुको ४ युगमध्येको अन्तिम कलियुगमा यिनीहरु रहन सक्ने त्यसवेलाको समय अनुसार १०० वर्षलाई उपयुक्त ठानी निश्चित गरिदिएको छु।

(I)अब अन्तमा तिमीले जान्न चाहेको तिम्रा उपस्थिति माने आयुको सम्बन्धमा म भन्दछु सुन जम्मा ४ युगमध्ये अन्तिमयुग कलियुग हुनेछ। यसको आयु ४३२००० वर्ष रहने छ। दोस्रो द्वापर युग मानिने छ। यसको आयु कलिको दोब्बर मतलब ८६४००० वर्ष रहने छ। तेस्रो त्रेता युग मानिने छ यसको आयु कलिको तेव्वर मतलब १७२८००० वर्ष रहने छ। सत्ययुगको मतलब ३४५६००० वर्ष रहने छ।

मतलब १७२८००० वर्ष रहने छ । सत्ययुगको मतलब ३४५६००० वर्ष रहने छ ।

यसरी ४ युगको आयु जम्मा ६४८०००० वर्ष रहन जानेछ । यस्ता ४ युगको १ महायुग मानिने व्यवस्था मिलाई यस्ता १००० महायुग वितेपछि तिमी व्रह्माको १ दिन हुन जानेछ । यसै रितले हुने वर्ष १०० पूरा गरी सकेपछि तिमी व्रह्माको यहाँबाट अन्त हुन जानेछ र यस सृष्टि हुन आएका सबै वस्तुहरु नास हुन जानेछन् र पुनः सृष्टिकोलागि पुनः कल्पना र विचार गरी निर्माण हुन जानेछ । यस रितले केही वर्ष भित्रमा कैयौं यस्ता यस्ता व्रह्माण्डहरुको निर्माण र विनाश हुन गइरहेको छ । यो क्रम निरन्तर चलि रहनेछ ।

यहाँ तिमीमात्र हैन अन्य व्रह्माण्डहरुमा पनि तिमी जस्तै गरी मेरै कल्पना र चाहनालाई पूर्ण गर्नकोलागि सहयोगि बनी निर्माणमा पूर्णता प्रदान गर्न सक्रिय भएका भिन्न भिन्न व्रह्माण्डभित्रमा भिन्न भिन्न व्रह्माहरु सक्रियताकासाथ सहयोगी बनी लागिपरिरहेका छन् । तिमीलाई पनि पूर्ण ज्ञान हुन नसकेर मात्र अवगत हुन नसकेको मात्रै हो । तिमीले पनि मलाई पहिले सहयोगीको रुपमा काम सम्पन्नता गरिसकेका थियौ । यी सबै जानकारी पाउँदै गरेका व्रह्माजी ध्यान दिएर सुनिरहेका थिए ।

आजको शताब्दीसम्ममा व्रह्माजीको यस किसिमको ५१ वर्ष १३ घडी २२ पला पहिलो दिनको सूर्य उदय समय चलिरहेको छ । सूर्य प्रष्ट रुपमा देखिइने अवस्था भइसकेपछि आज चलिरहन गएको कलियुगको अन्त हुन गई अर्को युग अर्थात् सत्ययुगको शुरुवात हुन जानेछ । त्यसैले अब हाम्रो व्रह्माण्डको निर्माण कहिले हुन गएको रहेछ त भन्ने हो भने ६४८०००० × १००० × ३६५ × ५१

= १२०६२५२००००००० + १४५८००००००

= १२०६३९७८०००००० वर्ष भन्नाले आजभन्दा १२०६३९७८०००००० वर्ष अगाडी हुन गएको हो ।

यस रीतले निर्माण हुन गएको यस व्रह्माण्ड करोडौं पल्ट पृथ्वीमा तलमाथि उतारचढाव भौगोलिक वनावट आकार प्रकारमा धेरै परिवर्तनहरु हुन गइरहेका छन् । त्यसैले यसभन्दा अगाडि

व्रह्माण्ड तथा पृथ्वीको भौतिकवादी चिन्तन अनुरुप प्रस्तुत हुन गएको आधारहरुलाई सत्यता मान्न सक्ने अवस्था स्वीकार गर्न सकिँदैन ।

अब, श्री व्रह्माजी यस समयमा धेरै सोच र चिन्तनमा रहनुभयो र आफूले पाएको सृष्टिको अभिभारालाई पूर्णता गर्ने प्रतिवद्धता सहित अभियान अगाडि बढाउन कार्यको पुनः सुरुवात गर्न थाल्नु भयो । उहाँले आफ्ना शरीरका विभिन्न अङ्गहरुबाट सृष्टि गराउने कार्य अन्तर्गत आफ्नो काखबाट एक ज्ञानी चलाख मानवको सृष्टि गराउनु भयो जुन श्री नारदजी हुनहुन्थ्यो । धेरै चिन्तन सोच विचार पश्चात् सृष्टि हुन गएकाले श्री नारदलाई चलाख, बुद्धिमानी, ज्ञानीको रुपमा मानिदै आइरहेका छौं । यस्ता ज्ञानी नारदजीको सृष्टि हुन गइसकेपछि व्रह्माजीले ती पुत्र नारदलाई भन्नुभयो– बाबु नारद यस व्रह्माण्डको यस पृथ्वीमा भगवान श्री विष्णुको चाहना र कल्पना अनुसार उहाँका निर्देशन वमोजिम म सृष्टि गर्दै आइरहेको छु । अबदेखि सृष्टि गर्ने काम तिमी अगाडि बढाउँदै जाऊ ।

नारदजीको सृष्टिपछि व्रह्माजीले भन्नुभयो ए बाबु श्री नारद यस व्रह्माण्डको पृथ्वीमा भगवान् श्रीविष्णुले अह्राए वमोजिमको सृष्टि गर्दै म आइरहेको छु अवदेखि सृष्टिगर्ने काम तिमी अगाडी बढाउदै जाऊ भनी आफ्ना पुत्र नारदजीलाई व्रह्माले भन्नुभयो। व्रह्माको आदेशलाई नारदले टेरपुच्छर लगाएनन् । बाबुको आज्ञाविपरीत उनी अर्कै दिशातर्फ लागे तैपनि पुनः नारदलाई व्रह्माजी भन्नुहुन्छ हे पृय पुत्र ! मैले यी नामहरुगरेका विभिन्न ऋषिहरुको सृष्टिगरिसकेको छु यस पृथ्वीमा पूर्ण सृष्टि गराउनका लागि बाँकी आवश्यक भएका सृष्टि तिमीले पूर्ण गराउने छौ भन्ने विश्वासमा म रहेको छु । आफ्ना पिताजीको चाहना र विचार सुनिसकेका नारदजीले भन्नथाले पिताजी यी सृष्टि लगायतका कामहरु मबाट हुनसक्दैनन्, म सक्दिन भनी अटेर गर्दै अन्यतर्फ लागे ।

छक्क परेका व्रह्माजी केहिसमयसम्म शान्तिकासाथ ध्यान गर्ने विचारले सादा आसनमा बसी आँखा चिम्ली ध्यानमा केन्द्रित मै रहनुभयो ।

१३. रुद्रको जन्म :

(J) *व्रह्माजी जब अन्तध्र्यानिमा केन्द्रीत हुनपुग्नु भयो वहाँको आँखिभौंको विचभाग (भृकुटी) पट्ट फुट्न गयो त्यस फुटिएको भृकुटीबाट एक सानो बालक निक्लिन पुगे ।*

ती बालक निक्लने वित्तिकै धेरै चिच्याहट गरीगरि रुन लागे रुँदारुँदा ११ हजार वर्ष पुग्नगएछ । यसरी एकोहोरो चिच्याहट भइरहेको आवाजले ब्रंहाजीको ध्यान भङ्ग हुनगएछ र वहाँले आँखा खोल्न पुग्नुभयो । आफ्ना अगाडि त्यसरी रोइरहेका बालकलाई देखेर सोध्नुभयो बालक ! तिमी यसरी चिच्याई-चिच्याई किन रोइरहेका छौ ? तव ती बालकले व्रह्माजीलाई प्रश्न गरे ।

स.बै रुरोद देवानं पूर्वजो भगवान भव : ।
नामानि कुरु मे धात : स्थानानि च जगद्गुरो ॥
इति तस्य वत: पाधो भगवान् परिपालयन् ।
अभ्यधाद् भद्रया वाचा मा रोदीस्तत्करोमित ते ॥

मेरो नाम के हो ? मेरो बस्ने ठाउँ कहाँ हो अथवा मेरो वासस्थान कहाँ छ ? सृष्टि गरिसकेपछि यी पूरा गराउनु पर्दैन र ? मेरो काम अथवा मैले गर्नुपर्ने काम के हो ? बालकका यस्ता कुरा सुनिसकेपछि ब्रंहाजीले आफ्ना शरीरका अङ्गबाटै उत्पन्न भएको अवगत हुनगै बालकलाई भन्न थाल्नु भयो बाबु । तिमी मेरा चाहना नहुँदा नहुँदै सृष्टि हुन गएका हौ । ध्यानमा एकाग्र भइरहदाँ समेतमा तिमी चिच्याइ- चिच्याई रहँदा मेरो ध्यान समेत भङ्ग हुनगयो र मलाई विभिन्न प्रश्नहरु समेत गर्न पुग्यौ ? त्यसैले तिमीलाई तिम्रा सबै उत्तरहरु मैले दिनैपर्ने हुन्छ म दिन्छु सुन ।

ध्यानमा एकाग्रभएका अवस्थामा भङ्ग गराई चिच्याई रहने हुनाले तिमी विद्रोही तथा विनाशकारी रहने छौ त्यसैले पनि तिम्रो नाम रुद्र भनिनेछ, तिम्रो वासस्थान कैलाश भनिने स्थानमा हुनेछ, तिम्रो पूजाहुँदा रुद्रीको नामबाट गरिने छ र तिम्रो काम सम्भार हुनेछ । समयचिनी-चिनि प्राणीहरुको छाँटकाँट गर्नुनै तिम्रो मुख्य काम हुनेछ ।

तत्पश्चात ती बालक आफ्ना वासस्थान तर्फ लागे र आफ्ना काम- नाम- स्थान आदिको परिचय दिने तर्फनै अग्रसर भै रहँदै रहनथाले ।

यसरी विष्णु, व्रह्मा र रुद्रहरुले आफुहरुको काम पालन, सृष्टि र संहार गर्ने गरी जीवहरुको जीवनचक्र चलाउने निर्णयगरी संचालन गर्दै आउनु भएको व्यवहार देखिदै आइरहेको छ ।

यस रीतले ब्रह्माजीले पुनः सृष्टिकार्य अगाडी बढाउन थाल्नुभयो । आफ्नो लामो केशबाट ऋषि कश्यपको सृष्टि गराउनुभयो, आखाँबाट ऋषि अत्रि, ओँठबाट ऋषि उपमन्यु, हातबाट ऋषि कर्तु, मुखबाट ऋषि अङ्गिरी, नाभीबाट ऋषि पुलस्त्यको सृष्टि हुनगयो ।

१४. प्रथम महिला र पुरुषको जन्म :

यसैगरी व्रह्माजीको दाँयाहातको बुढीऔंलाबाट स्वयम्भुवमनु (पुरुषरुपको) वाँया हातको बुढीऔंलाबाट शतरुपा (महीलारुपको) सृष्टि हुनगयो ।

यी दुई पुरुष र महिलारुपी मानवको सृष्टिहुन गइसकेपछि व्रह्माजीले ती दुई पुरुष र नारीरुपी मानवहरुलाई भन्न थाल्नुभयो तिमी दुई सन्ततीले आपसी शारीरिक सम्पर्क (संभोग) को माध्यमबाट अन्य आवश्यक मानवहरुको सृष्टि अथवा पैदा गरि परम्परा कायम गराउ भनी अह्राउनु भयो । यसरी व्रह्माजीको दायाँ र वायाँ औंला अर्थात् दायाँ अङ्ग र वायाँ अङ्गबाट क्रमशः पुरुष र महिला उत्पन्न भएकाले हामीहरु आजका दिनसम्म पनि पुरुषहरुलाई दायाँ अंगको रुपमा र महिलाहरुलाई वायाँ अंगको रुपमा हेरिदै एवं मान्दै आइरहेका छौं । यसरी नै शरीरको दुवै अंग दायाँ र वायाँ संयुक्त भएपछि मात्र पूर्ण शरीरको निर्माण हुने भएकाले महिलालाई अर्धाङ्गिनी तथा पुरुषलाई अर्धाङ्गको रुपमा हेरिन्छ तथा दुवै अङ्ग एक भएपछि मात्र पूर्णता प्राप्त हुन्छ ।

व्रह्माजीको आदेश अनुसार ती दुई स्वायम्भुवमनु र शतरुपाले संभोग प्रक्रियाद्वारा सृष्टि तथा आफुजस्तै वंशको

निर्माणकार्य शुभारम्भ गर्नथाले । यसरी उनीहरुबाट अथवा शतरुपाका कोखबाट क्रमशः २ छोरा पैदा भए । (१) उत्तनपाद (२) प्रियवर्त उत्तनापादले २ विवाह गरे । (क) सुरुचि (ख) सुनीति

सुनीतिबाट ध्रुव र सुरुचिबाट उत्तम पैदा भए । सुरुचिका पुत्र उत्तम यक्षद्वारा मारिएकाले सुरुचि निःसन्तान भई किन्तु सुनुतिका कोखबाट ध्रुव जन्मन पुगे यसैगरी ध्रुवका-कल्प, कल्पका-उत्कल, उत्कलका छोरा-अङ्ग, अङ्गका छोरा-वेन, वेनका छोरा-पृथु, पृथुका छोरा-विजिताश्व, विजिताश्वका छोरा-प्राचीनवहिका, प्राचीनवाहिका छोरा-दशप्रचेता, दशप्रचेताका छोरा दक्षप्रजापति, दक्षप्रजापतिका छोराहरु भएनन् । छोरीहरु मात्र जन्मिन पुगे ।

उतापट्टिका प्रियवत तर्फका सन्तानको उल्लेख गरिएको छैन किनभने चर्चित र वंशको निरन्तरता देखिनआएको भेटिएको छैन । यसैगरी नीतितर्फका पनि अन्य सन्तानतर्फका समावेश नगरी हाल स्थापित मानवका आदि पुस्तालाई जोड्नको लागि पुग्नसक्ने निरन्तरता मात्र उल्लेख गरिएको छ ।

यसरी दक्षप्रजापतिका छोरीहरु एक पछि अर्को गर्दा गर्दै उनका छोरीहरु ६० जन्मिन पुगे, ती साठी छोरीहरुको विहेदान गर्नुपर्ने भएकाले ती साठी मध्ये २७ छोरी चन्द्रमालाई दिई विहेदान गरिदिए, १० छोरीको धर्मराजसँग विवाह हुन गयो । यी दुवै तर्फका यहाँ उल्लेख गर्न चाहन्न । बाँकी रहेका १३ छोरीहरु ऋषि कश्यपसँग विवाहदान गरिदिइयो । ऋषि कश्यपले विवाहगरेका दक्ष प्रजापतिका छोरीहरु निम्न नाम गरिएकाछन् र तीनका गर्भबाट निम्न जात-जातिहरुबाट वंशहरुको उदय हुन गएको देखिन्छ जुन निम्न वमोजिम क्रमशः तल उल्लेख गरिएको छ ।

१५. जीव वंशको उत्पत्ति :

(१) [K]अदिती - यिनको गर्भबाट स्वर्गलोकमा रहने इन्द्रादि जन्म हुनगै स्वर्गमा रहन थाले ।

(२) दिती - यिनीबाट दानववंशको पुस्ता हिरण्यकाशिपुको जन्म हुन गयो । उनीहरु पातालमा रहन वस्न थाले ।

(३) दनु - यिनीबाट विभिन्न जङ्गल आदिमा बस्ने बाघ, भालु, चित्तल आदिको जन्म हुन गयो ।

(४) विनिता - यिनीबाट घर जङ्गलमा हाल वस्दै आइरहेका गरुड लगायत सम्पूर्ण पन्छीजातिहरुको जन्म हुन गयो ।

(५) काहा - यिनीबाट पानीमा बसोवास गर्ने जीवहरु जन्मन गए र त्यही पानीमा रहन वस्न थाले ।

(६) सिम्हीका - यिनीबाट विभिन्न नाम गरेका जस्तैः राहु, केतु, आदि नवग्रहहरुको जन्म हुनगयो र विभिन्न जीवहरुमा विभिन्न समयमा विभिन्नरुपले रहनथाले ।

(७) क्रोधा - यिनीबाट क्रोध, रिस, आदि जन्मन पुगे जुन नासाकालिन अवस्थाका समयमा रहन थाले ।

(८) प्राधा - यिनीबाट शान्ति जन्मनगयो जुन प्रगति-उन्नति विकासस्थल र समयमा रहन-थाल्यो ।

(९) इला - यिनीबाट सर्प विच्छी आदि जीवहरुलाई डस्ने जीवहरुको उत्पत्ति हुन गयो र जल र थलमा रहन थाले ।

(१०) ताम्रा - यिनीबाट बोट विरुवा लहरा आदिको उत्पत्ति हुन गयो र जल र थल दुवैमा रहन थाले ।

(११) वलीता - यिनीबाट वेला मुहुर्त जन्मन गयो जुन प्रत्येक कार्यहरुको अगाडि उपस्थित हुनथाल्यो ।

(१२) समना - यिनीबाट वर्ष, महिना, गते बार जन्मन पुग्यो जसबाट सम्पूर्ण प्राणीहरु तथा उनीहरुसँग सम्बन्ध रहन जाने

सम्पूर्ण वस्तुहरुको आयु उमेर, उन्नति, प्रगति आदिको तिथी, मिति राख्न हुनेभयो र यी सबैको अगाडी नै रहन र बस्न थाले ।

(१३) कान्छीबाट कुनै सन्तान पैदा हुन सकेन उनी निसन्तान भइन् ।

यसरी आफ्ना श्रीमतीहरुमध्ये प्रियपत्नी कान्छीबाट आफ्नो कुनै सन्तान उत्पन्न हुननसकेकाले ऋषि कश्यप दुःखि भएका थिए । त्यसमाथि आफ्नी पत्नी सँधै चिन्तितभै एकोहोरी, टोहोली भई वैरागिरुपमा आफ्नु अगाडि सँधै देखिइरहनु परेकाले सम्झाउन-बुझाउन थाले । धेरै मेहनत गरेर उनलाई सृष्टि, विकास र समाप्ति सम्बन्धमा धेरै भूमिका सहित धेरै प्रयत्न गरेर सम्झाउँदा पनि उनमा कुनै सुधारात्मक प्रतिक्रिया प्राप्त गर्न सकेनन् त्यसैले स्वयं ऋषिकश्यप समेतलाई धेरै चिन्ताले सताउन थाल्यो ।

यी यसरी ऋषि कश्यपको विभिन्न पत्नीहरुबाट विभिन्न रुपका र विभिन्न स्थानहरुमा रही विभिन्न क्रियाकलाप संचालन गर्ने, संस्कारहरुको निर्माण गर्ने, दुःखकष्ट यातनाबाट बच्नकोलागि आवश्यक उपयोगी ठाउँ, वस्तु चिनिनसक्नु पर्ने, सम्झना गरिनुपर्ने अर्थात् महत्व बुझ्नसक्नुपर्ने हेक्का राख्न सक्नुपर्ने आदिको निर्माण हुन गएका हुन् । यी उत्पत्ति तथा निर्माण र यिनीहरुको रहने स्थान, गर्नुपर्ने कार्य तथा उपयोगिता सम्बन्धी सबैको ज्ञान दिलाइ सकेपछि श्री व्रह्माजीले सिंहीका गर्भबाट उत्पन्न भएका शनिलाई भन्नुभयो ।

१८. ब्रह्माजीको प्रश्न र शनिको फल :

(L)वावु । तिमी त मेरा आफ्नै सन्तान हौ तिमीले त ममा आई मलाई दुःख हुने गरी बस्ने छैनौ होला ? शनि मुस्कुराए पिताजी, हजुरकै चाहनाले आवश्यकता ठानी सृजना गर्नु भएको हो । सृजनाकर्ताको कल्पना पूर्ण गराउनु मेरो कर्तव्य हुन आइरहेकोले संसारमा सृष्टि र निर्माण भएका सबैमा पालै पालो मैले रहनै पर्नेछ मतलव वस्नु पर्ने नै भयो । व्रह्माजी भन्नुहुन्छ बाबु । त्यसो भए

मलाई दु:ख नपर्ने गरी थोरै समयमात्र बसिदेउ, शनि भन्दछन् पिताजी तपाईले नै थोरै समयमात्र बसिदेऊ आज्ञागर्नु हुन्छ ? पिताजी तपाईले नै सृष्टिगरी लगाइदिनु भएको कार्य पूरा गर्नै मैले पर्दछ । तथापि पिताजीको यस किसिमको चाहना रहन गएकोले यहाँ भित्र म धेरै समयसम्म रहने छैन, मात्र ४ घडी रहनेछु । शनिवाट यस किसिमको जवाफ पाएका व्रह्माजी साह्रै खुशी हुन पुगे । कारण ४ घडीमा त मेरो के नै नराम्रो हुन जानेछ र । यसपछि केही दिनमा सदाझैं व्रह्माजी विहानै पेट सफा गर्न लोटाभरि पानी बोकेर जङ्गल तर्फ जानुभयो । पेट सफा गरी धोइपखाली खाली लोटा लिएर फर्कि रहनुभएको थियो, राजा सत्यसेनका एकमात्र पुत्र राजकुमार ५-७ दिन देखि जङ्गलमा शिकार खेल्न जाँदा हराइरहेका थिए । साह्रा वनजङ्गल आदि ठाउँहरुमा खोजतलास गर्नको लागि राजाले सैनिकहरु छ्याप्छाप्ती हुने गरी पठाएका थिए । व्रह्माजीलाई बाटामा ती मध्येका केही सैनिकका डफ्फाले भेटे । व्रह्माका हातमा रहेको खालि लोटा त राजकुमारको टाउको देखिन पुग्यो र सो काटिइएको टाउकोको छुट्याइएको ठाउँबाट तररर रगत चुहिएको थियो । त्यस्तो अचम्म देखेर ती राजाका सैनिकहरुले ती व्रह्माजीलाई च्याप्प समातेर त्यस्तै अवस्थामा राजाका सामुन्ने उपस्थित गराए । राजा अचम्मित हुन पुगे र क्रोधले जर्जर बन्न पुगे । यसरी क्रोधित राजाले तुरुन्त यिनलाई टुक्र्याउ भन्ने आदेश दिए । तर व्राह्मणरुपी ती व्रह्माजी डग्मगाउन थाले । त्यो सबै हेरिरहेका र सुनिरहेका उनले आफूमा शनि प्रवेश गरेको थाहा पाइहाले । त्यसैले ती राजाका सामुन्ने उपस्थित भएर भन्न थाले । महाराज म व्राह्मण हुँ मेरो अन्तिम अवस्थामा केहि कर्म गर्न पाऊँ । राजाले कर्म गरिसकेपछि मात्र टुक्राउनु भन्ने आदेश दिन पुगे । व्रह्माजीले जपध्यानमा १ घडी विताए, पुजामा १ घडी विताए, यज्ञ होममा २ घडी विताए । यसरी ४ घडी विताइसकेपछि उनी राजाकहाँ सजायपाउनका लागि उपस्थित हुन पुगे । तर शनि ४ घडी पछि सिद्धिसकेको थियो । त्यसैले उनको हातमा खाली लोटामात्र थियो । तर अन्य क्षेत्रतर्फ राजकुमार खोज्न गएका सिपाहीहरुले राजकुमारलाई फेला पारी

राजाका अगाडि उपस्थित गराइसकेका थिए । राजा छक्क परे र माफि माग्न पुगे । व्रह्माजी राजासँग भन्दछन् महाराज । दोष न हजुरको छ न त सैनिक को यो त शनि ग्रहको पीडा हो । जब मबाट शनि हट्न पुगे म निरअपराधी देखिन पुगे । राजा भन्दछन् त्यसो भए अब शनि कहाँ रहने भए त ? व्रह्माजी भन्दछन् महाराज तपाईकहाँ राजा शनिको यस किसिमको पीडाबाट डराई राज्य छोरालाई छोडी जङ्गलमा तपस्या गरी बस्ने निर्णयगरी लाग्दछन् । तब व्रह्माजी मुस्कुराउँदै आफ्नो बाटोतर्फ लाग्दछन् जसरी ४ घडीको शनिले मलाई त्यो हदसम्म पुऱ्यायो । राज्य भोग गरिरहेका राजा राज्य त्यागी जङ्गल प्रवेश गर्न पुगे । आफूले सृजना गरेका आफ्ना सन्ततिको कार्य जिम्मेवारीमा खोट देख्न नपरेकोले खुशि मान्दै दुःख र कष्ट भएता पनि सन्तोष मान्न पुगे बुढा व्रह्मा ।

ऋषिले ती आफ्नी कान्छीपत्नीलाई सन्तोषबनाई उनको मनोकामना पुरा गराउनकोलागि साथै राखी सन्तान प्राप्तिको लागि ५ महायज्ञ सम्पन्न गराउने योजना वनाए । सोहि योजना अनुरुप ऋषिले महायज्ञ सम्पन्न गराए । दान, योग, जप र भक्तिका प्रतापले सो यज्ञबाटै एक पुरुषरुपका र अर्की एक महिलारुपकी दुई मानव उत्पन्न भए । तिनीहरुलाई क्रमशः वैवस्वत र श्रद्धा नामाकरण गरियो ।

१७. वर्तमान मानववंशको उत्पत्ति

(M)ती दुई मानव यज्ञबाट सृष्टि हुनेवित्तिकै ती दुवैले यज्ञमाताको अगाडी हातजोडी प्रणाम गरे र ती यज्ञरुपी माताजीसँग भन्नथाले हामीलाई के कति चाहनाका कारणले हजुरले उत्पत्ति गराउन अनुरोध गर्नुभएको हो ? आज्ञा हवस हामी आज्ञा शिरोपर गर्न तयार छौं । ती यज्ञपुत्र- पुत्रीबाट यस्ता विनम्रपूर्वक आज्ञाशिरोपर गर्ने वचन पाएकी ती यज्ञकर्तृ माताजीले साह्रै स्नेहपूर्वक आलिङ्गन गर्दै तिमीहरुलाई मैले धेरै मेहनत, भक्ति, प्रेमपूर्वक यज्ञयज्ञादि गराई यज्ञबाट प्राप्तगर्न सफल भयकी हुँ बाबु-नानी तिमीहरु एक अर्का पतिपत्नीको रुपमा रही मेरा सन्तानभै मानवजातिको सृष्टिकार्यमा लाग । यस्ता आज्ञा आफ्नी

यज्ञमाताबाट प्राप्त हुनआएकोले ती एक- अर्का पति- पत्नीरुपमा रहि मानवजातिको महिला पुरुषरुपी जगत् २, ४, १४, २४ को क्रमले वढ्दो रुपमा संख्याको वृद्धि हुनगई आजको अवस्थामा आइपुग्न गएको हो । यसरी *ऋषि कश्यपकी कान्छी पत्नीपट्टिको यज्ञबाट उत्पन्न भएको आजको मानवको कर्म मध्ये प्रमुख कर्म पनि दान, धर्म, यज्ञ-यज्ञादि हो । यो संचालन गर्नकोलागि आवश्यक पर्ने अन्न, फलफूल, लत्ताकपडा, द्रव्यसमेत आवश्यक पर्ने भएकाले सोको आर्जन र संचय शुद्ध मेहनतका साथ उत्पादन आदि गरी संचालन गर्नुपर्ने देखिन्छ ।*

यसरी सृष्टि विकासको क्रमसँगै क्रमवद्धरुपमा बढेको मानवरुपी शरीरको महिला- फूरुषरुपी शारीरिक समागम (संभोग) को क्रममा परसरेकी महिला र वयस्क अवस्थाका पुरुषवीच शारीरिक सम्पर्क रहनजान्छ तब पुरुषको वीर्य महिलाको योनीहुँदै पाठेघरमा रहनजान्छ अनिमात्र गर्भरहन जानेछ ।

१८. महिलाको रजश्वला हुनुका कारण :

(N)यी *विषयका सम्बन्धमा अगाडी बढ्नुभन्दा अगाडी महिलाको रजश्वला किन भएपछिमात्र गर्भ रहने गर्दछ ? के कारणहरु ले गर्दा महिलामात्र रजश्वला भै रक्तश्राव हुनपरेको हो ? सो सम्बन्धमा बुझ्न र जान्न आवश्यक पर्ने भएकाले सो सम्बन्धी विषयतर्फ प्रवेश गर्न चाहन्छु ।*

त्यो के र कसो हो भने स्वर्गका राजा इन्द्रजीका कुलायनगुरु वृहष्पति हुन् । आफ्ना यजमानकहाँ राजगुरुहरु कामकाजमा मात्र आउने- जाने नभई आफ्नो इच्छा चाहना अनुसार समय- समयमा आउने जाने गर्नु कुनै नौलो र आश्चर्यित कुरानै भएन राजाइन्द्र लगायत देवगणहरुकहाँ राजगुरु वृहष्पति समय समयमा आउने- जाने गरिरहन्थे ।

एक दिन आफ्ना विहानी क्रियाकर्म गरी भोजन सकेपछि राजगुरु वृहस्पति राजा इन्द्रकहाँ छलफल, भेटघाट, भलाकुसारी गर्ने इच्छा राखी राजदरवारतर्फ लागेका रहेछन् । राजा इन्द्रलाई सँधै

भेटिने सभा वैठकस्थलमा हेर्दा उनलाई नदेखिएपछि गुरु कोठा- तला खोज्दै गए खोज्दा- खोज्दै जाँदा राजगुरुवृहस्पतिले रानी राजा इन्द्र दिनको मध्यान्हमा रति (शारीरिक सम्पर्क) मा व्यस्तभइरहेको देखे। राजगुरुलाई आफ्ना पति इन्द्रसंग आनन्दसँग लटपटिरहेकी रानी सचीले पनि देख्न पुगिन, राजगुरु मध्यान्हमा आफ्ना यजमान राजारानीको यस्तो अवस्था देखि सर्माइन्न थाले वेसमयको यस्तोकार्य त्यह्रिमाथि राजारानीको। सोच्दै राजगुरुलाई जङ्ग (रीस) चल्नथाल्यो उनी सरासर तलको राजाको वैठकमा गएर चुपचापसँग राजासँग भेट्नें अभिलाषाले बसिरहे।

राजाले आफूआएको थाहा पाइहाल्नेछन् र आफूलाई भेटगर्न आउनेछन् भन्ने सम्झे। भेटघाट भलाकुसारी गरी फर्कने विचारले तल वैठकमा वस्दा- वस्दा धेरै समयसम्म राजा आफूसँग भेट गर्न आएको नदेखि राजगुरु रिसाउँदै आफ्नो कुटीतर्फ लागे। रिसले क्रुद्ध राजगुरु मनमा गुन्गुनाउँदै सोच्दै विचार- गर्दै अगाडि बढिरहेका थिए। उनी सोच्दै थिए ल राजाले गलत समयमा कुकृत्य गरेतापनि, सामाजिक जीवनमा यस्ता गलत व्यवहार भइहालेता पनि म आएको थाहा पाइसकेपछि पनि मसँग भेटगर्न नआई मलाई अवहेलना गरेकाले केहिदिनमै राजाकहाँ आउनथालेको राजकीय कर्ममा कुनै वाहना वनाई आफू उपस्थित नहुने निर्णयमा पुगे। यसरी क्रुद्ध भई आफ्नो कुटिमा पुगे र थकित भएका ऋषि उनी खानपिन गरी आश्रममा आफ्नी पत्नीसँग भलाकुसारी गरिरहेका थिए। आफ्नी पत्नीलाई ऋषिले भनिरहेका थिए हे अर्धाङ्गिनी सुन आज म राजा इन्द्रकहाँ भेटघाटगर्न गएको थिएँ। राजालाई वैठकमा भेट नभएपछि कोठा, चोटा चाहार्दै थिएँ मध्यदिनमा राजा पत्नीसँग संभोग क्रियाबाट आनन्द लिइरहेका रहेछन् मैले त्यो देखेपछि म त्यहाँबाट फर्के र वैठकमा राजासँग भेटगर्ने अभिलाषाले पर्खिरहें - पर्खिरहें राजाले थाहा पाइकन पनि राजगुरुसँग भेटगर्न चाहेनन्- उनीदेखि धेरै दुःखी छु र क्रोधित पनि भएकोछु। त्यसैले घमण्डले पूर्ण भएका राजालाई आफ्नो व्यवहारमा परिवर्तन गराउन आवश्यक परेको छ। त्यसैले केहि दिनमा उनका दरवारमा यजमानी कर्म गर्नुपर्ने भएको छ उनले मलाई लिन पठाउने छन्

तिमीले ती आएका मानिसहरुलाई सुनाइदेउ ऋषि केहि दिनका लागि जङ्गलमा ध्यान गर्न जानुभएको छ । उनीहरु फर्कने छन् र राजाको कार्य तत्काल हुन सक्ने छैन ।

ऋषिका यस्ता कुराहरु सुनिसकेपछि ऋषिपत्नी ताराले उक्त क्रिडा भइरहेको अवस्थामा अरुहरुले देखिँदा त कति लज्जित हुनेछ अझ पुरुष त्यसमाथि राजगुरु । ऋषि स्वयंले नै सो क्रियाको प्रत्यक्ष देखावट हुँदा रानी शचीलाई कति सर्म भइरहेको होला । तसर्थ सो सर्मका कारणले मात्र तपाईसँग भेटगर्न ती दुवै आउन नसकेका होलान् ? म पनि तपाईकी पत्नी भएकीले बुझ्न र अनुभव गर्न पाएकी छु । त्यसैले पनि सो क्रोधलाई विर्सिदिनुहओस् र पहिले झैं राजदरवार जानुभई आफूले गराइदिनुपर्ने कामहरु सम्पन्न गराइदिनुभए राम्रो हुनेथियो भनी अनुरोध गरिन् पत्नीका ती कुनै कुराको उत्तर नदिई ऋषि आफ्नो बाटोतर्फ अगाडी बढे ।

यता राजा इन्द्रसँग समागम- सहभागी भइरहेकी रानी शची कामुकतामा हुँदाहुँदै पनि ऋषिलाई देख्न पुगेकीले उनको शरीर पसिना- पसिना हुनगयो । सोको कारण इन्द्रले उनलाई सोधे ? रानीले राजगुरु वृहस्पतिले आफुहरुको यो यसअवस्थादेखी सर्माएर गएको व्यहोरा सुनाइन् र सोका लाजले गर्दा मेरो शरीर पसिना- पसिना भै भिज्न गएको बताइन् । रानी शचीका यस्ता कुरा सुनिसकेपछि इन्द्र साह्रै सरमिन्दा बने र ऋषिका अगाडि उपस्थितहुन उनलाई कठिन हुनगयो र उनले ऋषिलाई नभेट्ने निर्णयगरे ।

केहि दिनमै ईन्द्रका दरवारमा राजकीय कर्म गराउनु थियो सो संचालन र सम्पन्न गराउन राजाले राजगुरु वृहष्पतिलाई ल्याउनकालागि केहि मानिसहरु पठाए । उनीहरुले राजगुरुसँग भेटगर्न पाएनन्, ऋषिपत्नी तारासँगमात्र भेट भयो । ताराले ऋषिकै भनाइ अनुसार केहि दिनकालागि ऋषि वनमा ध्यान गर्न जानुभएको विवरण बताइन् सो कुरा सुनिसकेपछि राजाकहाँबाट आएका ती सबै मानिसहरु दरवारतर्फ गई सोहि सबै व्यहोरा राजालाई जानकारी गराए ।

यतापट्टि राजगुरु वृहस्पति आफ्नी पत्नीसँग विदाइ लिइसकेर सिधै पातालतर्फ लागेछन् । त्यहाँ पातालमा गएर राक्षसका गुरु शुक्राचार्य र दैत्यजनहरुसँग भेटघाटगर्न सक्रिय भएछन् । दैत्यहरुलाई आश्चर्य लाग्न थालेछ र उनीहरुले देवगुरु आफूहरुकहाँ आउनुपर्ने कारण सम्बन्धी सोध्न लागेछन् । देवराज इन्द्रसँग क्रुद्ध हुन पुगेका देवगुरु वृहस्पतिले मौका नगुमाई समयलाई प्रयोग गर्दै देवराजसँग अवहेलनाको बदला लिने मौका पाएको ठानी दैत्यगुरु शुक्राचार्यलाई अगाडिराखी दैत्यजनहरुसँग भन्नथाले । हे ! दैत्यगणहरु हो ! तिमी दैत्यजनहरु र ती स्वर्गमा रहेका देवगणहरुमा के नै फरक छ र तिमीहरुका ऋषि कश्यपका १३ पत्नीहरु मध्ये दितीबाट जन्महुनगएको हो र पातालमा बस्दै आएका हौ तिमीहरु राक्षसकुलका पुर्खा हिरण्यकस्युपका सन्तान हौ भने तिमीहरुकै पुर्खा दितीकी आफ्नी सहेदार दिदी अदितीबाट स्वर्गका राजाइन्द्र लगायत सम्पूर्ण देवगणहरुको जन्म हुनगएकोहो । सो हुँदाहुँदै पनि तिमीहरुलाई मात्र किन यस पातालमा बस्नु परिरहेको छ । बुझेका छौ ? यो सबै देवगणका छलकपटले गर्दा हुनगएको हो । त्यसैले हे दैत्यजन हो ! तिमीहरु स्वर्गमा गई स्वर्गका राजा कहालिएका राजाइन्द्र लगायत देवगणहरुसँग युद्ध गर र उनहरुलाई हराई सुन्दर आनन्दमय स्वर्गका राजा भई राज्य भोग गरी बस भनी देवगुरु वृहष्पतिले ती दैत्यजनहरुलाई उक्साए ।

यसरी देवगुरु वृहष्पतिका सबै कुरा सुनी बुझिसकेपछि दैत्यगण क्रोधित देखिए । हे ! स्वर्गवासी देवगण हो ? तिमीहरुले आजसम्म पनि हामीहरुलाई भिन्नै वर्गका रुपमा हेर्दथ्यौ र हेला गर्दथ्यौ हामीसँग कुनै सम्पर्क गर्न पनि नहुनेझै गर्दथ्यौ तर तिमीहरु र हामी त आफ्नै दिदीबहिनीका सन्तान पो रहेछौ, यस्तो हुँदाहुँदै पनि आजसम्म तिमीहरुबाट हामी किन तिरस्कृत हुन पुग्यौं ? अबदेखि हामी सो कुरा मान्दैनौ । त्यसैले तिमीहरु फटाहा- जाली ठगहरुलाई हामी युद्धगर्न ललकार्दछौं । हामीसँग अब तिमीहरुले युद्ध गर्नु पर्नेछ जो युद्धमा विजयी हुनेछ उसैले नै स्वर्गमा राज्यगरी बस्नेछ भनी घमासान युद्ध गर्ने उद्घोष गरे ।

दिल्ली रमण रेग्मी स्मृति पुस्तकालय
Dilli Raman Regmi Memorial Library
Kathmandu, Nepal
काठमाण्डौ, नेपाल
116

स्वर्गवासी राजा इन्द्रलगायतका देवगणहरु र पातालवासी दैत्यगणहरुका विचमा घमासान युद्ध शुरु भयो । धेरै समयको युद्धपश्चात दैत्यहरु सो युद्धमा सफलता प्राप्त गर्न पुगे र दैत्यहरु स्वर्गमा राज्यगर्न थाले ।

राजा इन्द्र लगायत सम्पूर्ण देवगणहरु आफ्ना जिउ- ज्यान बचाउन विभिन्न स्थान कुनाकाप्चा वन- जङ्गलमा भिन्न- भिन्न रुपमा गुप्त रुपले बस्न थाले । राजा इन्द्रलाई स्वर्गको त्यो आलिशान सुख सयलको छटपटाहटले चिन्ता भैरहन थाल्यो । विभिन्न सोचाइमा रहेका इन्द्रले एक ठूलो यज्ञ गराउने सोंच गरे । सो यज्ञका प्रतापले दैत्यगणसँग युद्ध गरी विजयी भई गुमेको राजभोग प्राप्त गर्ने निर्णयमा पुगे ।

सो निर्णय गरिसकेपछि सो यज्ञ गराउनकालागि आफ्ना राजगुरु विश्वामित्र कहाँ राजाइन्द्र पुगे । आफ्ना कुलगुरुलाई भेट्न राजाइन्द्र धेरै लालाइत थिए । तर इन्द्र पुगेको थाहापाइकन पनि गुरु विश्वामित्रले आफू वेसञ्चोमा भएको र सो राजयज्ञ अन्य कोहि ऋषिहरुबाट गराउनु भन्ने खवर पठाई राजालाई भेटसम्म पनि दिएनन् । आफ्ना राजगुरुको यस्तो वचन- व्यवहार सुनि राजाइन्द्र दिक्दारभई वैराग्यकासाथ अन्य योग्य व्राह्मणको खोजीमा वनजङ्गलमा भौतारिएर हिँडिरहेका थिए । जाँदा- जाँदा उनले त्वष्टा प्रजाप्रति नाम गरेका व्राम्हणलाई भेट्न पुगे । आफ्ना सम्पूर्ण समस्याहरु अवगत गराई हालको इच्छा समेत जाहेर गरेर आफ्नो इच्छा अनुसारको यज्ञ गराइदिन अनुरोध गरे तर राजा इन्द्रको अनुरोध ती त्वष्टा प्रजापति नाम गरेका व्राम्हणले स्वीकार गर्न असमर्थता प्रकट गरे । वैरागीएका राजा इन्द्र योग्य व्राम्हणको खोजिमा अगाडी बढ्दै गए, जाँदाजाँदा ती त्वष्टा प्रजापतिका छोरा विश्वरुपलाई राजा इन्द्रले बाटामा भेटाउन पुगे । ती ऋषि विश्वरुप कस्ता थिए भने उनका तीन मुखहरु थिए । जसका एक मुखले वेदहरु कण्ठस्थ पारेर पढ्दथे । दोश्रो मुखले ईश्वरको भजन- कीर्तन र गुणगान गर्दथे र तेश्रोमुखले मदिरामात्र पिई बस्दथे । यस्ता शक्तिशाली विद्वान विश्वरुपलाई राजा इन्द्रले यज्ञ गराईदिन पटक-

पटक अनुनय विनय गरे तर ती ब्राह्मण राजा इन्द्रको कार्यमा सघाउन तत्पर भइरहेका थिएनन् ।

डुल्दै आफ्ना छोरा भएकै ठाउँमा जान भनी आइरहेका ती विश्वरुपका बाबु त्वष्टाले राजा इन्द्रले गरेका अनुरोध सुनिबसेका रहेछन, कति अनुरोध गर्दा पनि राजाको अनुरोध स्वीकार नगरेको देखेर राजा इन्द्रप्रति त्वष्टालाई दया पलाएछ र छोरा विश्वरुपलाई भनेछन् बाबु विश्वरुप ! यी यजमान इन्द्रसँग यजमानी कर्म गरिदिए वापत कुनै दस्तुर (दक्षिणा) नलिई उनले चाहेअनुसारको यज्ञ सम्पन्न गराइदेऊ ।

विश्वरुपलाई इन्द्रको सो यज्ञ गराउन पटक्कै इच्छा नहुँदा-नहुँदै पनि आफ्नो बाबुको बोलिको अवज्ञा गर्न नसकी आफ्नो बाबु त्वष्टाका अगाडि उपस्थित भएर निवेदन गरे– पिताजी मलाई जेजसरी भएपनि यज्ञरुपी कार्य गरिदिनु भन्ने आज्ञा भयो सो आज्ञाको म शिरोधार्य गर्नेछु, सो कार्य सम्पन्न गराइदिनुछे, तर सो कार्य सम्पन्न गराउन त पर्है जावोस उपस्थित हुनमात्र पनि इच्छा थिएन यति हुँदा- हुँदै पनि बाबुको आज्ञाको अवहेलना हुन्छ भन्ने डरले मात्र मैले स्वीकार गरेको हुँ ।

तरपनि म पिताजीसँग के निवेदन गर्न चाहन्छु भने अव यसै वेलादेखि पिताजी तपाईं र मेरो भेट हुन सक्ने छैन, कपटी दम्भी इन्द्रको यज्ञबाट म फिर्ता हुन सक्ने छैन । मतलव मेरो मृत्यु अवश्याम्भावी छ । यस्तो आफ्नो पुत्रको जवाफ पाउँदा पाउँदै पनि आफ्नो बोली फुत्किसकेकाले त्वष्टा प्रजापतिले आफ्ना छोरालाई रोक्न सकेनन् र विश्वरुप इन्द्रसँगै सरासर सो कार्य सम्पन्न गर्नको लागि गए ।

विश्वरुपको विद्वत्ता र आफ्ना पिताको आज्ञाको उल्लङ्घन गर्न नसक्ने ठानी इन्द्रले विश्वरुपलाई भने मेरो यस यज्ञ गर्नको लागि मसँग केहि छैन, म पराजित भै सिंहासन र राज्य खोसिएको राजा हुँ, त्यसैले मेरो स्वर्गको राज्य राक्षसहरुसँग फिर्ता पाउनको लागि युद्धगरी उनीहरुलाई पराजित गरी मेरो गुमेको ऐश्वर्य प्राप्त

भएपछि म ठूलो यज्ञ गराउन सक्नेछु त्यसैले मलाई उनीहरुलाई हराउन सक्ने शक्ति प्रदान गर्नुहओस् ।

राजा इन्द्रका यस्ता कुरा सुनिसकेपछि ती विश्वरुपले इन्द्रलगायत देवगणहरुलाई "**नारायणकवच**" प्रदान गरे ।

यदा गुप्त : सहस्त्राक्ष : सवाहान् रिपुसैनिकान् ।
कीडन्निव विनिर्जित्य त्रिलोक्या वुभुजे श्रियम ॥

सो नारायणकवचको सिद्धि कस्तो थियो भने सो धारण गरिसकेकाको मत्यु हुनै नसक्ने कवच थियो । सो प्राप्त गरेका देवगणहरु र दैत्य गणका विचमा ठूलो घमासान युद्ध हुन गयो अन्तमा दैत्यगणहरु पराजित हुनगए । देवगणहरुले जिते र राजा इन्द्र पुनः स्वर्गलोकका राजा रहे ।

गुमेको राज्य प्राप्त भै राजा भएपछि इन्द्रले विभिन्न रमभमका साथ विश्वरुपलाई यज्ञ गर्नलगाए । यज्ञमा उपस्थित भएका देवगण ऋषि मुनि किन्नर आ- आफ्ना स्थान र मर्यादा अनुसार बसेका थिए । कोहि हिँडडूल यताउता गर्दै आवत जावतको तीव्रता भइरहेको थियो । स्वयं राजा इन्द्र कहिले यता कहिले उता भलाकुसारिमा व्यस्त भइरहेका थिए । यसै वेलामा विभिन्न व्यक्तिहरुको नाममा नामबाट यज्ञमा चरु आहुती दिने समय भइसकेको थियो, विश्वरुप चरु आहुती गर्दैथिए त्यसैवेला विश्वरुपका आफ्नै मामा राक्षस पाञ्चजन आई आफ्ना भाञ्जा विश्वरुपलाई भन्न थाले बाबु ! तपाईले यज्ञमा चरु आहुती गर्दा हामीहरुका नामबाट पनि दिएमा हामीले पनि पाउने थियौ । त्यसैले हामी समेतले पाउने गरी आहुती दिनुहोस् भनी अनुरोध गरे मामाको अनुरोधलाई स्वीकार्दै सवै व्यक्तिहरुको नामबाट दिइने चरु आहुती समाप्तिपछि अन्तमा आफ्ना मामाहरुको कुलको नाममा समेत चरुको आहुति दिन पुगे ।

सो सम्पूर्ण कार्य सम्पन्न भैसकेपछि सो को जानकारी राजाइन्द्रलाई हुन गएछ तब राजा इन्द्र जर्जर रिसाई यज्ञका पुरोहित गरिवसेका ती विद्वान विश्वरुपको टाउकोमा आफ्नो वज्रले क्रुरतापूर्वक प्रहार गर्नपुगे । तीन टाउका भएको विश्वरुपको टाउको

तीन टुक्रा भै फुटन् पुग्यो र एक टुक्राबाट परेवा अर्कोबाट भँमरा र अर्को टुक्राबाट सारऊ भै राजा इन्द्रलाई झम्टदै लखेट्न थालेछन् ।

सोको डरले तीबाट आफूलाई बचाउन इन्द्र मानसरोवरको तलाउमा भएको कमलको डाँठभित्र "**ॐ नारायण ॐ नारायण**" भन्दै १००० वर्षसम्म नारायणकै जप गरी बसेछन् । इन्द्रको जपबाट खुशी भएका नारायणले उनलाई दर्शन दिएछन् र नारायणले इन्द्रलाई यी **दुइ पन्छी र एक किरालाई मारिदिनु भनेछन्,** राजा इन्द्रले पुनः आफ्नो वज्रले ती तीन प्राणीको हत्या गरिदिएछन् सो को हत्या हुने वित्तिकै त्यहाँ एक डल्लो निक्ल्यो सो डल्लो विश्वरुपका बाबु त्वष्टप्रजापति कहाँ पुग्यो, सो डल्लोको रुपमा आफ्नो छोरालाई आफ्नो छोराको मृत्यु भएको थाहा पाउन गए । त्वष्ट शोकमा विह्वलभए ति शोकमा डुबेका त्वष्टप्रजापतिले सो डल्लो अगाडी राखी शक्तिशाली कर्मवीर छोरा पाउनकालागि उनले यज्ञ शुरु गरे । सो यज्ञका प्रतापले यज्ञबाटै शक्तिशाली छोराको सृष्टि हुनगयो र यज्ञबाट निकालिएका ती पुत्रले साष्टाङ्ग दण्डवत् गर्दै आफूले गर्नुपर्ने कार्यकोलागि आज्ञा पाउन निवेदन गरें । आफूलाई के नामले चिनिनुपर्ने हो परिचय मागे । तब यज्ञपिताले उनको नाम राखीदिए वृत्रासुर र गर्नुपर्ने कार्यसम्बन्धमा तिम्रा दाजु विश्वरुपलाई स्वर्गका राजाइन्द्रले हत्या गरेका हुनाले सो हत्यारा इन्द्रलाई मारी मेरा अगाडि लिई आऊभनी आज्ञा दिए । आफ्ना यज्ञपिताको आदेश पुरा गर्न विभिन्न कठिन अवरोध पारगर्दै वृत्रासुर इन्द्रकहाँ पुगे र लामो समयसम्म वृत्रासुरसँग इन्द्रको युद्ध हुनगयो तर नारायणकवच धारण गरेका इन्द्रसँग उसको केहि लागेन अन्ततः ऊ मारियो । वृत्रासुर मारिएको जानकारी त्वष्टाप्रजापतीलाई प्राप्त भयो सो प्राप्त हुने वित्तिकै त्वष्टा अत्यन्त दुःखिभई इन्द्रलाई व्रह्महत्या लागोस् भनी श्राप दिए ।

सो श्रापका कारणले लागेको ब्रह्महत्या दोषदेखि डराई थर-थर काँपी इन्द्रले सो दोषलाई **टुक्रा टुक्रा पार्न लाग्दा ४ टुक्रा बन्न पुग्यो** । आफुलाई लागेको श्राप (दोष) र सोबाट भोग्नुपर्ने डरले सोबाट बच्न एक भाग **पृथ्वीमा पारिदिए** (फालिदिए) । **जुन जुन ठाउँमा त्यो दोषको दृष्टि पर्नगयो सो-सो ठाउँमा मरुभूमि बन्न पुग्यो**

जहाँ पिउने पानी राम्रो वासस्थानसम्म पनि नहुने भएकाले प्राणीहरुलाई रहन र बस्न कठिन भयो । दोश्रो टुक्रा (दोष) गंगाजीमा फालिदिए सो कारणले समुद्रले भोग्नु परेको कलंक फिंजको रुपमा रहन पुग्यो । यसैगरी तेश्रो दोष अथवा टुक्रा अग्नीले भोग्नुपऱ्यो । अग्नीको प्रथमपल्ट निक्लने निलो ज्वालामा सोको दोषरहने भएकाले सोमा केहि कार्य गरिदैन । यज्ञहोम आदिमा समेत चरुदिई शुद्ध भएपछि मात्र अन्य काम गराइन्छ । चौथो टुक्रा (दोष) स्त्रीजातिले भोग्नुपऱ्यो इन्द्रले अन्तिम दोष लिएर बसिरहेका थिए, कसलाई कहाँ दिने सो स्थान नभेटि डराई थर्थर् काँपी बसिरहेका थिए कतै कोही दिने नभेटिएपछि आफ्नै अगाडि उभिएकी इन्द्राणी अर्थात् रानी शचीतिर आत्तिएर फ्याँकिदिए ।

रानी शची सो दोष प्राप्त गरेकी कारणले लडेर मूर्च्छित भइन । बल्लवल्ल होसमा आइपुग्दा उनको स्त्रीअङ्गबाट रजश्वला भएको देखिनपुग्यो । आफूमा यस्तो परिवर्तन आएको देखेर रानी शची पतिका अगाडि गई चिच्याई रुन लागिन् । रानीको यस्तो विलाप सुनिसकेपछि इन्द्रले सम्पूर्ण वृतान्त रानीलाई सुनाउन गए । त्यसै वेलादखि महिला (स्त्री) हरुमा यो रजस्वला भइ आइरहेकोछ भन्ने बुझिन्छ ।

१९. रजश्वला भएकि महिला कुन दिनमा के रुपकी मानिन्छिन् :

(O)यसरी रजस्वला भएकी महिला प्रथम दिनमा चाण्डाली रुपकी मानिन्छे उसको हातबाट कुनै कार्यहरु चल्न सक्तैन र अनुहारसम्म हेर्न लायककी समेत रहँदिन । रजस्वला भएको दोस्रो दिन ऊ ब्रह्मघातिनीको रुपमा मानिन्छे किनभने ऊ आफ्नै गुरु विश्वरुपको हत्या गर्ने हत्यारा इन्द्रसमान झैं रहन्छे यसैगरी उसको तेस्रोदिन उसलाई धोविनीको रुपमा हेरिन्छ ।

यी यस्ता दिनहरुमा कसैको ती महिलाहरुसँग संभोग हुन गै कुनै किसिमले बच्चा पैदा हुन गएमा ती बच्चाहरु पनि क्रोधी, पापी अर्थात् नरकको भोगगर्ने स्वभावका हुने बताइएको छ ।

ऋतुमध्ये हि पापनां देहोत्पत्ति प्रजायते । इन्द्रस्य ब्रह्मत्यास्ति यस्मिन् तस्मिन् दिनत्रये ॥ प्रथमेऽहनि चाण्डाली द्वितीये ब्रह्मघातिनी । तृतीये रजकी ह्येता नरकागतमातरः ॥

तसर्थ गर्भधारणा गराउन (बच्चाको चाहना गरी) शारीरिक सम्पर्क संभोग गर्दा रजस्वला भएकी नारीलाई चार दिनसम्म छुँदै नछोओस् सकेदेखि अनुहारसम्म पनि नदेखोस् । किनकि ऊ त्यसवेलासम्म तल्लो स्तरकी रहन्छे । उसका शरीरमा त्यस अवस्थामा विभिन्न संक्रामक किटाणुहरु अवस्थित रहनेछन् । त्यस्ता किटाणुहरुले अरुहरुलाई आक्रमण गरी मानसिक कमजोरी समेत बनाउन सक्दछन् । ऊ चौथो दिन सफा भइसकेपछि शुद्ध रहन्छे र पाँच दिनपछि देवता र ७ दिनपछि पितृकार्यकोलागि योग्य रहन्छे किनकि ती दिनदेखि उसमा रहेका सक्रमककिटाणुहरु निष्क्रिय रहन्छन् ।

त्यस्तो ७ औं दिनमा गर्भ रहनगएको बालकको बुद्धि मलिन रहन्छ । आठ दिनमा गर्भ रहन गएको बालक मध्यम खालको हुन्छ । जोडिएको रात्रीमा गर्भ रहन गएको छ भने त्यो गर्भ पुत्र (पुरुष) को रुपमा पैदा हुन्छ र विजोडको रात्रीमा गर्भ रहन गएको छ भने त्यो बालक स्त्री (महिला) को रुपमा पैदा हुन्छ ।

चौधौं रातमा गर्भ रहन गई पैदा हुन गएको बालक भाग्य र गुणको निधि हुनका साथै धार्मिकभई संसारमै प्रसिद्धि कमाउने हुन्छ । भनिएको पनि छ यो रातको गर्भ जो पायो उसले प्राप्तगर्न गाह्रो पर्नेछ । राम्रो सुशील शान्त साधा ज्ञानी विवेकी र सत्य सन्तान कसरी हुन सक्दछन् त भने नारी रजस्वला भएकी दशौं दिनदेखि पान, फलफूल, मिठाई, दूध, दहि आदिको भोजन गराई धुप फूल श्रीखण्डका वास्नाले गमक्क भएको कोठाको पलङ्गमा सफा, नरम असल शैय्यामा शुद्ध खुला मन ईश्वरको भक्ति गर्दै खुशिले हाँसिरहेको चौधौ दिनको रातमा पुरुषले आफ्नी पत्नीसँग खुशिले समागम गरी रह्ने गर्भबाट जन्मने बच्चानै माथि उल्लेख गरिए अनुसारको भाग्यमानीभई अटल रहनेछ ।

२०. गर्भधारण कसरी हुन्छ :

(P) जव महिला र पुरुषको शारीरिक सम्पर्कबाट पुरुषको वीर्य महिलाको योनि हुँदै पाठेघरमा प्रवेश गर्दछ । तब गर्भधारण रहन्छ । यसरी गर्भधारण भएको पहिलो दिनको रातमा पानीको थोपाझैं "कलल" गरि बसेको हुन्छ । पाँचौ दिनको रातसम्ममा "वुदवुद" अवस्थाको गोलाकार रुपमा पाइन्छ । त्यसैगरि १० दिनमा वयरको गेडाझैं देखिन्छ । त्यसपछि मासुको पिण्डको रुपमा पाइन्छ । यसै गरी यो विकास हुँदै जाँदा एकमहिनाको अवस्थामा उसको शिरवन्न जान्छ दुई महिनामा हात तथा मुख्य-मुख्य अङ्गहरुको मुख्य-मुख्य रुपको विकास हुन्छ । तिन महिनाको अवस्थामा उसको हाड, छाला, लिङ्ग, छिद्र तथा नङ्ग समेत निर्माण हुन्छन् । मानिसको शरीरमा हुनुपर्ने सात धातु चौथो महिनामा निर्माण भइसक्छ । पाँचौ महिनामा त्यो शरीरले भोक, प्यास भएको प्रकट गर्नसक्ने अवस्थामा आउँने छ । छ महिनादेखि ऊ जरायुले युक्त भै आमाको पेटको दायाँ कोखमा चलखेल गरि घुम्नसक्ने हुन्छ ।

मानिन्छ :-

स्त्रिया : प्रविष्ट उदरं पुंसो रेतः कणाश्रयः ।
कललं त्वेकरात्रेण पञ्चरात्रेण वुद्वुदम् ।
दशाहेन तु कर्कन्धुः पेश्यण्डं वा ततः परम् ॥
मासेन तु शिरो द्वाभ्यां वाह्याङ्गाद्यङ्गविग्रहः ।
नखलोमास्थिचर्माणि लिङ्गच्छिद्रोन्दवास्त्रिभिः ।
चतुर्भिर्धातवस्तस्य पञ्चभिः क्षत्रड्डुद्भवः ।
षड्भिर्जरायुणावीतः कुक्षौ भ्राम्यति दक्षिणे ॥
मातुर्जग्धान्नपानाद्यैरेधद् धातुरसम्मते ।
शेते विण्मूत्रयोर्गर्ते स जन्तुर्जन्तुसम्म्वे ॥

आमाले खाएको तितो-मिठो, पिरो-अमिलो, गुलियो-चिल्लो, वातावरणवाट पाएको श्वास-प्रश्वास आदि र साल र नालाबाट वेरिएको त्यो वालक चलखेल गर्न असजिलो र यी माथिका विभिन्न कारणका पीडाहरुले छटपटाहट भएर धुरुधुरु रोइकराई यहाँबाट

निक्लिन चाहन्छ । केहि कसैगरी पनि त्यहाँबाट निक्लिन नपाएको त्यो बालकको परमेश्वरकै इच्छाअनुसार सृष्टिभएको हुनाले उसले तिनै श्री परमेश्वरलाई हात जोडी- जोडी निवेदन गर्दछ । ऊ सातौं महिनाको हुँदा देखि नै ज्ञानशक्ति पाएर उसका विकास भएका विभिन्न अङ्गहरुले तिनै ईश्वरलाई पुनः पुनः निवेदन गर्दछ हे ! ईश्वर हे ! दयासागर म सर्वकल्याण कार्य गर्नेछु । कसैलाई कहिल्यै कुनै दुःखकष्ट पुऱ्याउने छैन म यहाँबाट निक्लिन पाउँ ।

यसैगरी दश महिनासम्म स्तुति गरिरहेको त्यो बालक प्रसूतिका निमित्त सुत्केरी वायुले घचेडिएर त्यस बालकको तलतिर शिरगरी स्वास रोकी गर्भमा रहँदा स्तुति गरेको विर्सेर आतुर भएर निस्सादिँदै पृथ्वीमा अवतरण गर्दछ । यसरी जन्मन आएको बालकको शरीर पंचभूतबाट वनिएको हुन्छ । ती के-के हुन् भने पृथ्वी, जल, तेज, वायु र आकाश । त्यसैगरी मासु, हाड, छाला, नाडी र रौं यी पृथ्वीका पाँच गुणबाट निर्माण भएका हुन् साथै भोक, आलस्य, प्यास, निद्रा र कान्ति तेजका पाँच गुणहरु हुन् । साथै मूत्र, वीर्य, राल, रगत र बोसो जलका पाँच गुणबाट बनेका हुन्छन् । त्यसैगरी चिन्ता, मोह, सन्देह, शब्द शून्यत्व यी आकाशका पाँच गुणहरुबाट निर्माण भएका हुन् र कान, नाक, छाला, आँखा र जिभ्रो पाँच ज्ञानेन्द्रिय हुन् ।

यी माथि वर्णन गरिएका पंचभूतबाट निर्माण हुनगएको उक्त बालक जब धर्तीमा अवतरण गर्दछ यहाँको हावापानी, वातावरणसँग तत्काल घुलमिल गर्न नसकि च्याँच्याँ गरी चिच्याउँछ र उसले गरेका भोगेका र वाचा गरेका सबै वचनहरु विर्सिएर पृथ्वीभित्रको आफ्नै परिवेशका व्यावहारिक समाधानमा नै लिप्त भैरहन्छ । यसरी गर्भबाट अवतरण भएको बालकले आफ्ना बाँकी जीवन पृथ्वीमा रहेका विभिन्न धर्म-रीति- रिवाज र परम्पराहरु मान्दै भोगगर्दै विताउने गर्दछ । त्यसरी जन्मिन गएको बालकको बाँकी जीवन हिन्दू परम्परा अनुसार मानिने र विताउने सम्बन्धमा यहाँ उल्लेख गर्न गइरहेको छु ।

२१. जन्म पश्चातका कार्यहरु :

(१) **जब बालकको जन्म** हुनगई पुरुष र महिलाका रुपमा उपस्थिति हुनेछ उसलाई पुरै शरीरमा वेरिएको सालनाइटोबाट जोडिएको आमाको पेटमा रहँदा आमाबाट विभिन्न वस्तु, पदार्थहरु प्राप्त गर्नको लागि सम्बन्ध जोडिएको शरीरबाट नालीकाटि सालनाल छुट्याइन्छ । नालबाट प्रसव नहुनकालागि सो ठाउँमा बाँधी बाहिर नाल काटिन्छ र त्यहाँ सफा सुग्घर गरी आमाको प्रेम- सद्भाव र स्याहारकोलागि जिम्मा लगाईन्छ ।

(२) **सुतकसम्बन्धि वार्नु पर्ने सम्बन्धमा :-**

(क) गर्भस्राव भए तुहे हुँदि छ भैन्हासम्म आमाकन जत्ति मास छ उत्तिरोज नुछनु आसौचबार्नुभन । सातौंमैन्हादेखि उत्ता त लाग्छ सवमा, पुरा- वुरा सुतक

(ख) आमालाई छुनु हुँदैन दशदिन एघारदेखि छुनु
त्यै दिन शुद्धभएर देखि पितृको सत्कार्य गर्ने हुनु ।

(ग) कर्मैमात्र नगर्नु सूतकविषे पर्दैन छोड्नु अरु
माला चन्दनढोगभेट कपडा खाने- पिने चिजहरु
छैटीका दिन पूजानादि शिशुका निम्ती हुने कर्ममा
दोष कोहि हुँदैन ब्राम्हण पिता लिनें- दिने धर्ममा ।

(३) **जन्मोत्सव :** बालक जन्मन गएको दिनमा खुशी मनाइन्छ । यस दिनमा आ- आफ्ना इष्टमित्र, नातेदार र आफन्तहरु जमघट भई बधाई ज्ञापनगर्ने, बालकको चिरञ्जीविता र पराक्रमी रहोस् भन्ने कामनाकोलागि परमेश्वरसँग प्रार्थना गर्दै हर्षोल्लास गरिन्छ । त्यसपछि दियो, कलश खडागरी आयु लामो रहोस् भन्ने कामनाकोलागि अष्टचिरञ्जीवीको पूजा- आजा गरी सम्पन्न गरिन्छ ।

(४) **षष्ठी** : दिप, गणेश, कलश, कापी, कलम आदि कलशमाथि राखी बत्ती रातभरि बाली राखीन्छ । बालकको भएसम्म फुपू नभए दिदीले एक मिटर जति कपडामाथि भेटी (पैसा) राखी सो कपडामाथि बालकको आमाले बालकलाई राखीदिई माथि उल्लिखित फुपू भावी ठानी फुपूको हातमा दिइन्छ । नयाँ कपडा र सम्पत्तिमाथि राखीनुका कारण बालक द्रव्यसम्पन्न र नयाँ कपडाको मतलब सफा सुखी सम्पन्नकोलागि हो । षष्ठीका दिन बालकको कुण्डलीबनाई निजको शिरमा राखीन्छ । फुपूले बालकलाई दीप, गणेश, कलश आदि वरिपरी घुमाई सो कपडा र पैसामाथि सुताइन्छ । त्यसपछि घडा (कलश) को मुखमा षष्ठीका देवीको पूजा गरिन्छ । सो दिन षष्ठीका देवीको रातभरि पूजा र सम्झना गर्दै आफन्तहरु वस्दछन् सफा कपडा र मुद्रामा राखीएको बालकको भावीले भविष्य राम्रो लेखिएको हुन्छ भन्ने मान्यता राखीएको देखिन्छ ।

(५) **न्वारान (नामाकरण)** : बालकको जन्मभएको ११ औं दिनमा सो दिन यज्ञ बनाई हवन गरिन्छ त्यहाँ ३३ कोटी देवताहरुलाई चरुहवन गराइन्छ । जन्मेको बालकको शुद्धता र नामाकरणकोलागि देवगणलाई सम्झना गर्दै सो बालकलाई हवन गर्ने प्रेरणा प्राप्त गराउनकोलागि सो कार्य गरिन्छ । उक्त कार्य गर्दा सम्पूर्ण यज्ञकार्यहरु गराइन्छन् । त्यसपछि मात्र सूतक समाप्त हुन्छ । एघार दिनसम्म आमाको दूधमात्र पिएको बालक हवनको सुगन्धबाट पौष्टिकता प्राप्त गर्दछ ।

(६) **पास्नी (भात खुवाउने)** : दियो, गणेश, कलश स्थापना गरी दीपजलाई नयाँ वस्त्रहरुलगाई आमाको दूधमात्र पिएको बालकलाई संसारको सृष्टिको क्रममा बच्न- बाँच्नकोलागि आफ्ना मान्यजनहरुका हातबाट अन्न- अन्नादिहरु खुवाइन्छन् ।

(७) **कान छेड्ने (कर्ण वेज)** : यो चैत्र, पौष, तिथिक्षय चतुर्मास, जन्ममास, जेविस छोडी जन्मेको १२ दिन १६ दिन वा ६, ७, ८ महिनाको सोमबार, बुधबार, वृहस्पतिवार वा शुक्रवारका दिन पारि शुभग्रह गुरु, शुक्रको लग्नमा अष्टम स्थान शुद्ध

गरी वाल- वालिकाको कान छेड्ने कार्य गरिदिनुपर्दछ । बालकको यो कर्म अनिवार्य मानिन्छ । कान बाट पवित्र र शुद्धमात्र सुनी जीवन (प्राण) शुद्धियोस भनेर सो कार्य गरिएको भनिन्छ ।

(८) (Q) **गुन्यूचोलो** : भगवान श्री रामचन्द्रले आफ्नो जीवनमा गर्नुपर्ने मध्ये धेरै कर्महरु पूरा गरिसकेपछि एक विशाल अश्वमेध यज्ञ गर्नूकालागि आफ्ना कुलगुरु वशिष्ठ लगायत सबै ऋषिहरुको सल्लाह पाइसकेका थिए । तर त्यस्तो यज्ञ गर्न सपत्नी हुनुपर्ने र उनले आफ्नी पत्नी सीतालाई धोविका कुरा सुनेर जङ्गलमा छाडी आएका थिए । त्यसैले पत्नी सीताको प्रतिमा अगाडि राखी कुलगुरु वशिष्ठ लगायत धेरै ज्ञानी ऋषिहरुबाट सो अश्वमेध यज्ञ संचालन गराइरहेका थिए । गुरु वशिष्ठले मनमनै सोच्न थाले मेरा यजमान रामले गर्नुभएको दान- दक्षिणा मैले लिए भने सो दान- दक्षिणा मैले राम्रो सँग उपयोग गरी उपभोग गर्न कठिन पर्नेछ र सो पचाउन मैले सक्ने छैन । तसर्थ मेधा गर्ने वित्तिकै म यस हवन यज्ञबाट भाग्ने छु तर भागे पनि सो हवन कार्य सम्पन्न पुरा भैसकेकोले यज्ञ सम्पन्न भएको मानिनेछ र यजमानको कार्य पनि समापन हुन सक्नेछ भनी सोच्दै मानो र सुरो लिई घिउको धारो लगाउँदै :-

हरि ॐ सदसस्पतिमद्भूतम् प्रियमिन्द्रियः ।
काम्म्ययम् शनि मेधा मय शिख गुँ स्वाहा ॥

पढिरहेका थिए । गुरु वशिष्ठको भित्री आशय बुझिसकेका भगवान श्री रामचन्द्रले गुरुको पाउ समाती अर्थात् त्यहाँबाट भाग्नरोकी सबै कर्म सम्पन्न गराउनुभयो र दान- दक्षिणा टक्रयाउनु भयो । त्यसैले हालसम्म पनि मेधा गर्दा गुरुको पाउ समातिने गरिन्छ । त्यसै समयमा रामकी सानीआमाकी छोरी विन्दू रेखामा गरेकि केटी पनि निम्ता पाई त्यस यज्ञमा आएकी थिइन् । उनी यता- उती गर्दै चञ्चलेभै चुलवुल गर्दै थिइन् । आफ्नी सानी आमाकी छोरी वहिनी भोटोमात्र

लगाएर हिँडेको देखेर राम गुरु वशिष्ठलाई सोध्न पुगेछन् । गुरु यी बहिनीलाई के कस्तो वस्त्र लगाइदिउ ? दानगरु ? गुरु बशिष्ठले धेरैवेर सोचेर भने चोली र साडीको पहिरन गराइदिनु । केही छिनमै रामजीले ती कन्यालाई सो चोलीसाडी पहिऱ्याइदिनु भयो । त्यतिनै बेलामा स्वर्गबाट फूलको वर्षाभै सो को स्वागत गरेको देखियो । त्यसैबेलादेखि कन्यालाई चोली- साडी अथवा गुन्यूचोलो दिने गरेको बुझिन्छ । यसैबाट विवाहको लागि योग्य भएको मानिन्छ ।

२२. ब्रतबन्ध :

[R]यस व्रतबन्ध कर्म अन्तर्गत पााच कर्महरु गराईन्छ ती हुन् :

(क) कपाल काट्ने (क्षोर वा चूडा कर्म) (ख) उपनयन (सन्यास धारण) (ग) समावर्तन (लठ्ठी दिने, बाबुले सन्यास धारण गऱ्यौ भनि सोधनी गर्ने) (घ) वेदआरम्भ (वेदको ज्ञान प्रारम्भ गराउने) अथवा मन्त्रदान (ङ) व्रतबन्ध (कुमारबाट सम्पूर्ण ज्ञान प्राप्त गऱ्यौ भनी बाबु आमालाई जानकारी) अथवा ज्ञान सम्पन्नता ।

(क) **चूडाकर्म (कपाल काट्ने) : "जन्मना जायते शूद्र कर्मणा द्विज उच्यते"** त्यसैले द्विजातिको निम्ती यी व्यवहारहरु आवश्यक मानिन्छन् । जूटिका बन्धनकोलागि तयार गरिएको चन्दन, फूल, सर्स्यू, पहेंलो कपडा, कुमकुम, दही, अक्षता, कुश, जौ, हल्दी, गोबर, दूम्सीको काँडा आदिलाई पहेंलो वस्त्रमा पोको पारी व्रह्मा, विष्णु महेशको "व्रह्मज्ञानम, विष्णोरराटमसि र नमः शम्मवायच चः" मन्त्रोच्चारण गरी बटुकको १ पोको दक्षिण अर्को उत्तर, अर्को पश्चिमतर्फ वानी ठूलो पहेलो कपडाले टाउको छोपिदिने । त्यसपछि दिदी वा वहिनीले थापेको काँसको थालमा पर्नेगरी व्राह्मणद्वारा स्वस्तिकवाचन गराउँदै आफ्ना मामाबाट कपाल काटी यो कार्य सम्पन्न गराइन्छ । नाउद्वारा क्षौर गराउने भन्ने पनि शास्त्रमा व्यबहारमा पाइएको छ ।

(ख) **उपनयन (ज्ञान प्राप्त वा सन्यास धारण)** : बालक जन्मेको ८, ११, १२ वर्ष सम्ममा यो कर्म गरिसक्नु पर्ने हुन्छ किनकि स्वस्थ मानिसको पूरा आयू १०० वर्ष मानिएको र सो अवधिभित्र भिन्न-भिन्न समयमा भिन्न-भिन्न कार्य तोकिए वमोजिम गरिसक्नु पर्ने भएकोले यो अवधि भित्रै भन्ने राखीएको हो । ज्योतिषीद्वारा निकालिएको मुहूर्तपारी अघिल्लो दिनदेखिनै पवित्र वस्त्रहरु धारण गरी रहनुपर्दछ । सन्यास धारणको मतलव हो त्याग, पारिवारिक लगायत सम्पूर्ण शारीरिक सुखको त्याग त्यसैले बालकलाई जोगी, सन्यासीले प्रयोग गर्ने रङ्गका कपडाका साथै साधा र सरल भोक-प्यासबाट धेरै नआत्तिने संयम अपनाउन प्रयत्न गराइन्छ ।

(ग) **समावर्तन** : यसरी उपनयनकोलागि तयार भएको बालकलाई आफ्ना बाबुले सोधिन्छ बाबु ! के तिमी सन्यास धारणा गर्न राजी भयौ ? बालकले तयारी भएको जानकारी गराएपछि मात्र उनका बाबुले भनिन्छ बाबु ! यो कठिन कार्य छ आहार-विहार, भोक-प्यास सबैलाई पन्छाएर गुरुकुलमा रहेर गुरुको आदर आज्ञापालन गर्दै तिमीले गुरुकूलमा उपल्लो श्रेणीमा रहेर बस्ने छौं भन्ने विश्वास लिएको छु । बालकलाई उनका बाबुले मृगासन उपहार दिने गर्छन् र भन्दछन्– “बाबु ! तिमीले यसै आसनमाबसी शिक्षा-ज्ञानप्राप्त गर्न पर्नेछ” र ती बालकलाई पइयौं वा पलासको लठ्ठी पनि ग्रहण गराइन्छ । किनभने जङ्गलभित्र गुरुकुलमा रहँदा केहि जनावरहरुबाट जोगिनको लागि सो लठ्ठि दिइएको हो । तर सन्यांस धारण बाहेकको अवस्थामा ती लठ्ठीहरु प्रयोग गर्न उपयुक्त हुँदैन र कहिले पनि प्रयोग गरिँदैन ।

(घ) **वेदारम्भ** : उपनयन अर्थात ज्ञानको आँखा खुल्न गईसकेपछि समावर्तन अर्थात सन्यास धारण गराइनेछ यी कर्म गराई सकेपछि सो वालखलाई बेदको ज्ञान प्राप्त गर्नको लागि पढाइन शुरु गरिनेछ तत्पश्चात आफ्ना योग्य गुरु । पिताबाट मन्त्रदान गरिनेछ । आफ्ना संस्कार रितितिथिको पालना र आफ्नो उपस्थिति भएपछि आफूले गर्नुपर्ने कर्तब्य आदिको

ज्ञान दिलाई योग्य, इमान्दार, कुसलता प्राप्त गरि समाजमा लोक कल्याणकारि कार्य गर्न उत्साहित बनाउन, सत्य न्याय प्रति समर्पित भै ईश्वर भक्तिमा लाग्न वालखलाई हौशला प्रदान गर्नेछ ।

(ङ) **व्रतबन्ध** : यसरी गुरुकुलमा गएका ती बालक आफ्ना गुरुद्वारा विभिन्न ज्ञानका कुराहरुका साथै ज्ञान प्राप्तिको लागि गरिनुपर्ने व्यवहार, संस्कार आदिसँग सम्बन्धित सम्पूर्ण विद्या सिकाइन्छ । विस्तारै बालकलाई नीति- नियम आदिहरु पालनागर्न लगाई वेदको शिक्षा दिलाई, पढाइन्छ । गायत्री मन्त्रको दान गरिन्छ र सोको अभ्यास र उपयोग सिकाइन्छ जब बालकले ठान्ने छ बाहिरी आँखाले देखिएको सम्पूर्ण जगत् जे जति देखे पनि अनित्य छ । उपनयनादि कर्मद्वारा अन्तः कारणादि जागृत भए पछि भित्री आँखा खुल्दछन् र ऊ ज्ञानी हुनेछ । त्यसपछि ज्ञानप्राप्त भैसकेको सो ज्ञानीले आफू र आफ्ना गुरुको सेवा सश्रुषा सम्बन्धी विविध कर्तव्य निभाउनु पर्नेछ । तिमी कसरी यो पूरा गर्नेछौं भनी गरिएको प्रश्नमा बालकले भन्नेछ म भिक्षामागी आफू र गुरुलाई पूराहुने काम गर्नेछु । तव सो ज्ञानी बालक भिक्षा मागेर हिँड्दछ र भिक्षा दान गर्ने गरिन्छ ।

तब ती ज्ञानी भएका बालकलाई गुरुकुल आश्रमबाट उनका ज्ञानप्राप्त गरेको गुरुले बाबुआमाकहाँ लिएर आउँदछन् त्यसवेला बालक आफ्ना मातापिता भएको ठाउँमा गई भेटघाट गर्दछन् । ती बालकलाई उनका पिताले सोध्नेछन्- बाबु तिमीले ज्ञान प्राप्त गऱ्यौ ? निष्ठा, नियम त्याग र सेवा बुझ्यौ ? बालकले आफ्नो अनुभव त्यहाँको वातावरण आदि सबैको आफ्ना पितालाई जानकारी गराउँदछन् र आफू सोहि आचरणमा बसिरहने प्रण गर्दछन् तर उनका बाबु उनलाई गृहस्थ व्यवहारमा आउन धेरै सम्झाउँछन्, बुझाउन् । बालक मान्दैमान्दैनन कसरी पनि बाबुले उनलाई चित्त बुझाउन नसकेपछि आफ्नी आमाले बालकलाई सम्झाउने काम

हुन्छ । बाबु तिमीलाई १० महिना गर्भमाराखी दुःख, कष्ट, भोग- प्यास केही नभनी हुर्कायौं- बढायौं सन्यासी भई ज्ञान प्राप्त पनि गरिसक्यौ । अब बाबु हामी वृद्ध भइसकेका छौं । त्यसैले व्यवहारिक आश्रममा बसी व्यवहार संचालनगरि हाम्रो देखदेख सुरक्षा- संरक्षण गर । बालक भन्नेछन् माता ! तपाईंहरुको यस प्रेम त्याग- सेवा मैले कैले भुल्नेछैन तर पनि म आफू सन्यास रुपमा बसी वन प्रस्थान गर्दै देश- देशान्तर डुली प्राप्तज्ञानको शिक्षा दिँदैजानेछु । त्यसैले मलाई अरु जिम्मेवारी नदिनुहोस् ? आमा अनेकौं अलौना- विलौना विलाप गरेर बालकलाई गृहस्थ आश्रममै राख्न चाहन्छिन् । यसरी हेरिरहेका बालकका गुरुले भन्दछन्– बालक माता- पिताको सेवा पनि तिमीले प्राप्त गरेको ज्ञान भित्रै पर्दछ र एक निष्ठावान् सत्मार्गी कुशल गृहस्थी भै तिमी यहिँ रहेर आमाबाबु मतलव आफ्नो संस्कार बमोजिमको सुकर्म गरी बस । आमाबाबु र गुरुको समेत यस्तो आग्रह सुनिसकेपछि बालक अब मातापितासँग रही असल व्यवहार संचालन गर्ने गरी सत्सङ्गी उपकारी र सहयोगी भैरहने निर्णय गर्दछन् । त्यसपछि उपस्थित गुरु- व्राह्मण- चेलीवेटी- दिदी- बहिनी आदिहरुलाई मातापिता, बालक र बालकका मामा लगायत आफ्ना सबै इष्टमित्र, बन्धु- बान्धव, साथीभाईहरु खुशी भएर ज्ञानी भएको सो बालकलाई गृहस्थ प्रवेश भएकोमा खुशीका साथ बधाई ज्ञापन गर्दै मिठा मिष्ठान्नका भोजन गरी हाँसि खुशीकासाथ विदावारी गरिएको हुन्छ ।

यसरि पूर्ण भै मानिएको मानव जिवनलाई १०० बर्षको आयु प्राप्त हुनगएको मानिएको छ । यसरि प्राप्त हुन आयको जिवन र निर्धारण गरिएको आयुलाई ४ भागमा विभाजन गरिएको छ र प्रत्येक भागको आयु वरावर, मतलब २५- २५ वर्ष कायम गरिएको छ । वर्णाश्रम व्यवस्था अनुसार यी माथि विभाजन गरिएको आयुलाई व्यवहारलाई ४ आश्रममा छुट्याइएको छ र प्रत्येक- आश्रममा पालनागर्नुपर्ने नियमहरु र संचालनगर्नुपर्ने कार्यहरु फरक फरक छन् । ति आश्रमहरु

के- के हुन र ति आश्रमका अवस्थामा पालनागर्नुपर्ने नियमहरु र संचालनगर्नुपर्ने कार्यहरु के- के हुन ? सो विषयसम्बन्धमा अव उल्लेख गर्न गइरहेको छु । ति ४ आश्रमहरु हुन् ।

(१) **व्रम्हचार्य आश्रम**
(२) **गृहाश्रम आश्रम**
(३) **वानप्रस्थ आश्रम**
(४) **सन्यास आश्रम**

१. *ब्रम्हचार्य आश्रम* :- यो आश्रम जिवनको प्रथम आश्रम हो, यस समयमा मानवलाई ज्ञान, गुण दर्शनहरु आदिको गहन अध्ययन गराइन्छ, धर्मशास्त्र नितिशास्त्र, नियम, कानून, रितिरिवाज, संस्कृति आदि सम्बन्धमा अध्ययन गराई, गर्नलगाई सुयोग्य बनाइन्छ । यस समयमा पूर्व बर्तमान र भविष्यको अनुभव, अनुयुति र कल्पना आदि सम्बन्धमा ज्ञानप्राप्तगर्ने समयहुनाले घर परिवार भित्र रहदा बिभिन्न समाजभित्र देखिने सामाजिक संरचना भित्रका व्यवहारहरुले सो प्राप्तगर्न कठिनाई पर्न सक्ने हुनाले गुरुकुल आश्रममा पढाई, गुरुकुलभित्र अपनाइने कम आहार स्वच्छ विचार ज्ञानप्राप्त गरेका गुरुको सेवा, ज्ञानको अभिलाषा प्रयोग उपयोग आदि सम्बन्धमा योग्य र पूर्णरुपको बनाइने गरिन्छ ।

२. *गृहाश्रम आश्रम* :- यो मानव जिवनको दोस्रो आश्रम हो । प्रथम आश्रममा वसि वेद वेदादी, रितिथिति, संस्कृती सभ्यता उत्पत्ति विकाश आदि सम्बन्धका ज्ञानप्राप्त गरिसकेपछि यस आश्रममा प्रवेश गराइन्छ । यस समयमा ब्रम्हग्रन्थ आदिहरुको ज्ञान गराइन्छ । यस समयमा कर्म (काम) लाई प्रधान मानिनेछ । मतलब यसै समयमा प्रथम आश्रमबाट प्राप्त हुनगएको ज्ञान र अनुशासन र यस आश्रमका समयमा पाइएको व्यवहारिक ज्ञानहरुका कारणले पूर्णता पाई समाजमा योग्य , शिक्षित, अनुसासित हुँदै राम्रो सभ्य समाज निर्माणको लागि अग्रजरुपमा प्रतिष्थापित बन्नलाई प्रोत्साहन र आत्मबल प्राप्त गर्ने छ । समाजका सहित, राम्रा, असल

कार्यहरु गरि गर्नलगाई नियम, पद्धतिबाट संचालनगर्ने परिपाटिको निर्माण गराई समाजलाई सुखि र हाँसि राख्ने अवस्थामा पुऱ्याउने छ ।

३. *वानप्रस्थ आश्रम :-* मानव जिवनको तेस्रो आश्रम हो यो । आफ्नो ५० बर्ष वितिसकेपछि प्रवेस हुने यस आश्रमको अवस्थामा पहिला दुई अश्रम अवस्था पारगरिसकेको हुनाले त्यहाँबाट पढेको, जानेको बुझेको अनुभव गरेको आदि यस्मा उपयोग हुनजानेछ । यस अवस्थामा व्यवहारिक कर्म र ज्ञान दुबै प्राप्त हुनजानेछ । यस आश्रममा पति-पत्नी साथै रहि बनमा एकान्त भै पितृ र देवताहरुको संस्मरण गरिन्छ । विभिन्न स्थान र ठाउँमा गएर पितृ र देवतालाई तर्पण श्राद्ध आदि गरिन्छ । पितृ र देवताका संस्मरणमा पाठशाला, देवालय, शिवालय, पाटि पौवा धारो कुलो निर्माण गर्ने गरिन्छ तथा दान, धर्म, पाठ आदि गरिन्छ र गर्न लगाइन्छ । यसरि पितृ र देवऋणहरुबाट आफू मुक्त हुँ भनि कार्यहरु गरिनेछ । यस समयमा आरण्यक आदि ग्रन्थहरुको आफैले अध्ययन गरिनेछ । सभा प्रवचन आदि स्थलहरुमा उपस्थिति जनाई सज्जनताको पंतिमा उभ्याउने छ । त्यसैले यस आश्रमको समयलाई आधा कर्म र आधा ज्ञान प्राप्त गर्ने आश्रमको रुपमा पनि मान्न सकिनेछ ।

४. *सन्यास आश्रम :-* जिवनको अत्तिम आश्रम हो यो । विभिन्न तिन आश्रमहरुबाट पढेका बुझेका जानेका र भोगेका अनुभवहरुलाई सङ्गाल्दै आफ्ना पछिका पिडि (पुस्ता) लाई जानकारि गराईनेछ । शरिरका सबै अङ्गहरु थाकेका र कमजोर हुनेछन यस अवस्थामा अरुले दिइएको र चाहेको मात्र उपयोग गर्न सकिने अवस्था हुनेछ यस आवस्थामा आफ्ना जोडि साथि समकालिनहरुको सबै नै यस्तै देखिई भेट भलाकुसारी चाहना भएतापनि अरुका चाहनाहरुमा रहनुपर्ने हुनेछ । त्यसैले यस आश्रममा पूर्ण ज्ञानरुपि उपनिषदहरु पढाइन्छ, शिक्षा आदि दिइन्छ । संसारमा पढेका जानेका बुझेका र भोगेका बस्तुहरुलाई ठम्याउन र भोगगर्न कठिन

पर्न जानेछ र बैराग्य प्राप्त हुन जानेछ । त्यसैले बैराग्यबाट टाढा राख्न र नैराष्यता नहुनकालागि योगमार्ग सिकाइनेछ । यस मार्गबाट ज्ञान प्राप्त हुन जानेछ । ईश्वर मतलब लोभ, लालचा, घमण्ड, भोग विलास शक्ति आदिबाट टाढा राखि पूर्ण सन्यास जिवन बिताउन सिकाइनेछ । जसबाट माया प्रेम लालचा स्वाद गन्ध र वास्ना आदिहरुबाट टाढा रहि आसत्तता त्यागि, मात्र त्यागि बन्न सक्नेछ जसबाट सत्य र ईश्वरको समिप्यमा रहि सकुसल रहन र बाँच्न सक्नेछ ।

२३. विवाह :-

विवाह सम्बन्धी सम्पूर्ण कार्यक्रमहरु वैदिक कालदेखि चल्दै आइरहेको देखिन्छ र हालसम्म सोही विधि- विधानको प्रचलनलाई नै निरन्तरता दिइएको छ । केटी माग्न जाने, विवाह छिन्ने, जन्ती पर्सने बरणी गर्ने, कन्यादान गर्ने, विवाह मण्डपमा उपस्थित्र भै अन्यकार्य गर्ने, चतुर्थी कर्महरु गर्ने आदि विधानमा उल्लेख गरेको पाइन्छ ।

(क) **केटी माग्न जाने तथा विवाह छिनोफानो गर्ने :** सूर्यकी छोरी सावित्रीको सोमका साथ विवाह गर्ने राजि खुशी भइसकेपछि आश्विनी र कुमार दुई व्यक्ति लमीको रुपमा सूर्यकहाँ उनकी छोरी माग्न गएका थिए सो सम्बन्धित कुराहरुको सम्पूर्ण जानकारी उनीहरुको केटीका पिता सूर्यलाई बताइसके पछि सूर्यले त्यस्तो उनीहरुका चाहना हो भने म केटासँग साक्षत् भेट गरेर केटा योग्य ठानिएमा आफ्नी छोरी सावित्रीको विवाह निजसँग गराइदिनेछु भन्ने वचन ती लमीलाई दिइ पठाएछन् । यता छोरी सावित्रीले स्वयंवरको साइत हेरी सोमलाई विभिन्न मसलाहरु बनाई आफूलाई स्वयम्बर गर्न निम्ता पठाइन् साथमा उनले विभिन्न फल मसलामा पान्- मसलाहरु, दही- फलफूल, माला आदि समेत । सोम आफ्नी प्रेमिका सावित्रीको निम्तो पाई आफ्ना साथिभाई- इष्टमित्र, आफन्तहरु समेत लिई इन्द्रायणी देवीको पूजा गरी उनको घरमा आउन पुगे । त्यस समयमा केटा सोम र केटी

सावित्रीका विचमा फूल माला, टिका- औठी लगाई वरवधुका रुपमा एक अर्कालाई स्वीकार गरी जीवन संचालनगर्ने प्रतिवद्धता आफन्त अगाडि एक- अर्कामा गरे सोहि परम्परा आज प्रत्येक नव वरवधुहरुमा परिवारजनहरुले मानि सोहि अनुसारको व्यवहारमानी गराउँदै आइरहेको देखिन्छ ।

(ख) **पूर्वाङ्ग** : शुभ कर्महरु गर्नुभन्दा अगावै गरिने कार्यलाई पूर्वाङ्ग भनिन्छ । यो काम ज्योतिषीबाट साइत हेरी जुराई गरिन्छ । यो कार्य गर्नको लागि चाहिने माटो खनी ल्याई विस्कुन सुकाउनेकार्य नवकन्याहरुबाट गराइन्छ र सधवा महिलाहरुबाट चामलको पिठो बनाई गणेश वटार्ने गरिन्छ । किनकि कुनै पनि कार्य गर्दा सर्वप्रथम गणेशको प्रतिमा बनाई उनको सम्झना गरी पूजा गरे पछि मात्र अन्य देवदेवीको पूजा गर्दा मात्र गर्न लागेको कामको निर्विघ्नपूर्वक प्रगति तथा फलिफाप हुनेछ भनि गणेशजीलाई शिवजीबाट वरदानप्राप्त हुनगएकाले र चामलको पिंठो शुद्ध र विवाहको कार्य पछिसम्म रहिरहन उपर्युक्त नहुने भएकाले पिठोबाट नै गणेश बटार्ने (बनाइने) गरिएको हो । वुकुवा बनाउने, कन्याकी आमाले कलशमा जलभर्ने, दाजु वा भाईले भार वनाउने गरिन्छ । तत्पश्चात पूर्वाङ्ग होम, ग्रहशान्ति, बेहुली पट्टिका साथै वेहुलापट्टि पनि एकै दिनको समयमा शुरु गरिन्छ । प्रथमतः पितृश्राद्ध अथवा पितृहरुलाई सम्झना गरी श्राद्ध गरिन्छ । जसलाई नान्दीमुखी श्राद्ध भन्ने गरिएको छ र पछि देवताहरुको पूजा सम्झना गरिन्छ र पितृ र देवताबाट आशीर्वाद पाउने अपेक्षा गर्दै सम्झना गरिएको हो भन्ने प्रचलन छ ।

(ग) **साइपाटा** : दुलाहाको तर्फबाट दूलहीलाई उपहारसहित आफ्नो तर्फबाट पूर्णस्वीकृति भएको जनाई विभिन्न व्यक्तिहरु लगाई फलफूल, मिठाइका साथै दुलहीकोरुपमा भित्र्याउनकोलागि विवाह सम्बन्धी जस्तै कन्यादान लिने, सिन्दूर हाल्ने, पोते लगाईदिने, आदी कार्यक्रमहरुको लग्नकागज साथै बाजागाजा सहित दुलहीकहाँ पठाइन्छ । सो

लगनपत्र हेरी राखी अन्य साइतगरी पठाइएका फलफूल-मिठाई-भेटी हेरी दुलहीले स्वीकृति जनाई सोमा आफ्नोतर्फबाट पनि त्यहाँ केही सामान थपगरी ती मालसामानहरु दुलहाकहाँ पठाइन्छ । सो कार्यहरुलाई साइपाटा भनिन्छ ।

(घ) **वाग्दान तथा वरणी** : दुलहीतर्फबाट पितृ एवं देवताको सम्झना गरिएको स्थानमा दुलहालाई लगिन्छ । जहाँ दुलहीका बाबुले आफ्नी छोरी दिने बचन दिनेछन् जसलाई बाग्दान अथवा बोलिएको वचन भनिन्छ । वाग्दान केटी माग्ने र विवाह छिन्नेकामको धार्मिक रुप हो । वरणी दुलही अर्थात् छोरीले रोजेकी केटालाई दुलहीका बाबुले साक्षात् भेटेर योग्यछन् भन्ने विश्वास लागेपछि मात्र मञ्जुरीदिई गरिने धार्मिक कार्यको रुपमा हेरिने गरिएको छ ।

(ङ) **जन्ती** : दूलहाले आफ्ना साथीभाई, इष्टमित्र, नातागोता, कुटुम्ब सहित विभिन्न किसिमका बाजागाजासमेत, मनोरञ्जन सामाग्रीहरुबाट आनन्दित दिलाउँदै सवारीमा चढेर दुलहीकहाँ जाने कार्यलाई जन्तीजाने भनिन्छ र यसरी जाने व्यक्तिहरुलाई जन्ती भनिने गरिन्छ । यसरी जन्ती दुलहाका घरबाट निक्लने समयमा घरको मूलद्वारमा सजाइएका शुभ कलशको विचमा दुलहाकी आमाले सगुनस्वरुप छोरालाई दही, फलफूल खुवाई हातमा फूल राखी दुलहीकहाँ प्रस्थान गराउँदछिन् । सबै भन्दा पहिला मंगल उच्चारण गर्ने ब्राह्मणहरु त्यसपछि सगुनले सजाइएको कलश र गणेश त्यसपछि बाजागाजा रहन्छन् । त्यसपछि वेहुला सवार रहन्छन् । त्यसपछि अन्य जन्तीहरु रहेका हुन्छन् । जन्ती आइपुगेको थाहापाएपछि दुलहीका बाबुले शुद्ध पोशाक पहिरनगरी गुरु-पुरोहित-ब्राम्हण र मंगल कलश अघि लगाई आफ्ना इष्टमित्र सहितभई जन्तीको स्वागतगर्दै घरभित्र प्रवेश गराउँदछन् । सवार चढेका दुलाहालाई फूल अक्षता र सगुनहरु चढाउँदै तीनपल्ट परिक्रमा गरी जन्तीहरुसँगै आफ्नो घरभित्र प्रवेश गराउँदछन् । यसकार्यलाई जन्ती पर्सने कार्य भनिन्छ ।

(च) **कन्यादान :** दुलहीलाई लक्ष्मी र दुलहालाई नारायणको रुपमा मानी गोडाधुने प्रचलन छ, जुन कार्य गर्न पाउनु सौभाग्य मानिन्छ । यस समयमा दुलहीलाई उपहार दिने चलन रहि आएको छ । जसलाई "गोडधुवा" भनिन्छ । यस समयमा गोडा धुने, अर्घ दिने, आसन दिने, काँसको भाँडामा दही, मह, घ्यू राखी "माहुर" खुवाउने काम गरिन्छ । दुलहीकी आमाले झारीले पानी हालिदिने र वेहुलीका वावुका हातमा जौ, तिल, कुश, जल राखी शंख र छोरीको दाहीने बूढी औंला समाई राख्दछन् र दुलहाले हात थापी रहन्छन् उक्त संकल्प पढी सकेपछि दुलहाको हातमा छोरीको हात राखीदिन्छन् । दुलहाले दुलहीको बूढी औंला समाई बस्दछन् र मंगल उच्चारण सहित पाठ पढिन्छ र लगनगाँठो दुलहा-दुलहीको विचमा कसिन्छ । सत्य, इमान्दार, प्रगति, विश्वास प्रेमका भावनामा दुई व्यक्ति विचमा लगनगाँठो कसिएझैं कस्सिएर रहिरहोस भन्ने कामना गर्दै आफ्ना नातेदार इष्टमित्र बन्धुहरु समेतले यस कन्यादान गर्दछन् ।

(छ) **विवाह :** सामान्य रुपमा सम्झँदा केटा र केटी (युवा र युवती) को विचमा विवाह सम्बन्धी कार्य पूर्णगरी एक अर्काका विचमा श्रीमान/श्रीमतीका रुपमा व्यवहार समेत गर्नसक्ने हुने व्यवस्था प्राप्त हुनुलाई विवाह भनिन्छ । यस वैवाहिक कर्ममा परिणय र सप्तपदी परिणय यसमा लाजाहोम, पाणिग्रहण, अश्मारोहण र परिक्रमण समेत ४ कर्म गराइन्छन् । यसमा दुलहा दुलहीको जीवनका कर्तव्य र अधिकारसँग सम्बन्धित व्यवहार हुन्छन् । मन्त्रपाठपूर्वक लाजाहोम, पणिग्रहण अश्मारोहण र परिक्रमण तिन पल्ट गराइन्छ र चौथो पटक परिक्रमण गराइन्छ ।

(ज) **सिन्दूरदान :** दुलहाले दुलहीको शिरमा सिन्दूर राखीदिने कार्यलाई सिन्दूरदान भनिन्छ । यो काम हुँदा माइतीले हेर्न नहुने भनिन्छ । दुलही तर्फको एकथान ठूलो लामो सेतो मलमलको कपडामाथी दुलहातर्फको पनि सो अनुसारको कपडा राखी गणेश, कलश हुँदै दुलहीको शिरसम्म सधवा

महिलाहरुले तन्काई समाती राख्दछन् । दुलहाले सिन्दूरे भोलाको सुन वा चाँदीको बट्टाबाट सिन्दूर निकाली, जग्गेका देव देवी, अग्निका साथै तीन लोक अर्थात् ध्रुवलोक, अन्तरिक्षलोक र पाताललोकका सबै देवी देवताहरुलाई समर्पण गरी गणेश, कलश हुँदै दुलहीको शिरसम्म तन्काइएको सेतोकपडा हुँदै शिरमा अटुट रेखाबनाई सिन्दूर राख्दछन् र यो क्रम तीन पल्टसम्म गरिन्छ । यो सिन्दूरदान भएपछि दुलहा- दुलही एकै बन्दछन् र एकै ठाउँको अक्षताका टीका लगाउँदछन् । गृहस्थी जीवनमा प्रवेश भएको मान्यता भएको हुनाले व्यवहारमा पर्ने कार्यहरु मध्ये केही जस्तै लावा भुट्ने, ऐना हेर्ने, पासा खेल्ने, माहुर खुवाई जुठो एक अर्काको चलाउने गरिन्छ । दुलहाले दुलहीलाई आकाशमा ध्रुवतारा देखाई ध्रुवताराझैं अटल बन्न अनुरोध गर्दछन् । तत्पश्चात् बाँकी होमादिका कामहरु गराइन्छन् ।

(झ) **दुलही अन्माउने :** यसरी आवश्यक सम्पूर्ण विवाह सम्बन्धी कार्यक्रम गरिसकेपछि दुलहीलाई अन्माउने बेलामा दुलहीका बुबाआमाले दुलहीलाई देवदेवीसँग साथै राखी परिक्रमा गराई दुलहीकी आमाले दुलहालाई धर्मभकाउँछिन् र धर्मगाँठो बाँध्छीन । सो पछि दुलहीलाई सगुन खुवाई माला, टिका आदि पहिराई बुबा वा दाजुभाइले बेहुलीलाई जग्गेको प्रदक्षिण गराई रथ वा सवारको प्रदक्षिणा गर्दछन् र सवारको दायाँ तर्फ राखी बेहुली अन्माइन्छ (विदा गरिन्छ) । दुलहाका बाबुलाई दुलहीका बाबुले ढोगी सम्धीभेट गरिन्छ ।

(ञ) **दुलहीको दुलहाको घरमा प्रवेश :** दुलहीसहित दुलहा, आफ्नो घर नजिक पुगेपछि दुलहाका ब्राह्मणहरुले मंगलपाठ दुलहीलाई गर्दै फूल अक्षताहरु छरेर घरभित्र प्रवेश गराउँदछन् । जग्गेमा दुलहाका दिदीबहिनीले दुलहा- दुलहीको पूजा- आरती सामली गर्दछन् ।

(ट) **सप्तपदी :** यसको मतलव सातपद अर्थात् सातपाइला सँगै हिँडे पछि र परस्पर सात कुराहरु गरिसकेपछि समान,

मित्रता, सद्‌भाव कायम रहन्छ भन्ने हाम्रो संस्कृतिको मान्यता हो । तत्पश्चात यी जोडी समान, सहअधिकार र कर्तव्यभएका मित्रको रुपमा रहनेछन् । यो विवाह सम्बन्धी विवाहको कर्मकाण्डको महत्त्वपूर्ण कर्म मानिदै आएको छ । यो कर्म गरिसकेपछि पत्नीका रुपमा रही दुलहाको घरमा प्रवेश गर्नेछिन् र दुलहाकी आमा- दिदी- बहीनी र दाजुभाईसँग परिचय गराइन्छ र नन्द, आमाजुले बाटोछेकी उनीहरुले इच्छाएको कुरा माग्ने छन् सो दुलहीबाट प्राप्त भएपछि मात्र दुलहीलाई जग्गेमा आरती आदि गरिन्छ । सासुसँग बसी मानो पाथि भर्ने, चुल्ठो जोर्ने, आदी गरिन्छ । सो पछि दुलहाले दुलहीको अभिषेक, खाँडो जगाउनेले बोकेको जलबाट गराइन्छ । खाँडो गीत भट्टयाएर खाँडो जगाइने गरिन्छ र उपस्थित आफन्त- इष्टमित्र- साथिभाई- छिमेकीसँग बसेर रमाइलो गरिन्छ ।

(ठ) **चतुर्थीकर्म** : दुलहाले आफ्नी दुलहीलाई आफ्नो घरमा प्रवेश गराएपछि माथि उल्लेख गरिएका कर्महरु गरिन्छन् वेदमा उल्लेख भएवमोजिम हवन, भोजन दम्पतीको एकान्त सहवास आदि कर्म सम्वन्धमा ज्ञान दिलाइन्छ । विवाह भैसकेपछि तीन दिन ब्रह्मचर्यमा बस्नु राम्रोहुने बेदमा भेटिन्छ सो को अवज्ञा हुने डरले हाल दुलहीतर्फको विवाहमण्डप सकिसकेपछि सो मण्डप केटाकै हो भन्नाकालागि सो मण्डप खरिदगरी त्यहिँ यो कार्य गर्ने चलन कहिँ- कहिँ हुँदै आएको छ ।

२४. मृत्यु र सो पश्चात गर्ने कार्यहरु :

(S)दौलतमा पनि दौलतै हुन गयो, कसको गयो धन सँगै ।
पापपुन्य पनि मात्र जान्छ सँगमा, सुख छैन आखिर नगै ॥
मायामोह र लोभ क्रोध ई सबै, छाडी फरक भै रहुँ ।
खुब भक्ति मनमा लिएर तिमीले, रामनाम मात्रै कहु ॥

मानिसका शारीरिक क्रियाकलापहरु जब पूर्णरुपमा बन्द हुन्छन् शरीरमा प्राणवायु नरहेको अवस्था रहन्छ, त्यस अवस्थामा मानवको

मृत्युभएको ठानिन्छ । त्यस्तो मृत घोषित भईसके पनि उक्त मृत भनिएको लासलाई छुन र धक्कादिने काम गर्नुहुँदैन किनभने त्यसमा धनञ्जय भन्ने बायुरहेको हुन्छ । त्यस बेलासम्म मृतकको प्राणलाई लिएर यमराज धर्मसभामा पुग्दछन् र सो धर्मसभामा यमराजका दूतहरुले फलानो ठाउँका फलानो मानिसलाई लिइ आएका छौं भने पछि उसको समय पुगेको छ/छैन चित्रगुप्तले खाता पल्टाई- पल्टाई हेर्दछन् । म्याद पुगेको देखिएमा सो दुतहरु सरासर सो लासमाआई त्यहाँबाट लैजान्छन् र म्याद पुग भएको नभए सोप्राण त्यहिँ छोडिदिई उनीहरु फर्कन्छन् ।

सो व्यक्ति पुनर्जीवित हुन्छ भनिएको छ । एउटा कहानी अनुसार सत्ययुगमा यमराजका दूत देखिनेगरी प्राण लिन प्राणीभएका ठाउँहरुमा आउँदारहेछन् । ती यमराजका दूतहरुले ती-ती लानुपर्ने समय सिद्धिसकेका मानिसहरुलाई आफू आएको कारणसमेतको जानकारी दिई लगिँदो रहेछ । सोको धेरै समयपछि ती दूतहरुलाई फकाई मानवहरुले इच्छा लागेका वस्तुख्वाइ खुशी पारी पृथ्वीमै अल्मलाई राख्दा रहेछन् । सँधै ढिलो भएका ती दूतदेखि यमराज दिक्क भइसकेका रहेछन् । यत्तिकैमा एक दिन त यमराजले विभिन्न प्राणीहरुको नामावली दिई आफ्ना दूतहरुलाई लिन पठाएका थिए । सबैभन्दा पहिले ती मानवहरु भएका ठाउँमा पुगे र आफूहरु आउनु परेका कारण बताए सो थाहा पाइसकेपछि सो ती दूतले घंरमा परिवारजनहरुले ती यमदूतहरुलाई मिठा- मिठा भोजनहरु गराई अल्मलाई खोरमा थुनिराखे । उता यमराज आफ्ना दूत यत्तिका दिनसम्म पनि नआएका र प्राणीहरु ल्याउनुपर्ने मिति नाघिसकेका धेरै दिन भइसकेकोहुँदा पृथ्वी समेतलाई भार भइसकेको हुनाले स्वयं यमराज आफ्ना भेष वदली पृथ्वीमा घुमफिर गरिरहेका थिए । डुल्दाडुल्दा दूतहरु पत्ता लाग्न सकेका थिएनन् । यमराज केही दिनपछि एक गाउँमा जाँदै थिए त्यहाँ गाउँलेहरु हाँसी- हाँसी नाचिरहेका थिए यमदूतलाई थुनेका छौं अब हाम्रो मृत्यु हुने छैन भन्दै । यमराजले गाउँलेसँग फकाई- फुकाई थुनेको ठाउँ पत्ता लगाई आफ्ना दूतहरुलाई त्यहाँबाट उम्काएर

लान सफल भए त्यसै दिन देखि यमराजले आफ्ना दूतहरु पठाउँदा कुनै प्राणीले नदेख्ने र थाहा नपाउने गरी पठाउन लागे ।

२५. मृत्युको घोषणा त्यसपछि गर्ने कार्यहरू :

जब मानिसको मृत्यु भएको हो भनि मानिन्छ घोषणा गरिन्छ सो शरीरलाई तुलसाको मठको छेवैमा गाईको गोबरले लिपी त्यहाँ कुश र तिल छरी लास राख्नुपर्दछ । किनभने सो लासलाई पृथ्वीमा नराखी लिपेको स्थानमा कुशमाथि राख्दा अन्तरिक्ष मानिने र लासले पृथ्वीलाई बोझ नहोओस् भन्ने हो । किनकि कुशको फेदमा ब्रह्मा बिचमा विष्णु र टुप्पोमा महेश्वर रहेका हुन्छन् र तिल परमेश्वरको पसिनाबाट निर्माण हुनगएको मानिएको छ । सुताइएको लासमा शालिग्रामलाई धोइ मुखमा जलराखीदिनु पर्छ किनकि ती स्वयं श्री नारायणको प्रतिक खुवाई सो को जल खुवाई दिनाले मृतकको सिधै वैकुण्ठबास हुन्छ भन्ने प्रमाण छ । यति गराइसकिएको लासलाई सफा गंगाजलबाट स्नान गराई दिनुपर्दछ । किनभने सो स्नानबाट मृतकको निक्ली डुलिराख्न थालेको आत्मा सफासँग हरिको नजिक पुग्दछ र वैकुण्ठजाने प्रवलता प्राप्त हुन्छ यसै सन्दर्भमा के मानिएको छ भने (१) जो योगी छ उसको अन्तिम सास तालुबाट बाहिरिनें छ (२) जो धर्मात्मा छ, उसको ७ उर्ध्व छिद्रबाट अर्थात् मुख, नाक, आँखा, कानबाट बाहिरिने छ र अधर्मीहरुको तल्लो छिद्रबाट बाहिरीने छ । यसरी पाँच तत्वबाट निर्माण भएको शरीरबाट प्राण अर्थात् आत्मा बाहिरिँदा आकाशमा आकाश, पृथ्वीमा पृथ्वी, तेजमा तेज, जलमा जल र वायुमा वायु लीन हुन जान्छन् ।

यतिखेर आफ्ना छोरा-छोरी, श्रीमान-श्रीमती, आमा, बाबु, दाजू-भाई, दिदी-बहिनी, साथिभाई, छरछिमेकि, इष्टमित्र, नातागोताहरुआई मृतकका आफन्तहरुलाई अनेकन हिसावले सम्झाउने वुझाउने आदि गर्दछन् तर पनि मृतका आफन्तहरु मृत्युका पिडाले दर्दनाकरुपले छटपटाई छटपटाई रोई कराई रहेका हुनेछन् । अव उनिहरुलाई भन्नपर्नेछ संझाउन पर्ने छ कि पानीले भरिएका भिन्न-भिन्न घडाहरुमा एउटै सूर्यको प्रतिबिम्ब भिन्न-भिन्न देखिएझै आत्मा एकै हुन अजर छ ५ तत्वबाट निर्माण हुन गएको

शरिरमात्रै परिवर्तन भइरहेको छ त्यसैले चिन्ता गर्नु योग्य छैन । शूर्यले आफ्नै किरणबाट पानी सोसेर लानू हुन्छ र समयसमयमा बर्षा गराईदिनुहुन्छ त्यसरिनै हामी साधक (आफन्त) हरुले पनि बिषय (नाता) को सेवन (सम्बन्ध) राखेपनि त्यसमा आशक्त रहनु हुँदैन संभन पर्छ छाडिदिन सक्नुपर्छ ।

(क) **सोलामा चढाउने :**

यसरी मृत्युधारण गरेको लासलाई छुनुभन्दा अगाडी छोराले मुण्डन गरोस् र स्नान गरोस् त्यसपछि सफा शुद्ध कपडा लगाओस् त्यो मृत शरीरलाई पानीले नुहाई चन्दन माला फूल र गङ्गाको माटोले लिपिदेओस् । जहाँ प्राण गएको छ त्यहाँ शिव नाम हुने भएकोले त्यहाँ शवनामले एक पिण्डको दान गरोस् । किनभने सो गर्नाले भूमिदेवता प्रसन्न रहन्छन् र त्यहाँ रहेका भूत, प्रेत, पिशाच आदिले मोक्ष हुनबाट बाधा गर्नसक्दैनन् । त्यति गरिसकेपछि आफ्ना दाजुभाई समेत भै परिक्रमा गराई सोलामा चढाइदिने लास उठाउने बित्तिकै त्यहाँ १ पिण्ड दिनु बाँध बुध गरेको स्थानमा एक पिण्ड दिनु र ढोकामा एक पिण्डदिनु र सो छोरा दाजूभाइले वाँधी आधा बाटोमा लास राखी एक पिण्ड दान गर्नु आदि कार्य आवश्यक छन् र लास बोकेर लाँदा एकोहोरो शंख बजाउनु पर्दछ । नारायणको हातमा शंख भएको हुनाले उहाँले समय समयमा फुक्ने भै देवताहरुले सुनिरहेका हुनाले देवताको आकर्षण हुनगै मृतकले सद्गति पाउन सकोस् भन्नाकालागि लावा फूल अविर धुप, पैसा छर्दै लगिनु पर्दछ । घाटमा पुऱ्याई ब्रह्मनालमा राखी व्रम्हनालको जल खुवाई शिरदेखि पैतालासम्म श्रीखण्डले लिपी आफन्तसमेतभै परिक्रमा गरी लासलाई चितामा राख्नु पर्दछ ।

मृतक घोषणा भैसकेपछि, लासलाई अगाडि उल्लेख गरिए बमोजिमका सबै कार्यहरु गराइसकेपछि सो लाई घाटमा लगि जलाउनको लागि चित्ताबनाइनेछ र लासलाई सो बनाइराखेको चित्तामाथि राखिनको लागि चित्ताको परिकमा गराइनेछ, सो परिकमा गराउँदा घाटले लासलाई चिच्याई सोधिरहेको हुनेछ हे ! लास, तिमी कति अन्यायि, अत्याचारि, दूराचारि, पापी रहेका होलाउ

म तिमीहरु जस्तालाई यहाँ कसरि राख्न सक्नेछु पापी दुराचारी भ्रष्टहरुलाई म मेरो आलिङ्गनमा बस्न पाउने छैनौं । गलित र थकित लासले चित्तालाई भन्दछ ! म जस्तोसुकै लोभि, पापि र दुराचारी भएपनि मेरो कर्म र धर्मका भोग गर्ने तत्वहरु म संग अहिले कहाँ छ र ? त्यो त म बाट टाढा भइ सकेको छ । म त मात्र देखिने आकारमा मात्र रहेको छु । तव पु:न घाटले भन्दछ तर पनि अधर्म र कोधले संचालन भएको तिम्रो यो मुढ शरिरमा माथि रहेर मलाई अपवित्र बनाउन नखोज म तिमीलाई यहाँ राख्न र जलन गराउने स्थानंदिन सक्तिन । चाँडो भन्दा चाँडो चित्तामा बसेर जलन गराउन चाहिरहेको सो लासले घाटलाई पु:न अनुरोध गर्दछ म मित्र रहेका सबै कुकर्महरु जे जति थिए मैले भोग गर्ने गरि अर्कै रुप र स्थानमा मेरो भोग शुरु भइसकेको छ तिमीलाइ भेट्न र जलन भई मोक्ष प्राप्त गर्नको लागि मैले जिवनको त्याग गरि मृत्युवरण धारण गरि तिमीमा समर्पण गर्न आएको छु । त्यसैले तिम्रो यो पवित्र स्थलमा मलाई राखी सजिलै जलन गराई दिई मोक्ष प्राप्त हुने बाटो खोलिदिनु हओस मैले तपाईलाई भेट्न आउँदा गर्नु परेको त्याग "मृत्यु" र समर्पणले तपाईको पवित्र स्थललाई सम्मान गर्ने सुअवसर पाएको छु । यसै बिचमा लासको परिकमा सकिन जाने छ र लासलाई जलन गर्न दिइएको चित्ताले सजिलै र चाँडै भष्म खरानी बनाउने छ ।

आगो तृप्ती हुँदैन काठहरुको, ह्रासै मिलेतापनि
भो, भन्दैन लाखन नदी उर्लेर जाँदा पनि
कालो-काल अगाउँदैन कहिले प्राणी निभाइकन
हुन्नन् तृप्त कसैगरि घाटहरुता लासै जलाइकन

(ख) दागबत्ति दिने :

मृतकका श्रीमती, श्रीमान, छोरा, छोरीहरुले मृतकको शरीरलाई आगो लगाई खरानी गराउन दागवत्ति दान गरिने गरिन्छ । शरीर आधी जलीसकेपछि माथि उल्लेख गरिएका व्यक्तिहरुले जौ तिल, चामल, तिल, घिउ, तुलसिपत्र सहितको चरु बनाई मृतकको नामबाट हवन गरी दिनुपर्छ । किनभने लास जलाएको आगोलाई

शुद्ध गर्न हवन गरिएको हो । लासको अन्तिम अवस्थाको शरीरको कपोत प्रमाण (एउटा परेवा) जति मासु निकाली अस्तुको रुपमा पवित्र तिर्थघाटमा लगी सेलाइन्छ किनभने त्यो अस्तुलाई परब्रह्मको रुपमा सेलाउने विधान छ । चीता पखाली चितालाई प्रेतको रुपमा मानी पिण्डदान दिने र छोरा छोरी श्रीमान श्रीमती एवं मलामी समेतले मृतकको नाममा ३६ पटक तिलाञ्जली दिनुपर्दछ । कारण उनी यमपुरीमापुग्दा विभिन्न नरक कुण्डहरुमध्ये मुख्य मुख्य ३६ छन् ती नरकहरुमा पुग्दा पनि यहाँबाट दिइएको जलले ती मृतकलाई भोक, प्यास आदि मेटाउँछ र मुक्ति प्राप्त हुन्छ ।[ग]

२६. जुठो के कति बारिनु पर्छ :

[U]मृतकका दाजु भाइ, नाता र सम्बन्धीहरुले बानुपर्ने अशौच अर्थात् जुठोको विषयमा निम्नासार विवरण प्रस्तुत गरिएको छ ।

(१) सपिण्डिहरुले पुरादिन मतलब तेह्रौ दिनसम्म
सात पुस्ता भित्रकाले मतलब १० औं दिनसम्म
त्यसपछि १४ पुस्ता भित्रकाले मतलव ३ दिनसम्म
त्यसपछि २१ पुस्त भित्रकाले मतलब १ दिनसम्म
त्यसपछि पछाडिका पुस्ताले राम राम भने मात्र पुग्दछ । कुनै जुठो बार्नु पर्दैन ।

(२) छोरी विवाह भएकि मर्दा त तीनै दिन
जुठो लाग्दछ दाजुभाइलाई जानुन् तीन दिन मात्रै पुरा ।

(३) आमा बाबु वितेपछि जहाँ जैले सुने तापनि,
छोराले दश रात्रि नै नियमले असौच बार्नु अनि ।
छोराछोरीहरु ती सबैको कम नचले पनि ।

(४) छोरी विवाहित छ भने दश दिनभित्रै सुने तीन दिन
त्यसदेखिन पछि लाग्छ पक्षिणि भरी जहिले जहाँ नै सुन ।

(५) आमाकै सरि सौतिने जननिको असौच छोरीकन
छोरालाई त लाग्छ दस दिनपछि जहिले पनि तीन दिन ।

(६) मामा माइजु, सौतिने किन नहुन
वार्नु पाँचै दिन पुरा ।

(७) भाञ्जाको पनि वार्नुपर्छ हामीले
दिन त्यै गनिदा तीन पुरा

(८) बाजे मावली तथा बज्यै जो नै भएतापनि,
बार्ने गर्नुपर्दछ हामीले दिन तीनै नै पुरा ।

(९) सासु वा ससुरा जो नै भए त्यो पनि
लाग्ने गर्छ जूठो त्यहाँ तिमीले जान्नु तिनै दिन भनि

(१०) ज्वाइको बारनु मात्र दिन तीन तिमीले
जहाँ भएता पनि

(११) सानिमा, ठूलीमा, फूपुहरु मरे
बारने पुरा पर्दछ त्यो हो के भने जाननु तिमीले
दिन तिन नै गन्नु पर्दछ ।

(१२) साला साली मरे त दिन एक, साना भए स्नान हो ।
(साना भन्नाले कर्म नचलेको)

(१३) आचार्य व्रतबन्ध कर्म गरि जो वेदै पठाइदिने
फेरी मन्त्र सुनाउने त गुरु जी एक भै मान्दा भए
तिनको वार्नु पर्दछ दिन तिन, जहाँ र जहिले मरे ।

(१४) मावली छोरी, वहिनी, दिदी, जीवा र ज्यामा मरे
जो आफ्ना कुल ठानी अन्नजली दिनु
कहाँ कहाँ न टाढा गय

(१५) आमा बाबु र पत्नीको र पतिको सौताहरुको पनि
दश रात्री पछि लाग्छ दश दिन जूठो जहिले सुने तापनि
जूठो लाग्दछ सपिण्ड भाइहरुको सारा जहानैकन
अर्को गोत्र भए त वार्नु उसले जसको छ नाता जुन

२७. मृत्युपछि कस्ताले कहा बास पाउने छन् :

धार्मिक कार्यहरुमा मात्र गरेर पृथ्वीमा बसी आफन्त स्वकालका कारणले अर्थात दैविक लिलाअनुसार हरिको नाम जप्दाजप्तै, भजन गर्दा गर्दै अर्थात् परोपकार पुऱ्याई मतलब अन्य स्वजनहरुको उपकार, भलो हुने कार्य गर्दा-गर्दै प्राण त्याग गरेका मानवहरुलाई श्री नारायणको बासस्थान वैकुण्ठ लोकमा मृत्यु र जन्म हुनै नपर्ने गरी श्री नारायण रहनु भएको स्थानमा आनन्दमय जीवनका साथ रहने जान्छन् । बाँकी भएका अन्य सबै मनुष्यहरुले तल उल्लेख गर्न गइरहेका विभिन्न स्थानहरुमा विभिन्न किसिमले भोगहरु गर्दै-पाउँदै गरेका कर्मअनुसारको यातनारुपी फलकर्म भोगगर्दै कष्टकर दिनहरु व्यथित गर्दै अगाडि बड्नु पर्दछ ।

जस अनुसार पापकर्ममा लागेका दया र धर्म नभएका दुष्टहरुको सङ्गत भएका सत्संगदेखि टाढाभएका आफुलाई नै ठूलो ठान्ने वज्रस्वाँठ धन आदिबाट अहंकारभै राक्षसी मतमा लागेका, काम, भोग, राग द्वेषमा लागी मोहजालमा फसेकाहरुनै दु:ख र कष्ट पाउँदै नरकमा पर्दछन् ।

त्यस्ताको मृत्यु पनि कसरी हुन्छ भने आफ्ना पुत्रादिले घृणापूर्वक दिइएको आहारा खाँदै उत्क्रम वायुले शब्द मन्द भएको गर्दा कफ र खोकिले श्वास प्रश्वास रोकिएको घाँटी घुरघुर गरी आफ्ना इष्टमित्र बान्धवहरुद्वारा ह्वाँ ह्वाँ रोई घेरिएर बसिरहेको अगाडि बोल्ने इच्छा हुँदा बोल्न नसक्ने अवस्थामा मृत्यु हुन्छ ।

बाहिर मृत्यु देखिए पनि होस हराई जड्ता (अज्ञान) प्राप्त भै यमका दूतहरु नजिकै आएपछि प्राणवायु निस्कन लाग्दछ । पीडा र डरले मुखबाट ऱ्याल नाकबाट सिंगान हुँदै दिशा-पिसाब छोड्न थाल्दछ । त्यसैवेला यमका दूतहरुले डोरीले कसेर दु:ख र कष्ट दिँदै कुम्भीपाक, रौख आदि नाम गरिएका नरक पुऱ्याउन भोक-प्यासले व्याकुल घाम, डढेलो र आँधी वेहरीहरुबाट पीडित गराउँदै लगिएको सो मानवलाई दूतहरुले अझ विच-विचमा कोर्राबाट हिर्काउँदा चिच्याहट गर्दै आफूलेगरेका नराम्रा कर्महरु सम्भदै चिच्याई-चिच्याई रुँदछ तर त्यतिवेला उसँग सहयोग गर्ने आफन्त नदेख्दा

दुःखिभई बाटोमा मूर्च्छा परेको हुन्छ। त्यसै बेलामा उस्का सन्तानले दिइएको पिण्डदान देखेर हतारिएर समात्न खोज्दछ बल्ल-बल्ल पाएको सो पिण्डदानबाट उसको कष्टकर क्षण केहि सजिलो भएको उसले महसुस गर्छ।

२८. पिण्डदान किन गरिन्छ :

(V)यसरी आफ्ना सन्तानले दिइएको पिण्ड पाएर उसलाई चाँडो भन्दा चाँडो ती विभिन्न पापका कुण्डहरुबाट छिटो छिटो मुक्ति पाउन सहयोग हुन्छ। त्यसैले पनि दश दिनसम्म पिण्ड दान गर्ने धार्मिक परम्परा रहँदै आएको छ।

यसरी दिइएको पिण्डको कुन कुन दिनले के के हुन्छ र प्रेतात्माले के कति पाउँदछन भने प्रत्येक दिन दिइएको पिण्डको चार भाग लगाइन्छ जसमध्ये दुई भाग पञ्चमहाभूत (पृथ्वी, अष, तैज, वायु, आकाश) लाई जान्छ जुन पञ्चमहाभूतद्वारा देहको पुष्टि हुन्छ। तेश्रो भाग यमदूतहरुका निमित्त जान्छ। (उनीहरुलाई सजिलो किसिमले धेरै यातना नदिई भोग गर्न लगाइदेउ भन्नाका खातिर) चौथो भागमात्र सो प्रेतले भोग गर्न पाउँदछ।

त्यसै गरी पहिलो दिन दिएको पिण्डले शिर बन्दछ। दोश्रो दिनकोले गला र काँध बन्दछ। तेश्रो दिनकोले हृदय वन्दछ। चौथो दिनकाले पिठ्यूँ बन्दछ। पाँचौ दिनकोले नाभि। छैठौं दिनकाले कम्मर गुह्य, लिङ्ग, भग, गुदा र सवै ठाउँका मासु। सातौ दिनकाले जाघ बन्दछ। आठौं दिनकाले घुँडा र नवौं दिनकाले पाउ बन्दछन्।

यसरी शरीरका सम्पूर्ण अङ्ग पूर्ण भईसकेपछि दशौं दिनमा दिइएको पिण्डले भोक प्यास उत्पन्न गराउँदछ। दशौं दिनमा दिइएको पिण्डले भोक प्यास उत्पन्न गराउँदछ। यसरी शरीर भोक प्यास आदि प्राप्त भइसकेको प्रेत एघारौं र बाह्रौं दिनमा दिइएको पिण्ड खाई आनन्दको अनुभव गर्दछ। शरीर प्राप्त भैसकेको सो देहलाई यमका दूतहरुले बाँधेर प्रत्येक दिन १००० किमिको बेगमा दौडाइ लादछन्। यसरी उसले ५०० हजार किमिसम्म पारगर्नु पर्ने हुन्छ। पापी व्यक्ति यति लामो बाटो पार गर्दा विभिन्न १६ शहर १)

सौम्यपुर २) सौरिपुर ३) नगेन्द्रभवन ४) गन्धर्व ५)शैलागम ६) क्रौञ्चपुर ७) क्रुरपुर ८) विचित्रभवन ९) बह्वापद १०) दु:खदपुर ११) नानाक्रन्दपुर १२) सुषुप्तभवन १३) रौद्रनगर १४) पूयोवर्षणपुर १५) शितोदयपुर र १६) बहुभीतिनगर ।

यी माथिका शहरहरुका आ- आफ्नै विशेषता र महत्व छन् । कहिं दु:ख र कष्ट शिवाय केहि पाइँदैन भने कहिं केहिछिनकोलागि आरामीको अनुभूति पनि देखिन्छ ।

साह्रै दुष्ट र पापीहरुलाई ती यमराजका दूतहरुले बाटा-बाटामा बहुला कुकुरहरुबाट टोकाउँदै हिंस्रक जनावरहरुबाट लखेटाई चिथोर्न लगाउँदै बाटामा ठूला- ठूला पर्वतका भिरबाट चट्टानमा पछार्दै संसारमा भएका हत्या हिंसा काटमारको रगतको र सडेका पोलियका आदिहरुका पीपहरुबाट जम्मा भएका रगत र पीपका कुण्डहरुमा डुवाउदै कहिँ उमालेको तातो तेलमा भने कहिँ पीपमा डुवाउदै धुवाँ, गन्ध आदिका गन्धहरुले गर्दा जीवलाई नै नचिनिने, शरीर टुटेको, फुटेको कहिँ मासु नभएको शरीर क्षत-विक्षत भएको अवस्थामा यमराजको पापीहरुको खाताहरु हेर्ने ठाउमा पुऱ्याइन्छ र त्यहाँ पनि पिट्दै, चिथोर्दै सोधखोज गरिन्छ र त्यहाँबाट सो जीवको पापक्रिया व्यतित भैसकेको भए सुगम मार्ग र कर्मफलतर्फ लगिन्छ नत्रभने उस्लाई पुन: त्यस्ता कैयौं कठिन दु:खमार्गतर्फ अगाडी बढाइन्छ । यातना र वर्वरता सहन गरी आफूले मनुष्य भएर कुनै पनि असल राम्रा उपकारी कार्य गर्न नसकेकोले ती काला मोटा स्वाठहरुका प्रत्येक वोलीका वचनरुपी बाँणहरुले चसक्क गराउँदै दिइएको यातनाका विचबाट आफ्ना पुत्र र भाइ आदिलाई सम्झन्छ र धन, सम्पदाहरुलाई संझन पुग्दछ । आफुले कल्याणकारी कार्यहरु र ईश्वरीय भक्तिभावप्रतिको समर्पणतर्फ समय दिन नसकेकोमा सम्झी- संझी मुर्छा परी बेहोश अवस्थामा हुन्छ ।

यस्तै अवस्थामा पीप र तातो रगतको कुण्ड (देख्दैमा डरले थरथर कम्पन हुने) मा डुवाइन्छ आफ्ना छोराहरुलाई सम्झदा-सम्झदा मासिकरुपमा दिइएको पिण्ड खाएर सौम्यपुरबाट सौरिपुरमा

उ पुग्दछ त्यहाँ जङ्गमनामका राजाले राज्य गर्दछन उनको यातना र व्यवहारबाट डराएर चिच्याउँछ सो कसैले सुन्दैनन् र त्यहाँबाट अगाडि बढाउदा त्रैपाक्षिक पिण्ड पाउँदछ र नगेन्द्र नाम गरेको शहरमा प्रवेश गर्दछ । दुई महिना पछि त्यहाँबाट अगाडि बढाई तेस्रो महिनाको पिण्ड खाएर गन्धर्व नगरबाट अगाडि बढ्दछ यसैगरी चौथो महिनामा शैलागमनगरमा प्रवेश गरी चौमासिक पिण्ड पाउन सक्तछ । त्यहाँबाट अगाडीबढी पाँचौं महिनामा क्रौञ्चपुरमा पुग्दछ । त्यहाँ आफुले गरेको दान आदि मात्र प्राप्त गरेको खाई बस्दछ । त्यहाँबाट पाँचौ मासिक पिण्ड खाई क्रुरपुरमा पुग्दछ । त्यहाँबाट अगाडि चित्रभवन नाम गरेको शहरमा पुग्दछ त्यहाँ मोटा डर लाग्दा यमराजका भाई विचित राज्य गर्दछन् । उनको डर लाग्दो चरित्र देखी जब भाग्न लाग्दछ यमदूतका माझीहरु आई सो प्रेतरुपी देहलाई भन्नेछन् हामी डुङ्गा लिई वैतरणी नाम गरेको नदी तार्नकालागि आएका छौं तिमीले दानगरेको भए यो तर्न सक्ने छौ । दान दिनाले मात्र तरिने हुनाले तत्वद्रष्टा भएका मुनिहरुले यो नदीको नामै वैतरणी राखीएको हो "वै = निश्चयेन दानादेव तीर्थते सा वैतरणी" गाइको दान गरेका भए (गाईको दान किन भनिएको हो भने यिनको दूध, पुत्र, गोवर पवित्र मानिन्छन र यी उपकारी भएकोले भनिएको हो) सजिलै सो नदी पार गर्न सकिनेछ नत्रभने ती यमका माझीहरुले त्यहि नदीमा खसालिदिन्छन् र सो खसालिएको ठाउको नदी भक-भक उम्लिरहेको छ र त्यस्तैमा सो प्रेतरुपी देहलाई वल्छीमा परेको माछाभैं तान्दै सो नदीपार गराइन्छ ।

छैठौं महिनाको पिण्ड प्राप्त भएपछि एकैछिन आरम पाई अगाडि वढ्नु नै पर्नेहुन्छ । यातना र कष्टपाई अगाडि बढेको उ रोइकराई विलाप गरिरहन्छ । ***सातौं महिनाको पिण्ड*** प्राप्त गर्न ब्रह्मापदनगरमा पुग्दछ । ***आठौं महिनामा दिइएको पिण्ड*** खाएर ***नवौं महिनाको पिण्ड पाउन*** उ नानाक्रन्द पुरमा पुग्दछ र त्यो प्रेत सो शहरलाई छोडेर उ ***दशौं महिनाको पिण्ड प्राप्त गर्न*** सुषुप्तभवन शहरमा पुगेको हुनेछ । त्यहापनि विभिन्न कष्टकर यातना भोगगरी ***एघारौं महिनाको पिण्ड पाउन*** उ रौद्रपुरमा पुगेको हुन्छ । ***यसैगरी***

एघारौं महिनामा पयोवर्षण नगरमा पुगेको हुन्छ र त्यहाँ मेघ, वायु आदिबाट उस्ले यातना पाइरहन्छ र *बाह्रौं महिनामा शीताद्य* वाशीताढ्यनाम गरेको शहरमा पुग्छ त्यहाँ ऊ भोग र प्यासले पीडित हुनुका साथै हिउँभन्दा सयौंगुणा (६०° से. सम्मको) ठण्डाले थरथर काँपी मूर्च्छित हुन्छ तर उसले त्यसवेला पाएको *वार्षिक पिण्डले केही आनन्द दिन्छ* र ऊ त्यसवेलासम्म बहुभीति नगरमा पुगेको हुन्छ । कर्मभोग गर्न वायुरुपी शरीर पाएर यमदूतहरुसँग उ यमलोक जानेछ । यमलोकका चार ढोकाहरु रहेका छन् । चारै ढोकामा वसेर चौकीदारी गरिबसेका पहरेद्वारहरु कडाइकासाथ पहरादिइरहेका हुन्छन् किनकि त्यस ढोकाबाट कतै कसैगरी पनि पापीहरु छिर्न रोकिउन ।

माथि उल्लेख गरिएको सो बहुभीति शहर अगाडि ठूलो चवालीस योजनको धर्मराज नगर रहेको छ जहाँ पुगेपछि पापीहरु हाँ-हाँ, अइया- अइया गरी चिच्याँउछन् । सो हल्लाले यमराजका आठपहरियाहरु पापी आइपुगेको ढोकेलाई सुनाउँछन सो ढोकेले चित्रगुप्तलाई सुनाउन पुग्दछन र चित्रगुप्त ती पापीहरुका सबै कर्महरुको भलिभाँती यमराजलाई जाहेरी गर्दछन् । त्यस्ता जाहेरी गरिएका जीवहरुको सूर्य, चन्द्र, आकाश, भूमि, जल, आत्मा साक्षी राखी उनीहरुका पापधर्मको लेखाजोखा गरी कष्टकर दंण्ड दिन थाल्दछन् र नरगतर्फ पठाइन्छन् जहाँ विभिन्न कष्टकर चौरासी लाख नरकहरु रहेका छन्, आ- आफ्नो पापकर्म अनुसार त्यहाँ भोगगरिरहनुपर्दछ ।

२९. चार यूग र ति यूगका प्रवर्तकहरू :

(W)परमेश्वर श्री नारायणको परिकल्पना अनुसार सृष्टि गराइनु भएका श्री ब्रह्माजी र श्री ब्रह्माजीले पाउनु भएको अधिकार प्रत्यायोजन अनुसार चार युगको निर्माण गराइयो प्रथम युग सत्ययुगको नामबाट चिनाइयो जस्को समय ३४५६००० वर्ष भयो उक्त समयमा सत्य न्यायपूर्ण काम गराइन्थ्यो र गरिन्थ्यो किनभने बाँकी युगकोलागि सन्देशवाहक नेतृत्व युगको रुपमा त्यस युगले कार्य गर्नुपर्दथ्यो ।

त्यस युगमा श्री नारायणले पृथ्वीमा सृष्टि कार्यक्रम रीतिथिति, संस्कार, पालनपोषण र आहार विहार आदिको निर्माण संचालन गरिँदै व्यतीत हुनगयो ।

यसैगरी दोस्रो युगका त्रेताको नामबाट चिनाइयो जस्को आयु १७२८००० वर्ष भयो । उक्त समयमा सत्ययुगबाट बनाइएको नियम रीतिथिति, संस्कार र रिवाजको तोडफोड उच्छ्रृंखलता, अराजकता गर्नेलाई दण्ड- जरिवाना समाप्त गरी सफा र संस्कारयुक्त समाज निर्माण र विकाशकोलागि उत्प्रेरक गराइयो वैकुण्ठबासी नारायणको रुपमा श्री राम प्रकट हुनपुग्नु भयो ।

यसैगरी तेस्रो युगको नाम द्वापरयुगको नाममा चिनाइयो यसको आयु जम्मा ८६४००० वर्ष भयो उक्त युगमा सत्ययुगले निर्माण गरिएका त्रेतायुगमा तोडफोड गर्नेलाई सजाय दिई आएता पनि मानवसृष्टि अत्याधिक बृद्धि हुनगई दानवीय कार्यहरु बढ्न गएकोले, समाजलाई निर्मल र मर्यादाक्रममा राख्न बढि मेहनत गर्नुपर्‍यो घमण्डताले उग्रता प्रकट गर्न पुग्यो । ति रीतिथिति थाल्यो यसै युगमा श्री नारायणको रुपमा श्री कृष्णको उदय हुन पुग्यो र उहाँले यी साह्रा विकृतिलाई कर्म, भक्ति र प्रेममार्गबाट सुसंस्कारको रीतिथितिको व्यवस्था मिलाउनुभयो । हाल चलिरहेको युग कलियुग छ र यसको आयु ४३२००० वर्षसम्म रहनेछ यसयुगमा मानव सृष्टि अत्याधिक बढ्नेछ । सत्य त्रेता र द्वापर युगले स्थापना गरिआएका र मानिआएका सबै पद्धतिलाई तोडफोड केरमेट गरिने र मानिस मात्र नभएर सम्पूर्ण प्राणीमा उच्छ्रृङ्खलता, उत्तेजना र विनाशकारी शक्तिहरुको उदय हुनेछ र विनाशकारीहरु बढ्नेछन्, सत्य न्यायमा ह्रास आउनेछ । यस युगमा कल्की भगवान नारायाणको प्रतिनिधिको रुपमा आइंसकेकाछन् र त्यस्ता असत्यी, फटाहा, अन्यायी क्रुरहरुलाई आफूसँग भएको तरवारबाट विनास गराउनेछन् तर अन्तमा ठूलो विनाश र विकालसंगै सत्य, न्याय, धर्म, भक्ति, प्रेमतर्फको आकर्षण बढ्न जानेछ र क्रमश: सत्ययुगले पाइला टेक्नेछ । आजकल देखिँदै आइरहेको पनि छ । आजभन्दा २५- ३० वर्ष अगाडीसम्म पनि भगवानको भक्तिकार्य वेद, भागवतपाठ, पुराणप्रवचन देख्न सुन्न कमै पाइन्थे तर आज प्रत्येक

टोलटोलमा यी दैनिक सुन्न पाइरहेको छ र मठ-मन्दिर, सेवा-सुसार, दान-धर्म, पाठ-जप धेरै निर्माण र विस्तार भइरहेको देखिरहेका छौ ।

अव मृतक अथवा पितृलाई दिने पिण्डसम्बन्धी बुझ्न अगाडि बढ्नु आवश्यक देख्दछु जसमा हामी हाम्रा पितृहरुलाई वार्षिक तीन पल्ट श्राद्ध गरी पिण्ड दान गर्दछौं । हाम्रो वर्षदिन पितृलोकमा त्यो एक दिन हुनजानेछ सालमा हामीले तीन पल्ट दिइएको पिण्डले, तर्पण, पितृहरुलाई विहान दिउसो र साँझको भोजन हुनजान्छ । एकोदिष्ट श्राद्धगरी दिइएको पिण्डले विहानीकोलागि भोजन हुन्छ महालय श्राद्ध अर्थात् सोह्र श्राद्धमा दिइएको पिण्डले रात्रीको भोजन प्राप्त प्राप्त हुन्छ । ती भने तीर्थ श्राद्धमा दिइएको पिण्डले दिनको नास्ताका रुपमा पितृले प्राप्त गर्दछन् ।

अघि उल्लेख गरिएको यमराजका दरबारका चार ढोकामध्ये पापी दुष्टहरु दक्षिण ढोकाबाट नरकमा जाँदछन् भने पुण्य गर्ने पुण्यात्माहरु पूर्व-पश्चिम र उत्तरका ढोकाबाट धर्मराजका नगरमा प्रवेश पाउँदछन् । अव धर्म कसरी के गर्दा हुनजान्छ ? र के कस्ता कर्म गरिँदा नरकलोकमा नपरी स्वर्गमा रहन पाइने छ भन्ने सम्बन्धमा- जो गरिब, कमजोर असहायलाई सहयोग गर्दछ, नरम स्वभाव प्रकट गर्दछ, भोका र प्यासलाई अन्न र पानीबाट तृप्ति गराउँदछ साथै सके आफैले नसक्ने भएमा आफ्नो छोराद्वारा नै भएपनि विष्णु सहस्रनामको पाठगर्दछ त्यस्ता मानिसहरु केहि कुकर्म गरेका भएपनि केहि नरकको भोगगरी देवताहरुसँग राम्रो सत्सङ्ग सहित स्वर्गमा रहन्छन् ।

३0. कस्ता कर्म गर्नेले कहाँ रहन पाउनेछन् :

जसरि बहेकी गंगामा गएर विभिन्न घर गाउँटोलका मानिसहरुले आ-आफ्ना घैला र गाग्रा लिएर आ-आफ्ना किसिमले उपभोग गर्न पकाउन धन्धा सफागर्न सिंचित गराउन धुनकोलागि पानी भर्न र लिन भिड लागी केहि समय एकैठाउ रही कुराकानी समेत गरिरहेका हुन्छन् । अथवा विभिन्न स्थानबाट विभिन्न स्थानमा

भिन्न भिन्न सरसामानहरुका हलुका गह्रुंगा भारीहरु वोकेर रात्रीको अवस्थामा वास वस्नकोलागि पाटी, पौवामा जम्मा हुनेगर्छन् र आ-आफ्ना सामलहरुबाट आ-आफ्ना इच्छा बमोजिमका खाना र विसानाहरु तयार गर्न लाग्दछन सो अवस्थामा वोलाइने शब्द गरिने व्यवहारहरु सहयोगी पनि हुन्छन् वियोगी पनि हुन्छन्, प्रेम सद्‌भाव पनि पाउँछन् घृणा र द्वेषपनि भेटाउँछन् र वाँकि समय सकुसल तथा दुःखेसोसँग विताई विहान हुन नपाउदै आआफ्ना सरसमानहरुका भारीहरु बोकेर आ-आफ्ना गन्तव्य स्थलतर्फ लागिरहेका हामीहरुले देखिरहेका छौं । त्यसै किसिमले केहि समयसम्मकोलागि मात्र बाबु, आमा, छोरा, छोरी, पति, पत्नीको रुपमा देखिएका हुन तसर्थ यी सबै केहि त हुन पूर्ण भने होइनन् भन्ने बुझी दुःख र कष्ट पार्नेगरि कसैसँग व्यवहार नदेखाई दान धर्म सहयोग, प्रेम भक्ति आदि किसिमको व्यवहार भएका व्यक्तिहरु आफ्नो मृत्यु पश्चात् हाँस्दै र रमाउँदै यमलोकमा पापीहरुले भोगगर्नुपर्ने परिरहेको सबै दृश्यहरु हेर्दै सत्मार्गको आश्रम बैकुण्ठमा आनन्दसँग वस्न पाउँदछन् ।

भनिएको छ :

यथा नद्यः स्यन्दमानाः समुद्रेऽस्तं गच्छन्ति नामरुपे विहाय ।
तथा विद्वान् नामरुपाद् विमुक्तः परात्परं पुरुषमुपैति दिव्यम् ॥

जसरी बगिरहेका नदीहरु आफ्ना नाम विलय गर्दै समुद्रमा प्रवेश गरिरहेका हुन्छन् । त्यसैगरी ज्ञानी महात्मा नामहरु भुल्दै विर्सदै परमात्मालाई प्राप्त गरिरहेका हुन्छन्, त्यस्ता परब्रह्म परमात्मालाई जान्नेवालाहरु ब्रह्मनै हुनेछन् त्यस्ताका कुलमानै ब्रह्म नबुझ्ने भेटिँदैनन् । ती महात्माहरु शोक, पाप, रापबाट मुक्ति पाउँछन् हृदयको गाँठोबाट अलगिएर अमृतमय बन्दछन् अर्थात जन्म र मरणको अवस्था देखि परह्मस्वरुपमा रहन्छन् ।

मानिसहरुलाई यसरी मूल्याङ्कन गरेको छ त्यो के हो भने :-

अधमा धनमिच्छन्हि धनं मानं च मध्यमाः ।
उत्तमा मानमिच्छन्ति मानो हि महतां धनम् ॥

धनको मात्र इच्छा गरी दुःख कष्ट यातना दिई धन जम्मा मात्र गर्ने वृत्ति भएको अधम मानिस कहलिने छ भने लोभलालच उत्पन्नभई उत्पीडन र षड्यन्त्रपूर्वक धन र मान चाहने व्यक्तिलाई मध्यम मानिन्छ भने सरल, सहयोगी उपकारी प्रवृत्ति भई मानको अभिलाषा राख्ने मानव नै उत्तम कहलिएको छ । यस्ता उल्लेख भएका मानिसहरुका बस्ने, वोल्ने संस्कार पनि क्रमशः आ- आफ्नै क्रुर, दमन र कृपालु रुपमा देखिन पाइने छ ।

हेर ! हामीहरु पृथ्वीका प्राणीमध्येका सर्वोत्तम मानवजातिनै हौं तथापि विभिन्न कारणवश हामीले राम्रा नराम्रा जेजस्ता कार्यहरु गरेतापनि धर्मराजकहाँ सबै क्रियाकलापहरुको सम्झाई- सम्झाई ती ती सोधिएका प्रश्नहरुको जवाफ दिनुपर्नेछ र यातना वा पुरस्कारको भोगगर्नु पर्नेछ ।

द्यौर्भूमिरापो हृदयं चन्द्रार्काग्निर्यमानिलाः ।
रात्रि सन्ध्ये च धर्मश्च वृत्तज्ञाः सर्वदेहिनाम् ॥

अर्थात द्युलोक, पृथ्वी, जल, अग्नि, हृदयमा प्रतिष्ठित भएका आत्मा सूर्य, चन्द्र, वायु, यम, रात्री तथा सन्ध्या यी सवैले आफूले गरेका कुकर्म र सुकर्महरु हेरिरहेका हुन्छन् ।

जाल, झेल, षडयन्त्र, पदको दुरुपयोग, धम्की, प्रलोभन आदिबाट जे जसरि पनि भोग, विलासता सम्पन्नता प्राप्त गर्ने चेष्टागरी प्राप्त गरेतापनि यी माथिका प्रत्येक अलौकिक शक्ति भएकाहरुले देखिरहेका सबै व्यवहारलाई त्यस ठाउँमा आफू एक्लैले दिनुपर्ने जवाफ र पाइ भोग्नुपरेका यातनामा तिम्रा कोहि पनि त्यहाँ उपस्थिति भएर तिमिलाई सहयोग गर्न सक्ने छैनन् सहभागि हुने छैन । त्यसैलेः-

इह चेदवेदीदथ सत्यमस्ति
न चेदिहावेदीन्महतो विनष्टिः ।
भूतेषु भूतेषु विचिन्त्य धीराः
प्रेत्यास्माल्लोकादमृता भवन्ति ॥

तथा यसै जन्ममा हामीले परमेश्वर अथवा ब्रह्मालाई चिन्न सकिए त ठिकै छ नत्रभने हामीलाई ठूलो हानी हुनेछ । बुद्धिमान, ज्ञानी मानिसहरु यसलाई समस्त प्राणीमात्रमा उपलब्ध हुने गरी यस लोक़बाट गइसकेपछि अमृतत्व प्राप्त गर्दछन् ।

३१. बस्तुको आवश्कयता :

(x)अब हामीलाई केहि भन्न र प्रश्न गर्न पनि मन लाग्न सक्दछ त्यो के भने हामीले भोजन किन गर्नुपर्दछ ? पानी किन पिउन पर्दछ ? सुत्न किन आवश्यकता पर्दछ ? सास किन फेर्नु पर्दछ ? र ईश्वरलाई किन मान्नु पर्दछ ?

भोकको कष्ट र पीडाले हामीलाई भोजन गर्न बाध्य बनाउदछ । प्यासका कारणले पानी पिउन विवस पार्दछ, थकाइका कारणले सुत्न आवश्यक बन्दछ, जीवन सास फेर्न विवस पार्दछ । यस्तै विवस र वाध्यताबाट प्राप्त भएको दुःख कष्टहरुको अनुभव र उपस्थितिलाई स्वीकार तथा अङ्गीकार गरी सत्मार्गी भई मुक्तिमार्गको बाटोलाई फराकिलो र सुगम बनाई ईश्वरलाई चिन्न सकेपछि मात्र मोक्ष प्राप्त गर्न सकिनेछ । त्यसैले ईश्वरलाई मान्नुपर्ने देखिन्छ ।

३२. इन्द्रियको उपयोग :

यस रीतले हामी हाम्रा इन्द्रियहरुको उपयोग तीन प्रकारले गरिरहेका हुन्छौं । ती हुन् :-

(१) भोगहरुको तत्वज्ञान मतलव भोगहरुमा केही सुख छ भन्ने कुरा बुझ्नु । अभावताले जति कठिनाई पुर्‍याउँछ भोगले त्यतिनै आनन्दि अनुभव गराउँदछ त्यसैले अभाव महत्वपूर्ण ठानियो किनभने अभावपछि प्राप्त हुने भोगबाट सुखको अनुभूति हुन्छ ।

(२) अरुको सेवाको भाव प्राणीजगतका सवैभन्दा चलाख बुद्धिमानी ठानिएका मानवजातिले पनि जबसम्म अनुकूल र प्रतिकूल वस्तु, तत्वहरुको सम्बन्धी ज्ञान प्राप्त गरेका हुँदैनन् तबसम्म

आफू अथवा अन्यहरुको प्रतिकूल पदार्थ एवं कृपात्याग गरी अनुकूल पदार्थ एवं कृपाद्वारा सेवा गर्न कठिनाइ परेको हुन्छ । यस्तो सेवा प्रदान गर्न चाहँदा सेवा गर्नुपर्ने वस्तुलाई व्यष्टिको नसम्झी समष्टिको सम्झनु पर्दछ जसबाट तिनीहरुप्रति भएको उसको ममता तथा आसक्तिको बन्धनबाट मुक्त हुन जान्छ । जबसम्म यी ममता तथा आसक्ति रहन्छ तबसम्म अनुकूलता एवं प्रतिकूलताको द्वन्द्व बढिरहन्छ ।

(३) शरीर निर्वाहकृया मतलव लोभ, पाप, राग, द्वेष रहित भै विषयहरुको सेवन गर्नु । यस किसिमका राग द्वेष आदिको चिन्तन गर्नाले मानव पतनतर्फ अगाडि बढ्दछ । किनकि यस्तो प्रवृत्तिले हृदयमा आसक्ति पैदा हुन जान्छ र यस्ता आसक्ति वृद्धिले विनासलाई स्वागत गरिरहेको हुन्छ ।

अभिवादनशीलस्य नित्यं बृद्धोपसेविनः ।
चत्वारि सम्प्रबन्धते आयुर्विद्या यशो वधन्ते : ॥

जो नरम स्वभावले जो कसैको त्यसमा पनि कमजोरको सेवा गर्दछ त्यस्ता मानिसहरुको चार कुराहरुले सम्पन्नता हुन्छ । ती हुन् आयु, विद्या, यश र वल अर्थात मनोवल । नरम स्वभावले सेवा गर्नेको सत्त्वगुण वृद्धि हुन्छ जसबाट आयुवृद्धि, यशोवृद्धि, विद्यावृद्धि भई मनोवल वृद्धि हुनेछ । रजोगुणी अभिमानी, घमण्डीहरुको शारीरिक वल देखिएता पनि सो उपयोग गर्ने शक्ति हुँदैन । धेरै अनिष्टकारी हुन्छ । सत्यता, आस्तिकता दृढनिश्चय सत्यप्रतिज्ञारुप वलनै उपासनाका सहायक हुन्छन् र यस्ता वल र बुद्धिले युक्तभै श्रद्धाको सिञ्चनगरी भक्तिले मात्रै ईश्वरीय मार्ग भेटाउन पाइन्छ ।

३३. ज्ञानी र दयालुको संगतबाट हुने परिवर्तन :

(४)एक दिन राजा विश्वामित्र आफ्ना सेनाका दलवल सहित महर्षि वसिष्ठकहाँ आइपुगेछन् । राजा आएको देखेर महर्षिले स्वागत गरी आफ्नो आश्रममा राखी आफूसँगै भएकी नन्दिनी नाम गाई समेतको दूधबाट बनाइएको भिन्न भिन्न मिष्ठान्नहरुबाट भोजन

गराई विभिन्न रत्न आभूषणहरु दिई आफ्ना अतिथिहरुको विदाइ गरिरहेका थिए राजा अरु सबैभन्दा महर्षिकी नन्दिनी गाइपट्टि ध्यान डुलाइरहेकाथिए र उनले ती गाई आफूकहाँ लानको लागि महर्षिसँग माँगे तर महर्षिले उनलाई दिन इन्कार गर्दै भने– राजन यी गाइलाई मैले यज्ञ, दान, पाहुना, देवता र पितृगणहरुलाई तृप्ति गराउनकालागि राखेको हुँ यिनको अनुपस्थितिमा सो कार्य गर्न मैले सक्ने छैन त्यसैले म यहाँलाई यी गाई टक्राउन सक्दिन । विश्वामित्र सेनासहित भएकाले उनका सेनाले लाठी वर्षाउँदै दाम्लोबाट ती गाइलाई तान्नथाले, गाई जान चाहिनन् । उनले वसिष्ठलाई रुँदै सोधिन म के गरौं ? वसिष्ठले भने तिम्रो इच्छा । नन्दिनी गाईले भनिन् महर्षि तपाईको इच्छा पठाउने छैन भने मलाई कसैले लान सक्ने छैन । महर्षि दुखी भए गाईलाई हेरिरहे । तव नन्दिनीले रौद्ररुप धारण गरिन् र आगोको ज्वाला निकाल्दै सैनिकतर्फ लागिन् डडिने र पोलिने डरले डराएका सबै सैनिकहरु त्यहाँबाट भागे । विश्वामित्र आफैको सुरक्षा गर्ने सैनिक पनि कोहि भएनन् उनी छक्कपरे ।

विश्वामित्र महर्षि वशिष्ठदेखि भित्रभित्रै साह्रै रिसाएका थिए । त्यसैले उनले श्रापबाट राक्षस बन्न पुगेका कल्माषपादलाई अह्राई वसिष्ठका सबै छोरा मार्न लगाए र धिक्कार ठाने आफ्नो राजकीय शक्तिलाई त्यसैले उनले राजगद्दी त्यागी कैयौं वर्ष कठिन तप गरी हुँदै ब्रह्मश्री बन्न पुगे ।

त्यसपछि मात्र विश्वामित्रले बुझे महर्षि वसिष्ठ र गाई नन्दिनीको प्रेम र सेवा एवं ज्ञानी कति सरल र क्षमादायी हुनेरहेछन् भनेर यदि महर्षि क्षमावान नभैदिएको भए महर्षि वसिष्ठले विश्वामित्रलाई पहिले नै निमिट्यान्न पारिसक्थे महर्षि वसिष्ठबाट उनका छोराहरुलाई अन्यायपूर्ण विछोड गराइदिँदा पनि र सेवामा समर्पित भएकी नन्दिनीलाई तड्पडाउदै छुट्याउन खोज्दापनि संयम र क्षमा भइदिएकाले नै मैले यस्तो ज्ञान प्राप्त गरेर आज ब्रह्मश्रीसम्म हुने सौभाग्य पाएँ त्यसैले दया र क्षमाले म जस्ता घमण्डीलाई पनि परिवर्तन गराई सच्चा, चरित्रवान बनाउदै परमेश्वरको नजिक पुग्ने सौभाग्य प्राप्त भयो । त्यसैले सरल, दया,

क्षमा र संयमता, सहयोगी भावनाले सृष्टिका सबै प्राणीलाई ज्ञानी र सक्षमता बनाई हाँसी- हाँसी रमाउने वातावरण वनाइरहन सक्दछौं ।

३४. आपतकालमा पुऱ्याउनु पर्ने विचार :

दिनहरुका राम्रा पक्ष सिद्धिगइरहेको अवस्थामा नराम्रा र कुविचारहरु पैदा हुन जाने छन् र पद्धति मान्यताको प्रभाव डगमगाउनेछ । राजा दशरथ दरवारभित्र मात्रै नभएर उनका समकालिनहरु भन्दा प्रतिष्ठा र न्यायकालागि उच्च मानिएका थिए । धेरै रानीहरु र पुत्रहरु भएतापनि उनिहरुका बिचमा साह्रै प्रेम शिष्टता र घनिष्ठता थियो तर त्यसै दरवारभित्र पस्न पुगेकी महत्वाकान्छा बोकेकि दाशिकाको छोटो बिचारमा फस्न पुगेर लोभमा फस्न पुगेकी कैकयीले आफ्ना प्रियपति राजाको प्राणसम्म लिई स्वयं आफू मुमा महारानी बन्न पुगिन र आफ्नै गर्भका छोराले भन्दा माया र श्रद्धा गर्ने पुत्रलाई तथा दरवारमै जिवन बिताई आएकि सुकोमल यूवराज्ञी समेतलाई कष्टकर जिवन बिताउन बाध्य बनाइन् तर पनि आफू आफ्नै पुत्रबाट पनि घृणा र तिरष्कार बनिरहिन । कुन नारीले आफ्नो पुरुषको प्राणलिने सम्म हठगर्न सक्तछन् ? तर लोभका बन्धनमा फसेर उनि कलंकित सम्म बन्न पुगिन । मानिसलाई अप्ठेरो परेको बेलामा बुद्धि पनि मलिन हुन जानेछ ।

संसार बुझेका राम पनि सुनको मृगको जन्म हुन सक्तैन भन्ने सजिलै थाहा पाउन सक्दथे तर सीताको कुरा पत्याई आफ्नी पत्नीको चाहना पुरागर्न आँतुर भई त्यस्का पछि लाग्न पुगे अन्तत् आफ्नी प्रिय पत्नीको हरण समेत भोगी आपत बिपतको सामनासम्म गर्नु पऱ्यो ।

असम्भवः हेम मृगस्य जन्म ।
तथापि रामा लुलुभे मृगाय : ॥
प्राय : समापन्न विपत्ति काले ।
धियोपि पुँसा मलिना भवान्ति ।

त्यसैले यस्ता आपत बिपत, दु:ख कष्ट परेको बेलामा बुद्धिमान ज्ञानी मानसिहरुको बिचार पनि मन्द बन्न पुग्नेछ ।

३५. कस्तालाई सम्झना तथा भेट्ने कामना गर्नु पर्दछ :

१. बिहान आफ्नो बिछ्यौंनाबाट जाग्राम हुने बित्तिकै हामीले आफ्नो गुरुलाई संस्मरण गर्नुपर्नेछ। पृथ्वीमा हाम्रो उपस्थिति भए पश्चात आमाको काख छोड्ने बित्तिकै गुरुबाटै ज्ञान, गुण शिक्षा दिक्षा प्राप्त गर्न सक्यौं र पृथ्वीमा अवतरण भएर हिड डुल गर्न सकेपनि गुरु आश्रममा वसि मानिसले मानवको रुपमा रहन बस्न कोलागि शिक्षा दिक्षा दिनुभै अज्ञानताको मुस्लोलाई आँधि र बेहरिको बेगले झै उडाएर सफा र स्वच्छ बनाइ ज्ञानताले पूर्ण बनाई स्वच्छ सफा र कर्मयोगी बन्ने हौशला प्रदान गर्दै डोऱ्याई हिडाउने संरक्षण पधप्रदर्शक श्री आदरणीय मेरा गुरु म तपाईलाई ब्रह्मा बिष्णु महेश्वर आदि हुँदै परब्रम्ह नै मानेको छु। मेरा त्यस्ता सम्मानिनिय गुरुलाई म नमस्कार गर्दछु।

गुरु ब्रह्मा, गुरु बिष्णु
गुरुदेव महेश्वर
गुरु एक परिंब्रह्मा
तस्मे श्री गुरुभ्य नम :

२. गुरुको संस्मरणपछि हामी आफ्ना अङ्गहरुलाई हेर्न पुगेका हुनेछौं र अनुरोध गर्दछौं दाया हातमा श्री लक्ष्मीको वासरहोस् जसबाट मैले राम्रा कार्य सम्पन्न गर्न सकुँ र दान धर्म सेवामा लगाई रहन जाओस कुहिनो र जिब्रोमा सरस्वतीको वास रहनजाओस मैले सत्य, धर्म, न्याय मिठा कुरा व्यवहार मात्र देखाउन पाउँ, सबैलाई सत्यमार्गको संचालन गर्ने प्रेरणा पाइराखुँ। सृष्टिगर्दा पितामह ब्रह्माजी तपाई को संस्मरण गर्दछु र मेरो कुममा तपाईको उपस्थिति रहोस्।

कराग्रे बसते लक्ष्मी
करमध्ये सरस्वती
करमुले थि तो ब्रह्मा
प्रभाते कर दर्शनम्

३. यसै गरि बिछ्यौनाबाट पृथ्वीमा पैताला राख्ने अवस्थामा अथवा राख्नुभन्दा अगाढि पृथ्वीलाई विनम्रता प्रकट गरिनुपर्दछ कि हे ! माता पृथ्वी सुमद्रै समुद्रैको बिचमा अवस्थित पर्वतमालाहरुले शुसोभित भएकी साक्षात बिष्णुपत्नी लक्ष्मी तिमीमा मैले बिभिन्न कर्मगर्न अगाडी बढेका आफ्ना पैताला तिमीमा राख्दैछु, तिमी कस्ति छ्यौं भने मैले निकालेका पवित्र तथा अपवित्र सबै बस्तुहरुलाई सजिलै लिई सफा स्वस्थ्य बनाई प्रयोग हुन सक्ने अवस्थामा पुऱ्याई शितल शान्त सभ्य बनाई उपहार दिएसरह सबैमा उपलब्ध गराई हाँसी-हाँसि सहयोग गर्न सक्ने क्षमता भएकि तिमी माता पृथ्वीलाई म नमस्कार गर्दछु । तिमीबाटै सृष्टिहुन गएका विभिन्न अपवित्र बस्तुहरु तिमीमा प्रवेश हुँदा पनि शुद्ध र सफा भई बहिरहने र जल तथा सिंचनको प्यासबाट मुक्तबाट दिलाउने गंगा, यमुना, गोदावरी, सिन्धू, कावेरी, वागमती, कोशी र नारायणी नदीहरुबाट स्नानगरि मेरो सरिरलाई स्वच्छ, निर्मल र पवित्र बनाउन पाइरहेको छु ।

समुन्द्रे बसते देवी
पर्वततण्ड मण्डिते
विष्णुपत्नी नमस्तुभ्यम्
पादिपर्ष क्ष्यमस्यमे

४. *उतिष्ठतः जाग्रत प्राप्य वरान् निबोधत ।*
क्षुरस्य धारा निशिता दुरत्यया दुर्गः पन्था कवयो वदन्ति ॥
ॐ शान्ति : शान्ति : शान्ति ।

अर्थात हामीहरु उठी व्यूझेर आफ्नो गन्तव्य कर्मतर्फ अग्रसर भइरहेको अवस्थामा विभिन्न चिज वस्तुहरु देखिन पाइनेछन त्यस्को विचार, अनुभव र ज्ञान हाँसिलगर्नु तर मूर्ख, दुष्ट, चोर, चण्डाल भेटिएमा त्यो सत्यता, इमान्दारीता र पूर्ण जीवनलाईनै छुराको धारले कपाललाई हदैसम्मको नोक्सान पुऱ्याएभैँ पुऱ्याउनेछन् । त्यसैले ती त्यस्ताहरुबाट परैबाट भाग्नु कहिल्यै सङ्गत नगर्नु, ज्ञानी विद्वान तथा सज्जन भेटिनपुगेमा अमूल्य बस्तु ठानी ज्ञान प्राप्तगर्नु

तिनले दूधबाट महि र घिउ छुट्याए झैं राम्रा-राम्रा कुराहरु दिन सक्नेछन ।

शान्तिः शान्तिः शान्तिः ॥

३६. जान्नुपर्ने केही सत्यहरू :

धर्मको चार पाउ मानियका छन ती हुन् :–

सत्य, दया, शान्ति र अहिंसा

सत्यका १२ भेद छन ती हुन् :

अमिथ्यावचनं सत्यं स्वीकारप्रतिपालनभ् । प्रियवाक्यं गुरो : सेवा दृढं चैव व्रतं कृतम ॥ आस्तिक्यं साधुसङ्गश्च पितुर्मातुः प्रियेः । शुचित्वं द्विवधं चैव ह्रीरसञ्चय एव च ॥

मतलवः– झुठो नबोल्नु । सत्यको पालना गर्नु । आफूले स्वीकार गरेको कुराको प्रति पालना गर्नु । मीठो बोली बोल्नु । गुरुको सेवा गर्नु । आफ्नो व्रतलाई शुद्ध बनाउनु । आस्तिक भाव राख्नु । साहुहरुको सङ्गत गर्नु । माता पितालाई प्यारो लाग्ने काम गर्नु । शुद्ध रहनु । आवश्यकतानुसार लज्जा मान्नु । ज्यादा सञ्चय गर्ने काम नगर्नु ।

दया ६ प्रकारका छन

परोपकार । दान । हाँसेर बोल्नु । नम्रता । आफूलाई सानो र समत्वबुद्धि भएको सम्झनु ।

शान्तिको ३० लक्षण छन् । ती हुन :–

कसैमा दोष नदेख्नु । थोरैमा पनि सन्तोष गर्नु । इन्द्रिय संयम । मौनता । देवपूजामा मनलगाउनु । निडरता । गम्भीरता । चित्तको स्थिरता । रुखोपनको अन्त । निर्णय गर्नसक्ने बुद्धि । भोगमा लिप्त नहुनु । अकृत्य कार्यको त्याग । चोरी गर्ने कामबाट टाढा । ब्रम्हचर्य । धैर्य । क्षमा । पाहुनाको सत्कार । जप । होम । तीर्थयात्रा । ज्ञानीको सेवा । मत्सरहीनता । बन्धमोक्षको ज्ञान । सन्यास । भावना । दुःखमा पनि सहिष्णुता । सर्वत्र निःस्प्रिहता । सबैमा समानता । अरुको गुणको कदर

अहिंसाका ७ भाव छन् । ती हुन् :–
अहिंसा त्वासनजयः परपीडाविवर्जनम् ।
श्रद्धा चातिथ्यसेवा च शान्तरुपप्रदर्शनम ॥
आत्मीयता च सर्वत्र आत्मबुद्धिः परात्मसु ।

आसनजय । अर्कालाई मन वचन र शरीरबाट दुःख नपुऱ्याउनु । श्रद्धा । पाहुनाको सत्कार । शान्त भावको व्यवहार । सबैलाई प्रेम देखाउने । तथा अरुको बुद्धिको कदर गने सक्नेहुनु ।

समाप्त

सन्दर्भ सूची

(A) Principle of Biology – By N. Buffaloe and Thronebery

(B) All About Stars – By Anne Terry White

(C) The World of Science – By Jane Werner Watson

(D) सत्य प्रकासनार्थ महर्षि दयानन्द सरस्वती, जीवाणुदेखि मानवसम्म

(E) Evolution Histroy – By A. Taillor,
वैज्ञानिक भौतिकवाद – राहुल सांस्कृतायन

(F) धर्मविज्ञान द्वितीय खण्ड पेज ६,

(G) श्री मद्‌भागवत तृतीय ष्कन्ध - आठौ अध्याय

(H) श्री मद्‌भागवत तृतीय ष्कन्ध - बाह्रौं अध्याय

(I) श्री मद्‌भागवत तृतीय ष्कन्ध - एघारौं अध्याय, ज्योतिष सार

(J) श्री मद्‌भागवत तृतीय ष्कन्ध - वाह्रा अध्याय

(K) श्री मद्‌भागवत षष्ठं ष्कन्ध - छैठौं अध्याय

(L) ब्रम्ह पुराण

(M) श्री मद्‌भागवत नवौ ष्कन्ध - प्रथम अध्याय

(N) श्री मद्‌भागवत षष्ठं ष्कन्ध - सातौ अध्याय

(O) गरुड पुराण

(P) गरुड पुराण छैठौ अध्याय, मद्‌भागवत तृतीय ष्कन्ध तीसौं अध्याय

(Q) योग वषिष्ठ

(R) श्री मद्‌भागवत एकादश ष्कन्ध

(S) गरुड पुराण, प्रेत कल्प एघारौं अध्याय

(T) गरुड पुराण, वाह्रौं अध्याय

(U) आसौच निर्णय पेज १०–१२

(V) गरुड पुराण, हरिवंश पुराण

(W) श्री मद्‌भागवत तत्वविवेचनी हिन्दी टिका

(X) धर्म विज्ञान – द्वितीय खण्ड

(Y) देवी पुराण





लेखक